# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

किरण शाक्यको जन्म वि.सं. १९९७ असोज विजया दशमीको दिनमा कोसी अञ्चल चैनपुर जिल्लाको सङ्खुवासभामा भएको हो । जन्मथलो सङ्खुवासभा भए पनि उनले बाबु, आमा र दाजुहरूसित बाल्यावस्थाका साथै किशोरावस्था मेची अञ्चल ताप्लेजुङमा बिताएकी थिइन भने उनको कर्मथलो काठमाडौं रह्यो । काठमाडौं बसाइकै क्रममा उनले विविध साहित्यिक सिर्जना गरिन् । विविध साहित्यिक विधामा कलम चलाएकी किरणले औपचारिक शिक्षा नलिई आफ्नै स्वअध्ययनबाट प्राप्त ज्ञान र विवेकका कारण नेपाली साहित्यलाई संमृद्ध तुल्याएकी छन् । साहित्यिक क्षेत्रमा लाग्न आफ्ना दाजु जगमोहन शाक्य, सरोजकुमार शाक्य र किशोर शाक्यबाट प्रेरणा पाएकाले शाक्यले सानै उमेरदेखि कथा लेख्न सुरु गरिन् । साहित्यिका विविध पाटाहरूमा कलम चलाएकी शाक्यका हालसम्म प्रकाशित पुस्तकाकारका कृतिहरूमा **बन्धन मुक्त** (२०२०, कथासङ्ग्रह), **दीपमाला** (२०२३, एकाङ्की नाटक) र **उज्यालो भविष्यको पखाइमा** (२०६४, कथासङ्ग्रह) गरी तीनवटा कृति प्रकाशित छन् भने फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा कथा, लेख, निबन्ध, कविता, रचनाहरू पनि उनका प्रकाशित छन् । सानै उमेरदेखि साहित्यमा रुचि देखाउने किरणले २०१२ देखि साहित्य लेखन आरम्भ गरी अहिलेसम्म पनि यसलाई निरन्तरता दिएको पाइन्छ । वि.सं. २०१२ सालदेखि कथा लेख्न सुरु गरे तापनि उनको पहिलो प्रकाशित कथाको रूपमा 'बिर्सेको सम्झना' (२०१४) शर्षकमा पारसमणि प्रधानको सम्पादकत्वमा दार्जलिङबाट निस्कने **भारती** पत्रिकामा प्रकाशिते छ । उनले वि.सं. २०२५ सालमा वैवाहिक जीवन सुरु गरेपछि उनको साहित्यिक जीवन ओझेलमा परे पनि पछिल्लो चरणमा भने उनी निकै सक्रिय भई लागिपरेको देखिन्छ । विवाहपछि साधारण गृहस्थी जीवन बिताएकी श्रीमती किरण शाक्य ( पन्त) ले पारिवारिक समस्या र नेपाली नारीमाथिको परम्परागत दमनका कारण लामो समयसम्म ओझेलमा परिन् । त्यसै कारण उनको कुनै सङ्घसंस्था, पेसा, व्यवसायमा संलग्नता समेत देखिँदैन। हालसम्म पनि साहित्य सिर्जना गर्दै नेपाली साहित्यमा योगदान दिँदै आएकी श्रीमती किरण शाक्य (पन्त) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन यस शोधपत्रमा गरिएको छ ।

## १.२ समस्याकथन

सङ्खुवासभामा जन्मिएकी किरण शाक्य (पन्त) ले साहित्यका विभिन्न विधामा कलम चलाएर आफ्नो साहित्यकार व्यक्तित्वको परिचय दिएकी छिन् । नेपाली साहित्यका क्षेत्रमा लामो समयदेखि साधनारत शाक्य (पन्त) को विषयमा हालसम्म सामान्य टिकाटिप्पणी, चर्चा, परिचर्चा भए पनि उनको बारेमा कुनै ठोस चासो नराखिएको र उनको जीवनवृत्त सहित समग्र कृतिहरूको विस्तृत अध्ययन अनुसन्धान भएको पाइँदैन । अतः निम्न शोधसमस्यामा केन्द्रित रहेर यस शोध लेखन कार्य गरिएको छ :

(क) किरण शाक्य (पन्त) को जीवनीका विभिन्न सन्दर्भहरू के–कस्ता छन् ?

(ख) किरण शाक्य (पन्त) को व्यक्तित्वका के–कस्ता पक्षहरू छन् ?

(ग) किरण शाक्य (पन्त) को कृतित्व के–कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

माथिका समस्याहरूमा केन्द्रित रही साहित्यकार किरण शाक्य (पन्त) को समग्र जीवनी र उनको जीवनमा घटेका विभिन्न घटनाहरू तथा त्यसबाट उनको जीवनमा परेका विविध पक्षहरूको निरूपण गर्नुका साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको स्वरूप पहिलाउनु प्रस्तुत शोध कार्यको उद्देश्य रहेको छ । ती निम्न प्राज्ञिक उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) किरण शाक्य (पन्त) को जीवनीका विभिन्न सन्दर्भको खोजी गर्नु,

(ख) किरण शाक्य (पन्त) को व्यक्तित्वका विविध पक्षहरू पत्ता लगाउनु,

(ग) शाक्य (पन्त) को कृतित्वको बारेमा अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लीला लुइटेलले **नेपाली महिला कथाकार** (२०६०) शीर्षकको पुस्तकमा '२०१४ सालको भारतीमा प्रकाशित 'बिर्सेको सम्झना' शीर्षक कथाका माध्यमबाट पहिलो पटक कथाकारका रूपमा देखापर्ने किरण शाक्यको **बन्धन मुक्त** (२०२०) कथासङ्ग्रह प्रकाशित छ । स्वच्छन्दतावादी प्रवृत्ति पाइने यिनका कथामा समाजमा व्याप्त गरिबी, अशिक्षा, अन्धविश्वास आदिलाई हटाएर चेतनाशील र समतामूलक समाजको निर्माण हुनुपर्ने भावना

अभिव्यक्त गरिएको छ । यिनले देशप्रेम तथा युवा सुलभ भावुक प्रेमको प्रकटीकरण, जातिभेदको विरोध, प्रकृतिका मनोरम पक्षको चित्रण जस्ता विविध सन्दर्भहरूलाई कथात्मक स्वरूप प्रदान गरेकी छन् । यिनका कथाहरूमा पुरानो र नयाँ पुस्ताका बिच वैचारिक द्वन्द्व गराई त्यस द्वन्द्वमा नयाँ पुस्ताको विजय देखाइएको छ । यिनले सरल बोलीचालीको भाषामा वर्णनात्मक ढङ्गले कथा सिर्जना गरेकी छन् .... भन्ने कुरा व्यक्त गरेकी छन् ।

लीला लुइटेलले 'नेपाली नाटकमा महिला लेखन' (**मधुपर्क**, ४४/२, २०६८ असार) शीर्षक लेखमा **किरण शाक्यको दीपमाला** (२०२३) नाटक प्रकाशित छ । ११ दृश्यमा संरचित यस नाटकमा सकारात्मक सोचाइ राख्ने क्रियाशील युवाहरूका क्रियाकलापलाई विषय बनाइएको छ । जीवनमा शिक्षाको आवश्यकतालाई देखाइएको यस नाटकमा युवा वर्ग देशको शक्ति र ऊर्जा हो, युवा वर्ग सक्रिय भएमा देश विकास अवश्य हुन्छ भन्ने भाव अभिव्यञ्जित छ । नेपाली समाजमा क्रमशः परिवर्तन हुँदै गरेका मूल्य मान्यताको प्रस्तुति पाइने यस नाटकमा पुरानो पुस्ता र नयाँ पुस्ता बिचमा पनि द्वन्द्वको संयोजन गरिएको छ र यस द्वन्द्वमा नयाँ पुस्ताको विजयलाई देखाइएको छ । यस नाटकको भाषा पात्रका स्तर अनुरूपको छ' .... भन्ने भाव उल्लेख गरेका छन् ।

## १.५ शोधकार्यको महत्त्व

प्रस्तुत शोधपत्रको माध्यमबाट नेपाली साहित्यमा किरणलाई चिनाउने प्रयास गरिएको छ । साथै उनका कृतिहरूका बारेमा केन्द्रित भई अध्ययन एवम् विश्लेषण गरी त्यसका विषयमा वस्तुगत जानकारी प्राप्त हुनेछ । शोधपत्रको अध्ययनबाट हालसम्म लुप्त र ओझेलमा परेको साहित्यकार किरणको बारेमा जान्न चाहने तथा अन्य अनुसन्धान क्षेत्रमा यसको महत्त्व छ । नेपाली साहित्यको इतिहास लेखनको क्रममा पनि यस शोधपत्रले टेवा पुऱ्याउने छ । यिनै विविध दृष्टिकोणले गर्दा शोधकार्य औचित्यपूर्ण वा महत्त्वपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका विविध विधामा कलम चलाएकी किरण शाक्य (पन्त) को बहुआयामिक व्यक्तित्व देखापर्छ । प्रस्तुत शोधपत्र उनको जीवनी र व्यक्तित्वका बारेमा उल्लेख गर्दै हालसम्म प्रकाशित कृतिहरूको अध्ययन विश्लेषण गर्नु र फुटकर रूपमा प्रकाशित रचनाहरूको परिचय मात्र प्रस्तुत गर्नु यस शोधकार्यको सीमाङ्कन रहेको छ ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा पर्दछन् । शोधप्रस्तावका अङ्गअन्तर्गत आएका ती अवधारणा अनुसार यहाँ तिनीहरूको प्रयोग विधिको उल्लेख गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध किरण शाक्य (पन्त) को जीवनी, व्यक्तित्व र कृतित्वको लेखनका क्रममा आवश्यकता अनुसारका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको यथोचित प्रयोग गरिएको छ । प्रस्तावित शोध लेखनका क्रममा शोधनायिका किरण शाक्य (पन्त), उनको परिवार, साथीभाइहरूबाट प्राप्त र किरण शाक्य (पन्त) का सिर्जनात्मक कृतिहरू प्राथमिक वा मुख्य सामग्रीका रूपमा लिइएका छन् भने उनको विषयमा लेखिएका लेख, रचना द्वितीयक वा सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार ढाँचा

प्रस्तावित शोध समस्याको प्राज्ञिक समाधानका लागि सङ्कलित सामग्रीको अध्ययन विश्लेषणमा जीवनी, व्यक्तित्व र कृतित्व लेखनको सैद्धान्तिक ढाँचा अन्तर्गत रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रलाई सुव्यवस्थित सङ्गठित बनाउन निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिनेछ । साथै आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा छुट्याएर अध्ययन विश्लेषण गरिएको छ :

पहिलो परिच्छेद – शोध परिचय

दोस्रो परिच्छेद – किरण शाक्य (पन्त) को जीवनी

तेस्रो परिच्छेद – किरण शाक्य (पन्त) को व्यक्तित्व

चौथो परिच्छेद – किरण शाक्य (पन्त) को कृतित्वको अध्ययन

पाँचौँ परिच्छेद – उपसंहार तथा निष्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# परिच्छेद दुई
# किरण शाक्य (पन्त) को जीवनी

## २.१ जन्म र जन्मस्थान

किरण शाक्यको जन्म वि.सं. १९९७ असोज महिनाको विजयादशमीको दिनमा भएको हो । नेपाली साहित्यमा किरण शाक्य नामले परिचित भए पनि उनको न्वारनको नाम योगमाया हो । ९७ असोज महिनाको विजयादशमीको बिहान ९ बजे शुभसमयमा जन्मिएको हुनाले नाम योगमाया राखिएको छ । पुराना पुस्ताहरूले अझै पनि योगमाया भनेर चिने तापनि नेपाली साहित्यको क्षेत्रमा किरण भनेर चिनिन्छ । किरण शाक्यको जन्म कोसी अञ्चल चैनपुर जिल्लाको सङ्खुवासभाको त्रिरत्न चोक भन्ने ठाउँमा भएको हो । पिता नरबहादुर शाक्य र माता ललितमाया शाक्यकी कान्छी छोरीको रूपमा जन्मिएकी हुन् । किरण शाक्यको चारजना दाजुभाइ र एउटा दिदी पनि थिइन् । नरबहादुरका र ललितमायाका ६ जना सन्तानहरूमा क्रमशः सरोजकुमार शाक्य, जगमोहन शाक्य, किशोर शाक्य, रुद्रकुमार शाक्य, पुष्पलता शाक्य र किरण शाक्य थिए, तर अहिले किशोर शाक्य र किरण शाक्य मात्र जीवित रहेको पाइन्छ (शोधनायिकाबाट प्राप्त जानकारी) ।

नरबहादुर सुरुमा नेवार समुदायका एक मध्यम वर्गीय व्यक्ति भए पनि पछि एक सम्पन्न व्यापारी थिए । किरण शाक्यको पिता नाटककारका साथै ओस्ताज थिए । तत्कालीन समयमा चैनपुरका स्थापित सङ्गीतज्ञ थिए । नरबहादुर शाक्यले सङ्गीत सिक्ने इच्छाबाट प्रेरित भई चैनपुरबाट पहाडको बाटो हिँडेर ललितपुर आई तत्कालीन विख्यात सङ्गीतज्ञ ओस्ताज गणेशलाल कै घरमा बसेर संगीत शिक्षा लिई त्यसपछि चैनपुरमा आएर त्यहाँका युवाहरूलाई संगीत सिकाउँथे । त्यसैले किरणको पारिवारिक वातावरण नै संगीतमय हुने गर्थ्यो । पिता तबला बजाउने, दाजुहरूमा कोही हार्मोनियम बजाउने, कोही गीत गाउने, त्यस्तै किरण सितार बजाउने गर्दथिन् । यस्ता गतिविधिहरूले गर्दा उनको घरको वातावरण संगीतमय हुनुको साथै सबै परिवारका सदस्य साहित्यको प्रेमी भएको देखिन्छ । साहित्य प्रेमी किरणले साहित्यलाई पेसा र पेवा कै रूपमा लिई हालसम्म पनि निरन्तर रूपमा लागि परेको देखिन्छ (शोधनायिकाबाट प्राप्त जानकारी) ।

## २.२ पारिवारिक पृष्ठभूमि

किरण शाक्यको पुर्ख्यौली थलो चैनपुर हो । बाजेका पुस्ताहरू त्यहीँ बस्दै आए तापनि व्यापारिक सिलसिलामा उनका पिता चैनपुरबाट स–परिवार मेची अञ्चल ताप्लेजुङमा बितापछि नरबहादुरका सन्तानहरूमध्ये जेठो छोरा सरोजकुमार, साहिँला छोरा किशोर शाक्य र कान्छी छोरी किरण शाक्य काठमाडौँमा बस्न थालेको र अन्य परिवारका सदस्यहरू ताप्लेजुङमा बसेको पाइन्छ । नरबहादुर भन्दा अगाडि उनका पुर्खाहरूले साहित्य या संगीतप्रति त्यति रुचि दर्शाएको पाइँदैन । नाटक र संगीतमा रमाउने नरबहादुर समाजका युवाहरूलाई शास्त्रीय संगीतमा उत्प्रेरित गर्दथे । यसै क्रममा उनले जेठो छोरा सरोजकुमारलाई ७ वर्षकै उमेरमा हार्मोनियम, तबला आदि सिकाउनुका साथै शास्त्रीय संगीतमा पोख्त बनाएका थिए । त्यतिखेरको अन्धविश्वासग्रस्त समाजमा पढाइ, स्कुल भन्दा पर भाग्ने भए पनि नरबहादुर आफ्ना छोराछोरीलाई पढाउनुपर्छ भन्ने विचार भएका र अझ छोरीलाई पढ्नमा उत्प्रेरित गर्ने गर्दथे । माता शान्त स्वभावकी, घरको वातावरण शान्त भएको कारण उनीहरूको घरलाई शान्ति निकेतन वा शाक्य निवास भनिन्थ्यो ।

यसरी संगीतकार र साहित्यकार पिता तथा सरल स्वभाव भएकी माताका ६ सन्तानहरू साहित्यको कुनै न कुनै विधासँग सम्बन्धित रही सेवा गरेको देखिन्छ । साहित्यप्रेमी पिता र असल, सरल स्वभावकी माताको गुणबाट किरण शाक्यको स्वभाव, संस्कार र प्रवृत्तिको निर्माण भएको पाइन्छ ।

किरण शाक्यको विवाह धर्मराज पन्त र शशिमाया पन्तका जेठो छोरा भीमराज पन्तसँग प्रेम विवाहको रूपमा भएको हो । भीमराजका पिता स्वर्गीय भएकाले माताले नै हुर्काएकी हुन् । भीमराजका अन्य दुई भाइहरूमा नरराज पन्त र बलराम पन्त हुन् । अहिले किरणका सासु र श्रीमान् जीवित छैनन् भने अरू सन्तानहरू गोर्खा र काठमाडौँ दुवै ठाउँमा बसोबास गर्दै आएका छन् । त्यस्तै माइतीतिर किरणका चार दाजु र एक दिदीमध्ये साँहिला दाजु किशोर मात्र जीवित छन् भने अन्य तिन दाजु दिदीको मृत्यु भइसकेको छ ।

## २.३ बाल्यकाल

किरण शाक्यका पिता चैनपुरका एक व्यापारी थिए । सुरुमा उनको व्यापार मध्यम भए पनि पछि सम्पन्न ठूला व्यापारीका नामले प्रख्यात भएकाले किरण पनि उच्च परिवारकी

वा ठुला व्यापारीकी छोरी भनी चिनिन्थिन् । किरण शाक्यको ९/१० वर्षसम्मको बाल्य जीवन मातापिताको कुशल संरक्षण र सम्वर्द्धनमा उच्च परिवेशमा व्यतीत भयो । नरबहादुर शाक्य तथा ललितमाया शाक्यका ६ जना सन्तानमध्ये कान्छो सन्तानको रूपमा जन्मेकी किरण मायालु स्वभावकी थिइन् । परिवारका सम्पूर्ण सदस्यहरूबाट किरणले बढी माया र ममता पाउनुका साथै मातापिताका आँखाका नानी भएर स्नेहमय छहारीमा हुर्किन् । उनमा बालसुलभ प्रवृत्ति थोरै मात्रामा भेटिन्थ्यो । साथीहरूसँग खेल्न भन्दा एकान्त मन पराउनुका साथै आफ्नो आमासँग नै बढी रमाउँथिन् । खेल्ने समयमा पनि पातहरूमा अक्षर कोर्ने गर्थिन् । विशेष खेल्ने ठाउँको रूपमा घर नजिकैको वरको रुख थियो । थोरै साथी बनाउने भए पनि साथीसँग मिलेर खेल्ने, मिलनसार, सहयोगी स्वभावकी थिइन् । मैले केही गर्नु पर्छ भन्ने भावना भएकी किरण विभिन्न खेल खेल्ने एवम् मनोरञ्जनात्मक कार्यक्रममा भाग लिने गर्थिन् । शिक्षा भनेपछि हुरुक्क हुने किरणका मनपर्ने खेलहरूमा डन्डीबियो, टुक्का, चूरी, डोरी, गट्टा लुकामारी नै विशेष हो ।

यसरी किरण शाक्यको बाल्यकाल नेपाली संस्कृति, सभ्यता र संस्कारको पालना अनुसार ग्रामीण परिवेश मै बित्यो । बाल्यकालमा उनको घर–परिवार र बाह्य परिवेशबाट पाएका अनुभवहरूले किरणको साहित्यिक व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । बाल्यकालका मिठा सम्झनामा आमाले जामा सिलाएर पटुका बाँधिदिनुका साथै टाउकोमा तेल राखेर दुई चुल्ठा कपाल बाँधिदिने गर्दथे र माताले दिएको पेवा बाख्राको पाठोलाई साह्रै माया गर्ने, सँगै सुताउने र त्यो मर्दा रोएर खाना नखाएको कुरा बताउँछिन् (शोधनायिकाबाट प्राप्त जानकारी) ।

## २.४ शिक्षादीक्षा

तत्कालीन समयमा छोरीलाई स्कुल र पढाइबाट टाढा राख्ने समाजमा जन्मिए पनि किरणका पिता छोरीलाई पढ्न उत्प्रेरित गर्दथे । किरणको अक्षारम्भ पनि आफ्नै पिताबाट घरमा भएको हो । त्यसैले किरणको पहिलो पाठशालाको रूपमा घर बनेको थियो । अक्षराम्भ पिताबाट सुरु गरि अन्य उपदेश, सत्व्यवहार र ज्ञानका कुराहरू माताबाट सिकेकी हुन् । नारी आचरण, व्यवहार, स्वभाव, गुणजस्ता कुराहरू माताबाट प्राप्त ज्ञान हो । त्यस्तै घरको गुरुको रूपमा उनका जेठो दाजु सरोजलाई लिन सकिन्छ । सरोजले किरणलाई धेरै माया

गर्नुका साथै किरणलाई एउटा प्रख्यात साहित्यकार बनाउने चाहनाले प्रेरित गर्दथे ।किरणको प्रारम्भिक चरणको आक्षरिक ज्ञान घरबाटै प्राप्त गरिसकेकी शाक्यले विद्यालयीय शिक्षाको प्रवेश भने ६/७ सालतिर चैनपुरको सरस्वती माध्यमिक विद्यालयबाट सुरु भयो । स्कुल जाँदा साथीहरूको छुद्र व्यवहारबाट दिक्क भएर स्कुले जीवन त्याग गरिन् । उच्च परिवारमा जन्मिएकी भए पनि किरण सामन्ती परिवारका छोराछोरीको व्यवहारबाट कलिलो उमेरदेखि नै सामन्तवादको विरुद्धमा उत्रिएकी हुन् । त्यसपछि ठूलो बाजे पण्डितसँग मेजर पार्टीमा नेपाली वर्णमाला चिनेको र बाँकी शिक्षा पिता र दाजुबाट सिकेकी हुन् । सुरुमा पढाइमा मन त्यति नलगाउने किरणले कोदो टिप्ने, जाँतो चलाउने आदि काममा मातालाई सघाउने गर्थिन् । मातापिता र दाजुहरूको बढी मायामा हुर्किएकी किरणले पछि आफ्ना दाजुको माध्यमबाट नेपाली लिपि र भाषालाई माया गर्ने र नेपाली शब्दहरूलाई नेपाली कागजमा सार्ने काम गरिन् (परिवारबाट प्राप्त सूचना) ।

पढ्नुपर्छ र पढाउनुपर्छ भन्ने आधुनिक विचारधाराका परिवारमा हुर्किए पनि स्कुले जीवन त्याग गरेपछि आफ्ना दाजुका सहायताबाट र आफ्नै स्वअध्ययनका कारण किरण बौद्धिक स्तरले निकै माथिल्लो व्यक्तित्वको रूपमा चिनिन्छ । कुनै स्कुल, कलेज र उच्च शिक्षा हासिल बिना उनले नेपाल र नेपालीको विषयमा चासो राखी कलमका माध्यमबाट सङ्घर्ष गर्दै आएकी छन् । सानैमा चैनपुरबाट ताप्लेजुङ बसाई सरेर जाँदा पनि अन्य कुनै स्कुलहरूमा भर्ना नभई आफ्नै व्यक्तिगत अध्ययन र परिश्रमले गर्दा उनको बौद्धिक पक्ष निकै तिर्खारिएको छ ।

यसरी पारिवारिक वातावरणको पूर्ण समर्थन, सहयोगमा पनि स्कुले जीवन त्याग गरी व्यक्तिगत अध्ययनबाट प्राप्त ज्ञान र विवेक नै यथार्थ पक्ष हो ।

## २.५ बेलसँग विवाह

किरण शाक्यको नेवारी परम्परा र संस्कार अनुसार नौ वर्षको उमेरमा बेलसँग विवाह भएको हो । नेवारी संस्कारमा आफ्नो कन्या पर सर्नुभन्दा अगाडि बेलसँग विवाह गरी बाह्रदिन गुफामा राखी त्यसपछि सूर्यसँग अनुहार देखाउने प्रचलन रहेको पाइन्छ । जबसम्म बेल फुट्दैन तबसम्म आफ्नी कन्या विधवा नहुने नेवार जातिमा विश्वास रहेको  पाइन्छ ।

यही प्रचलनलाई कायम गर्दै किरण शाक्यको पनि बेलसँग विवाह आफ्नो मामावलीमा चैनपुरमा नै भएको हो । संस्कार र परम्परा विरोधी किरणले त्यस समयमा पनि विरोध गरी मामावलीबाट भागी घरमा गएको कुरा बताउँछिन् ।

## २.६ दाम्पत्य जीवन र पारिवारिक स्थिति

किरण शाक्यको विवाह बाल्यकालमा बेलसँग भइसकेको भए तापनि हिन्दू परम्पराअनुसार सामान्य ढङ्गबाट गोर्खा जिल्लाको छेपेटार (हालको नगरपालिका) निवासी धर्मराज पन्त र शशिमाया पन्तका जेठो छोरा भीमराज पन्तसँग वि.सं. २०२५ माघ २६ गतेका दिन प्रेम विवाहको रूपमा सुसम्पन्न भएको हो । विवाह हुँदा किरणको उमेर २८ वर्षको र उनको श्रीमानको उमेर ३८ वर्षको थियो । किरणको भीमराजसँग पहिलो भेट दाजु सरोजको साथीको नाताले आफ्नै घरमा खाना खान आउँदा भएको थियो । भेट हुँदा किरण २१ र भीमराज ३१ वर्षका थिए । त्यो भेट नै जीवनको अमूल्य भेट बन्न गयो । तत्कालीन समयमा प्रेम भावना प्रकट गर्ने आधुनिक माध्यमहरू नभए पनि एक–अर्काले आ–आफ्ना आँखामा सजाएका थिए । भीमराज पन्त किरणलाई भेट्नको लागि बिना काम पनि निहुँ बनाएर आउँथे । किरण भीमराजप्रति आकर्षित हुनुको कारण उनको घरमा खाना खान आउँदा उनका दाजुले भीमराजलाई रक्सी पिउन दिँदा नपिउने बताए, अहिलेका युवक केटा भएर पनि कुनै दुर्व्यसन वा अम्मलमा नलागेको एवम् फुर्तिलो, हँसिलो भएका कारण किरण उनीप्रति आकर्षित भइन् (शोधनायिकाबाट प्राप्त जानकारी) ।

न्यूरोडमा बस्ने किरण र खिचापोखरीमा बस्ने भीमराजको भेट समय–समयमा हुने गर्दथ्यो । उनीहरूका प्रेमका बारेमा दाजु सरोजले पनि केही शङ्का गर्दै बहिनीलाई जिस्काउने गर्दथे तर किरण लाजले होइन भन्ने गर्थिन् । समय बित्दै जाँदा वि.सं. २०२५ माघ २६ गतेका दिन उनीहरूले भागेर विवाह गर्दछन् । २६ गते बिहान भीमराजले तरकारी बजारमा बस्नु म लिन आउँछु भन्ने योजना मुताविक काम गर्ने केटी र किरण तरकारी किन्न जाँदा काम गर्ने केटीलाई तरकारी पठाइदिएर आफू भीमराजसँग भागेर विवाह गर्दछिन् । त्यस दिन भागेर पोखरा जान्छन् र दुई दिनपछि काठमाडौँ फर्किन्छन् ।

तत्कालीन समयमा समाजमा छोरीलाई कलिलो उमेरमा विवाह गर्ने परम्परालाई तोड्दै २८ वर्षको उमेरसम्म पनि घरबाट विवाहको दबाव नआउनु र अन्तरजातीय

विवाहलाई पापको संज्ञा दिने समाजमा एउटा नेवारी केटी र ब्राह्मण जातिको केटा बिचमा भएको प्रेमविवाह नै सङ्घर्ष एवम् चुनौतीपूर्ण रहेको हो । अन्तरजातीय विवाह भए पनि दुवै परिवारले स्वीकार्नु नै महत्त्वपूर्ण पक्ष रहेको छ (दाजु किशोरबाट प्राप्त सूचना) ।

किरणको दाम्पत्य जीवनमा सुखमय नै थियो । कुनै किसिमको अप्ठ्यारा वा जीवनमा आर्थिक सङ्कटहरूबाट मुक्त रहे पनि त्यति धेरै नारी स्वतन्त्रता भने थिएन । प्रेमविवाह माया गर्ने श्रीमान् र तत्कालीन समयमा बुहारीमाथि हुने गरेका शोषण र अत्याचार भेल्न नपरे पनि उनलाई स्वतन्त्रता थिएन । किरणले विवाह अगाडि वा सानै उमेरदेखि साहित्यका कथा, निबन्ध, नाटकजस्ता विधामा कलम चलाउँदै कथासङ्ग्रहको रूपमा **बन्धन मुक्त** (२०२०) र नाटक **दीपमाला** (२०२३) कृतिहरू समेत प्रकाशित गरे पनि वैवाहिक जीवन पछि उनको साहित्य लेखनयात्रा ओभेलमा पऱ्यो । भीमराज उच्च व्यक्तित्व भएको व्यक्ति भएर पनि किरणले साहित्य सिर्जना गरेको वा अन्य घर बाहिरको काम एवम् बाहिरी व्यक्तिसँगको सम्पर्क मन नपराउने हुनाले अगाडि बढ्न सकिनन् । छिटपुट रूपमा लुकेर भए पनि विभिन्न पत्रपत्रिकाहरूमा आफ्नो लेख, कथा प्रकाशित गर्दै आइन् ( शोधनायिकाबाट प्राप्त जानकारी) ।

गोल्छा अर्गनाइजेसनका म्यानेजर भीमराज पन्तको व्यक्तित्व उच्च तहको एवम् विकासशील व्यक्तित्व र परम्परावादी सोच अर्थात् सङ्कीर्ण सोचका कारण किरणको प्रतिभा अगाडि बढ्न सकेन । किरणको बाहिरी क्षेत्रमा संलग्नता नरहे पनि घर–घरायसी व्यवहार आफैले सम्हाल्ने र हरेक दुःखका क्षणमा धैर्यपूर्वक संयमित भई अगाडि बढी अप्ठ्याराहरू हटाउने गर्थिन् ।

किरण शाक्य (पन्त) को विवाह भएको २ वर्ष पछि वि.सं. २०२७ माघ २७ गतेका दिन पहिलो सन्तानको रूपमा आशिषराज पन्तको जन्म भयो र त्यसपछि वि.सं. २०२९ असोज २९ गतेका दिन दोस्रो सन्तानको रूपमा लुना पन्तको जन्म भएको हो ।

तत्कालीन समयमा आइ.ए. सम्मको पढाइ पूरा गरेका भीमराज विकासशील व्यक्तित्वका साथै घरबाहिर सबैलाई सहयोगी र मिलनसार थिए भने घरमा कडा स्वभावका थिए । प्रेमविवाह भई जीवन सुखमय बिते पनि विचारको द्वन्द्व हुने गर्दथ्यो । शिकार खेल्न अति मन पराउने भीमराज फुर्सदको समय प्रायः शिकारमा बिताउँथे । श्रीमान्बाट नारी

स्वतन्त्रता र समान भावना नपाए पनि गृहस्थी जीवन किरणको सुखमय हुनुका साथै सन्तानको पालनपोषण र घरव्यवहारमा साथ र सहयोग पाएकी थिइन् ।

यसरी दाम्पत्य जीवन सुखमय चलिरहेको अवस्थामा २०५० साल साउन ३ गतेका दिन नियतिको बज्रपात पर्न गई लिभर क्यानसरका कारण भीमराज पन्तको मृत्यु भयो । लामो समय रोगले सताएर थल्लिएका भीमराजले आफू अस्वस्थ अवस्थामा रहँदा छोरीको विवाह गरिदिएका हुन् (शोधनायिकाबाट प्राप्त जानकारी) ।

## २.७ आर्थिक अवस्था

किरण शाक्य (पन्त) को जन्मभूमि र कर्मभूमि भिन्नाभिन्नै रहेका छन् । किरण शाक्य (पन्त) को जन्म उच्च नेवार परिवारमा भएको थियो । यिनका पिता तत्कालीन समयमा चैनपुरका एक प्रतिष्ठित व्यापारी थिए । व्यापारी भएका कारण उनको समाजमा ठूलो प्रतिष्ठा थियो । व्यापारिक सिलसिलामा चैनपुर छोडी ताप्लेजुङमा रहँदा पनि कुनै कुराको सङ्कट थिएन । आर्थिक दृष्टिकोणले हेर्दा यिनको माइतीतिरको पारिवारिक अवस्था सम्पन्न रहेको बुझिन्छ । किरण शाक्य (पन्त) को मातापिताका छ सन्तानमध्ये जेठा दाजु सरोजकुमार शाक्य गीतकार, संगीतकारका साथै गायक, कलाकार, मनोवैज्ञानिक उपचारका प्रयोक्ता, नाटककार, फ्राइडियन साहित्यका ज्ञाता तथा अध्येता आदि बहुव्यक्तित्वका धनी शाक्य काठमाडौँको बाफल बस्दथे तर हाल उनी जीवित छैनन् । माहिला दाजु जगमोहन शाक्य मात्र पिताको पुर्ख्यौली थलो र पेसा सम्हालेर बसेका ताप्लेजुङका एक व्यापारी हुन् । त्यस्तै साँहिला दाजु किशोर शाक्य पनि गायक, कविका साथै प्रतिष्ठित व्यापारीका कारण उनको बालाजु र इमाडोलमा गरी दुईवटा बङ्गला लगायत सुविधासम्पन्न तरिकाले बसोबास गरेका छन् । त्यसैगरी कान्छा दाजु रुद्रको पनि पारिवारिक वा आर्थिक अवस्था उत्कृष्ट भए तापनि हाल उनी पनि जीवित छैनन् ।

किरण शाक्य (पन्त) को बाल्यकाल माइतीमा सुखमय बितेझैँ उनको वैवाहिक घरपरिवार पनि उच्च, सम्पन्न देखिन्छ । उनको कर्मभूमि वा कर्मथलो गोर्खा जिल्लाको छेपेटार भए पनि मुख्य रूपमा काठमाडौँ सहरभित्र केन्द्रित रहेको देखिन्छ । किरण वर्षको केही महिना गोर्खाको छेपेटारमा बिताउने गर्छिन् । त्यहाँ पुर्ख्यौली घर जग्गा जमिन सबै छँदैछ । प्रशस्त रूपमा उनलाई जीवन धान्न सो जमिनको उत्पादनबाट पुग्दछ ।उनको

जीवनमा कहिल्यै केही कुराको अभाव सिर्जना भएन । त्यसैले जीवनमा आर्थिक सङ्कट कहिल्यै झेल्नु वा कुनै आर्थिक भार व्यहोर्न परेको छैन (शोधनायिकाबाट प्राप्त जानकारी) ।

यसरी सम्पन्न परिवारमा जन्मिएर सम्पन्न परिवारकी बुहारी भएकी किरणले जीवनको पूर्वार्द्धमा आर्थिक सङ्कट वा कुनै सङ्घर्ष नगरे तापनि दाम्पत्य जीवनको २५ औँ बसन्त पार गर्दा अचानक अस्वस्थ भई भीमराजको मृत्यु पश्चात् सम्पूर्ण जिम्मेवारी बढ्नुका साथै केही समय सङ्घर्षमा बित्यो । श्रीमान्को मृत्यु हुँदा छोरा आशिषराज पन्तको उमेर १६ वर्षको मात्र थियो, जसले गर्दा बि.एस्सी. को पढाइ बिचमा छोडी पिताको जिम्मेवारी सम्हाल्न थाले । हाल उनको सङ्घर्ष र लगनशीलताले गर्दा आर्थिक अवस्था सम्पन्न देखिन्छ ।

## २.८ सन्तान

किरण शाक्य (पन्त) को सन्तानमा २ जनाको जन्म भएको छ । उक्त सन्तानहरूमा क्रमशः आशिषराज पन्त र लुना पन्त रहेका छन् ।

भीमराज पन्त र किरण शाक्य (पन्त) को पहिलो सन्तानको रूपमा वि.सं. २०२७ माघ २७ गतेका दिन आशिषराज पन्तको जन्म भएको र दोस्रो सन्तानको रूपमा लुना पन्तको जन्म भएको हो । आशिषराज पन्त बि.एस्सी. पढ्दा पढ्दै पिताको मृत्यु पश्चात् पढाइ छोडी पिताको पद सम्हाली केही वर्ष काम गरे । जतिबेला उनी १६ वर्षको मात्र थिए । सानो उमेरदेखि नै लगनशील आशिष हाल बेलायतमा बस्दछन् । १६ वर्ष अगाडिदेखि बेलायतमा बस्दै आएका आशिष त्यहीँको बासिन्दा वा नागरिक भएका छन् । त्यहाँ उनी देउराली नामक ट्राभल्स ऐजेन्सीका सञ्चालक छन् भने उनको श्रीमती अर्चना पन्त र छोरा आभुषण पन्त काठमाडौँ स्थित शान्तिनगरको घरमा माता किरण शाक्य (पन्त) का साथ बस्दै आएका छन् । केही समयपछि उनीहरू पनि बेलायत जाने प्रक्रियामा छन् ।

त्यस्तै लुना पन्तको २०५० सालमा विवाह भएपछि कोटेश्वर स्थित आफ्ना श्रीमान् सुनिल के.सी. का साथमा बस्दछिन् । लुनाको एक छोरा र एक छोरी गरी दुई सन्तानहरू छन् । छोरी सोफी बि.एस्सी प्रथम वर्षमा पढ्दैछिन् भने छोरा ८ कक्षामा पढ्दै छन् । लुनाको श्रीमान पनि एक व्यापारी हुन् (अर्चनाबाट प्राप्त सूचना) ।

## २.९ संस्थागत संलग्नता वा जागिरे जीवन

स्कुल वा उच्च शिक्षा आर्जन नगरे पनि स्वअध्ययनबाट बौद्धिक स्तर उच्च भएकी किरणले आफ्नो पारिवारिक जीवनमा कुनै आर्थिक सङ्कट नभएर मात्र संस्थागत असंलग्नता रहेको होइन तत्कालीन समाज र वातावरणले पनि असर पारेको देखिन्छ । चैनपुरबाट ताप्लेजुङमा रहँदा वि.सं. २०१६ सालमा महिला सङ्गठनमा आबद्ध भई काम गरेकी र २/३ वर्ष सक्रिय भई काम गरिरहेको किरणले वि.सं. २०१९ सालमा काठमाडौँ आएपछि त्यसबाट टाढा रहेको देखिन्छ । त्यसपछि जीवनमा कहिल्यै कुनै सङ्घ, संस्था वा सङ्गठनमा संलग्न नभई एउटा आम् नेपाली महिला सरह साधारण गृहस्थी जीवन बिताइन् (परिवारबाट प्राप्त जानकारी) ।

विकासशील व्यक्तित्व र सामन्ती सोच भएका भीमराजले परम्परागत पुरुषवादी सोच र प्रवृत्तिका कारण किरणलाई भान्सा, कोठा, घर र परिवारभित्रै सीमित राखे । यसमा उनीहरूको बिच विचारको सङ्घर्ष हुने गर्दथ्यो । किरणले आफ्ना श्रीमानका विचार र व्यवहारबाट रुस्ट भए पनि प्रतिकार गर्न सकिनन् । उनको सोच क्रान्तिकारी भए पनि श्रीमान्को इच्छा र अनुमति नाघेर अघि बढ्ने साहस गरिनन्, जसले गर्दा घर बाहिरको समाज उनको लागि टाढा भयो ।

भीमराजको स्वीकृति बिना उनले कुनै कदम उठाइनन् र आफ्नो घर, परिवार, छोराछोरी र श्रीमान्को सेवा गर्दै एउटा असल गृहणी भइन् । त्यसका साथै श्रीमान्को आँखा छलेर छिटफुट रूपमा भए पनि आफ्ना कलमका माध्यमबाट नेपाली साहित्य क्षेत्रलाई उकास्दै गइन् र पत्रपत्रिका मार्फत आफ्ना लेख र रचना सिर्जना गर्दै साहित्यलाई सेवा गरेकी छन् । यो नै उनको व्यक्तित्वको विशिष्ट पक्ष हो ।

## २.१० स्वभाव, बानी व्यवहार र रुचि

### २.१०.१ स्वभाव तथा बानी व्यवहार

जीवनको प्रारम्भिक अवस्थादेखि नै पढ्ने, लेख्ने र चिन्तन मनन गर्ने किरण शाक्य ( पन्त) को प्रमुख साधनाको क्षेत्र नेपाली साहित्य नै हो । उनलाई घरमा सबैले 'योगमाया' उपनामले बोलाउने गर्थे । उनको बाल्यकालीन स्वभाव बालक्रीडाभन्दा सिक्नेसित अग्रसर

थियो । फुर्सदको समयमा उनी पढाइ र अध्ययनमा व्यस्त हुन्थिन् । गृहस्थी जीवनमा व्यस्त रहेको बेलामा पनि केही समय निकालेर साहित्य सिर्जना गर्न मन पराउँथिन् । किरण साथीभाइ, इष्टमित्रसँग भेटघाट, स्वागत–सत्कार गर्न विशेष रुचि राख्ने किरण आफ्ना घरमा आउने पाहुनाहरूलाई समयानुकूल खाने कुराले स्वागत गरेर मात्रै पठाउनु पर्छ भन्ने धारणा राख्दछिन् । त्यस्तै हामी सबै नेपाली एउटै आमाका सन्तान हौँ भन्ने किरण घरमा आउने जो कोहीलाई पनि खाली मुख नपठाउने गर्छिन् ।

सरल र रसिलो बानी–बेहोरा हुनुका साथै मिलनसार स्वभाव भएकी शाक्यले जीवनभर कसैसँग शत्रुता कमाएको थाहा छैन । यही असल बानी–बेहोरा र स्वभाव भएको कारणले जस्ता व्यक्तिहरूसँग पनि उनको सम्पर्क रहन्छ । बौद्धिक व्यक्तित्वले उनको स्वभाव सरल भएर पनि गम्भीर देखिन्छ । विशेषगरी एकान्त मन पराउने किरण खासै साथीहरू नभए पनि उनको आजका दिनहरूमा प्रिय मित्रका रूपमा कलम, कापीका साथै फूलहरू विशेष छन् । जटिल परिस्थिति आइपर्दा पनि धैर्य, संयमित र विचारपूर्वक निर्णयमा पुग्ने परिपक्व एवम् स्थिर र स्वाभिमानी प्रवृत्तिजस्ता मानवीय असल गुणहरू देखिन्छ (बुहारी अर्चनाबाट प्राप्त सूचना) ।

किरण शाक्य सरल, निश्छल, निष्कपट र स्वाभिमानी व्यक्तित्वलार्य साह्रै मन पराउँछिन् । उनी कपटी, धूर्त, पराधी र शोषक मनोवृत्ति भएका व्यक्तिहरूको विरोध गर्दछिन । आफ्नो दैनिक कार्य सम्पन्न गर्न कति पनि अल्छी नमान्ने र आफ्नो कार्यप्रति जिम्मेवार रहने शाक्य फुर्सदको समय खेर नफाली साहित्यिक लेखनको अध्ययनबाट मानसिक सन्तुष्टि लिने गर्दछिन् ।

## २.१०.२ रुचि

किरण शाक्य (पन्त) को रुचिको विशेष क्षेत्रमा साहित्य सिर्जना र अध्ययन हो । उनी लेख्न, पढ्न र अध्ययन गर्न गृहस्थ जीवनमा व्यस्त रहेको बेलामा पनि केही समय निकाल्ने गर्दछिन् । वनजङ्गल, खोलानाला, हिमाल, पहाड आदि प्रकृतिप्रेमी वा प्रकृतिको पूजा गर्न रुचाउने किरण मूर्ति पूजाको विरोधी छिन् । रङ्गीचङ्गी विविध जातका फूलहरू लगाउन रुचाउनुका साथै माटोसँग खेल्न रुचाउँछिन् । उनको मुख्य साथीको रूपमा फूल, कापी,

कलम विशेष छन् । समाजमा रहेका अन्धविश्वास, मूल्यमान्यता, गरिबी, वर्गसङ्घर्षको विरोध गर्न हतियारको रूपमा कलमलाई लिने गर्छिन् ।

किरण शाक्य (पन्त) को पहिरनमा सरल नेपालीपन झल्कने साडी, धोती, चोलो लगाउन रुचाउँछिन् । खानपानमा साधारणतया दाल, भात, तरकारी विशेष छन् भने अन्य मासु, दूध, दही, हरियो साग, अचार पनि रुचाउँछिन् । उनी वर्षको एक दुईपटक आफ्नो कर्मथलो गोर्खा जान र त्यहाँको हावापानी रुचाउँछिन् । संगीतमा रुचि राख्ने किरण शाक्य (पन्त) ले सानो उमेरदेखि सितार बजाउने गर्थिन् तर दुर्घटनामा उनको ताहिने हातको चोरी औंलाको अपरेसन गरेपछि उनको सितारसँगको सम्बन्ध टुटेको छ । शृङ्गार र गहनालाई प्राथमिकता नदिने किरण बौद्धिक ज्ञान र अध्ययनले मन शृङ्गार्न रुचाउँछिन् । उनी मूर्ति र ढुङ्गालाई कला मानेर प्रकृतिको शक्तिलाई ईश्वर मान्दछिन् । मन्दिरमा धूप बाल्न नरुचाउने किरण प्रकृतिको पूजा गर्न रुचाउँछिन् ।

किरण शाक्य (पन्त) विहान सबेरै उठ्ने, योगा गर्ने, केही समय बौद्धिक चिन्तन मनन गर्ने, फूलको स्याहार गर्ने, पानी हाल्ने जस्ता कार्य उनको दैनिकी भए पनि विशेष रुचि भित्र पर्दछन् । साथै उनी पत्रपत्रिका पढ्न रुचाउँछिन् भने लेखन र एकान्त पठनमा साहित्य सिर्जना विशेष चाख रहेको कुरा बताउँछिन् ।

## २.११ भ्रमण

किरण शाक्य (पन्त) को किशोरावस्थामा बसाइ सराइको क्रमशः जन्मथलो बाहेक ताप्लेजुङका विभिन्न ठाउँहरू घुम्ने मौका प्राप्त गरिन् । प्रकृति प्रेमी किरण चैनपुरमा बस्दा र ताप्लेजुङमा रहँदा त्यहाँ विविध प्राकृतिक मनोरम र हावापानीसँग नजिकबाट स्पर्श गरेकी छन् । त्यहाँका हावापानी, नदीनाला, वनजङ्गल, हिमाली हावापानी, डाँडा, भन्ज्याङ्गको सम्झनाले उनलाई अहिलेसम्म पनि सताउने गर्छ, जसका कारण उनका साहित्यिक सिर्जनामा प्रकृतिको विविध स्वरूपको वर्णन पाइन्छ ।

मुलुकबाहिर विदेश भ्रमण अहिलेसम्म नगरे तापनि उनले देशको विभिन्न ठाउँहरूको भ्रमण गरेकी छन् । जन्मभूमिलाई माया गर्ने किरणले स्वदेशको विभिन्न प्राकृतिक स्थलको भ्रमण गरी प्रकृतिप्रेमी बनेकी छन् । स्वदेश भ्रमणका मुख्य ठाउँहरूमा चैनपुर र ताप्लेजुङका विविध ठाउँहरू लगायत काठमाडौँका प्रायः सबै ठाउँहरूका साथै पोखरा, धरान, विराटनगर,

धनकुटा, गोर्खा, चितवन, मुख्य रहेका छन् भने छिट्टै देशबाहिर बेलायतको भ्रमण गर्ने योजना रहेको छ (शोधनायिकाबाट प्राप्त सूचना) ।

प्रकृतिप्रेमी किरणले प्रकृतिलाई ईश्वर मानेर स्वदेश भित्रका प्राकृतिक मनोरमा दृश्यहरूको अवलोकन र ती ठाउँहरूको भ्रमण गरेको छ भने भ्रमण भ्रमणमा मात्र सीमित नराखेर आफ्ना साहित्यमा त्यसलाई कलात्मक रूप दिएकी छन् ।

## २.१२ साहित्यिक क्षेत्रमा प्रवेश

### २.१२.१ लेखन प्रेरणा र आरम्भ

चैनपुरको सङ्खुवासभामा जन्मी ताप्लेजुङको र गोर्खाको प्राकृतिक वातावरणमा रमेकी किरण शाक्य (पन्त) को साहित्यिक लेखनमा त्यहाँका विभिन्न सामाजिक, सांस्कृतिक पक्षहरूले केही न केही प्रभाव पारेको देखिन्छ । बाल्यकालदेखि नै साहित्यिक गतिविधिमा चाख राख्ने किरण शाक्य (पन्त) को पिता नरबहादुर शाक्य पनि एक साहित्यिक व्यक्तित्वका धनी थिए । एक प्रतिष्ठित ओस्ताजका साथै नाटककार पनि थिए नरबहादुर । उनले चैनपुरका युवाहरूलाई संगीत सिकाउने गर्दथे । यसरी साहित्यिक व्यक्तित्वका धनी नरबहादुरका गुण छोराका साथै छोरी किरणमा पनि प्रभाव बाल्यावस्थादेखि पर्दै गयो । उनको घर परिवारमा एउटा छुट्टै संगीतमय वातावरण थियो । जसको प्रभाव स्वरूप किरणले पनि सितार बजाउन पोख्त भइन् । परिवारका सदस्यहरूमा पिता तबला बजाउने दाजुहरूमा कोही गीत गाउने, कोही हार्मोनियम बजाउने र किरण सितार बजाउने गर्थिन् । बाल्यावस्थाबाट किशोरावस्थामा प्रवेश गर्दा उनको प्रेरणाको स्रोत सरोजकुमार शाक्य, जगमोहन शाक्य र किशोर शाक्य दाजुहरू बन्न पुगे । त्यसमा पनि विशेष सरोजकुमार शाक्य आफ्नी बहिनीलाई नेपालको प्रतिष्ठित महिला साहित्यकार वा कथाकार बनाउन चाहन्थे । त्यसै अनुरूप उनले बहिनीलाई साहित्य सम्बन्धी किताबका साथै हिन्दी, नेपाली, अङ्ग्रेजी कथाकारका कथाहरू ल्याइदिन्थे । उनको प्रेरणा र प्रोत्साहनबाट साहित्यमा प्रवेश गरेकी हुन् (दाजु किशोर शाक्यबाट प्राप्त सूचना) ।

विशेष रूपमा हिन्दी साहित्यकार प्रेमचन्द्रको 'कफन' बाट प्रभावित किरणले वि.सं. २०११।१२ सालबाट कथा लेख्न सुरु गरेकी हुन् । ताप्लेजुङमा रहँदा वि.सं. २०१४ सालमा 'बिर्सेको सम्झना' कथा उनको प्रकाशित पहिलो कथा हो । यो पारसमणि प्रधानको

सम्पादकत्वमा दार्जलिङबाट निस्कने **भारती** पत्रिकामा प्रकाशित भएको हो । उनको प्रकाशित दोस्रो कथा रेशमी चोलो (२०१८) पनि **भारती** पत्रिकामा प्रकाशित भएको हो । त्यस्तै वि.सं. २०१६ सालमा ताप्लेजुङमा रहँदा एक साहित्यिक गोष्ठीमा 'जैकमिनी' नामक कथा वाचन गरेको र पुरस्कार स्वरूप अमृता प्रितमको उपन्यास र बालकृष्ण समको 'चिसो चुल्हो' महाकाव्य प्राप्त गरेकी हुन् । यसबाट अझ प्रेरणा र प्रभाव लिई साहित्यको कथा क्षेत्र अगाडि बढेको कुरा बताउँछिन् ।

काठमाडौँ आएपछि उनमा साहित्यिक प्रेरणाको स्रोत भवानी भिक्षुको 'त्यो फेरि फर्केला' र गुरुप्रसाद मैनालीको 'नासो' कथा रहेको छ भने उनी नेपाली साहित्यका नाट्य सम्राट बालकृष्ण समबाट अझ प्रभावित र प्रेरित भएकी हुन् । यसरी प्रभाव र प्रेरणा बटुल्दै वि.सं. २०२० सालमा **बन्धनमुक्त** कथासङ्ग्रहको रूपमा प्रकाशित भयो । यसबाट अझ थप किरणमा साहित्यका चाख बढ्दै गएको हो । उनले कथाको साथसाथै नाटक पनि लेखेको पाइन्छ । उनको सामाजिक नाटकको रूपमा वि.सं. २०२३ मा प्रकाशित **दीपमाला** नाटक नै पहिलो नाटक हो ।

किरण शाक्य (पन्त) का आँखाले प्रत्यक्ष देखेका समाजका सामाजिक मूल्यमान्यता, अन्धविश्वास, गरिबी, शोषण, दमन र अत्याचारका विरुद्ध आवाज उठाउने हतियारको रूपमा साहित्यलाई रोजिन् । त्यसैले उनको प्रेरणाको स्रोत समाज पनि हो । यसरी नेपाली साहित्यमा प्रवेश गरेकी शाक्य (पन्त) ताप्लेजुङबाट काठमाडौँ आएपछि विभिन्न पत्रपत्रिकाहरू मार्फत नेपाली साहित्यमा अघि बढेकी हुन् । किरण आफूले देखेका, भोगेका र अनुभव गरेका अनुभूतिका पानाहरूलाई पूर्वस्मृतिको तरङ्गमा घोलेर सरल शैलीमा पाठकलाई बौद्धिक भ्रममा समेत संलग्न गराउँछिन् । साहित्यको सम्बन्ध समाजसँग हुन्छ र साहित्य समाजको प्रतिष्ठा हो, त्यसैले साहित्यलाई एउटा फोस्रो मनोरञ्जनको रूपमा लिनु हुँदैन । ती समाजका आवाजहरू हुन्, जुन सशक्त हुन्छन् । त्यसैले समाजलाई गति दिन साहित्य प्रबल तत्त्व बनेर रहेको हुन्छ भन्ने उनको धारणा छ । किरणका कथा, नाटक, निबन्ध र लेखहरूमा आरम्भिक रचनादेखि नै विद्रोहको भाव पाइन्छ । तत्कालीन समयमा महिला भएर शिक्षाको महत्त्व बुझी शिक्षा आर्जन गर्नु र आर्जित शिक्षाको माध्यमबाट साहित्य सिर्जना गर्ने महान् नारी स्रष्टाका रूपमा उनलाई चिनिन्छ ।

## २.१२.२ प्रकाशित पुस्तकाकार कृतिहरू र रचनाहरू

नेपाली साहित्यको सेवा गर्ने क्रममा किरण शाक्य (पन्त) नेपाली साहित्यका विविध फाँटमा देखापरेकी छन् । यिनले कथा, नाटक, निबन्ध, कविता विधामा कलम चलाएकी छन् । यसरी विभिन्न विधामा कृतिको रचना गर्न सक्षम पन्त सशक्त महिला प्रतिभाशाली साहित्यकार हुन् । बहुविधामा उनको कलम चलेको भए पनि उनको प्रमुख साधना कथा विधा हो । समकालीन नेपाली महिला साहित्यकारहरूका माझमा किरण शाक्य (पन्त) उच्च प्रतिभावान् व्यक्तिको रूपमा देखा पर्दछिन् । दार्जलिङ र नेपालका पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाका अतिरिक्त हालसम्म उनको पुस्तकाकार कृतिको विवरण, प्रकाशन वर्ष तल दिइएको छ :

| क.सं. | साहित्यिक कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | बन्धन मुक्त | कथासङ्ग्रह | २०२० |
| २ | दीपमाला | एकाङ्की नाटक | २०२३ |
| ३ | उज्यालो भविष्यको पर्खाइमा | कथासङ्ग्रह | २०६४ |

यसरी शाक्य (पन्त) को पुस्तकाकार कृतिका रूपमा तिनवटामध्ये दुईवटा कथासङ्ग्रह र एउटा नाटक रहेको छ । यसका अतिरिक्त फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरू मार्फत प्रकाशित रचनाहरूमा **अक्षलोक** त्रैमासिक पत्रिकामा प्रकाशित रचनाहरूमा समानता, सिमानामा, विडम्बना, रूपा आदि छन् । त्यस्तै रेडियो नेपालबाट 'श्रद्धाञ्जली आँसुको' वियोगान्त गीतिकथा २०४२।४३ प्रसारण भएको हो तर हाल यो उपलब्ध छैन । त्यस्तै कवितामा हेरि देऊ फर्केर, मन बोल्छ जस्ता फुटकर रचनाहरू अक्षलोकमा प्रकाशित छन् ।

## २.१३ राजनीति र सामाजिक सङ्घसंस्थासँगको संलग्नता

किरण शाक्य (पन्त) राजनीतिक रूपमा कुनै पनि पार्टीसँग आबद्ध भइनन् । तर पनि देशको समसामयिक राजनीतिक परिस्थिति, अवस्था, परिवेश, देशमा भएको कु–शासन, भ्रष्टाचार, दुराचार तथा जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक, उत्पीडनका कारण उनी मार्क्सवादी

लेनिनवादबाट प्रभावित छिन् । मूर्ति पूजाको विरोध गर्नु र गरिब दुःखी देखेर मन कमलिनु, सामन्ती शोषकको विरोध गर्नु आदि विशेषता र उनको कथा नाटकमा पाइने यी र यस्तै विशेषताबाट पनि उनको मार्क्सवादप्रतिको झुकाव रहेको पाइन्छ । उनी मार्क्सवाद–लेनिनवाद विचारधाराबाट प्रभावित छिन् । नेपाली कम्युनिष्टहरूमा देखिएको व्यवहार, आचरण र कार्यशैलीप्रति रुष्ट भएको धारणा व्यक्त गर्दछिन् ।

किरण शाक्य (पन्त) को सामाजिक सङ्घ–संस्थाको संलग्नता किशोरावस्थामा ताप्लेजुङमा रहँदा महिला सङ्गठनमा आबद्ध भई २/३ वर्ष काम गरिन् । त्यसपछि काठमाडौँ आएपछि त्यसलाई निरन्तरता दिन सकिनन् । तर उनको सामाजिक कार्य गर्ने रुचि वा क्षेत्र साहित्यलाई रोजिन् । त्यसैबाट नेपाली समाज, सामाजिक मूल्यमान्यता, परम्परा, अन्धविश्वास, गरिबी, शोषण, दमन, अन्याय र अत्याचारको विद्रोह गर्ने माध्यमको रूपमा साहित्यलाई बनाई निरन्तर नेपाली समाजको सेवामा तल्लीन छिन् ।

## २.१४ सम्मान तथा पुरस्कार

नेपाली साहित्यमा सेवारत् किरण शाक्य (पन्त) नेपाली भूमिमा बसेर कथा लेख्ने एक सशक्त महिला कथाकार हुन् । तत्कालीन समयमा शिक्षा के हो ? शिक्षाको महत्त्व किन छ भन्ने सम्म थाहा नभएको अवस्थामा महिला भएर पनि शिक्षाको आवश्यकता महसुस गरी नेपाली साहित्यमा योगदान पुऱ्याउँदै कथा, नाटक, निबन्ध, कविता रचना गर्ने कार्य सामान्य नभए पनि निरन्तर लागिरहेकी छन् ।

किरण शाक्य (पन्त) नेपाली साहित्य साधनामा लागेवापत केही पुरस्कारबाट पुरस्कृत भएकी छन् । ती यसप्रकार छन् :

- ताप्लेजुङमा रहँदा वि.सं. २०१६ सालमा एक साहित्यिक गोष्ठीमा 'जैकमिनी' नामक कथा वाचन गरेवापत प्रथम पुरस्कार स्वरूप अमृता प्रितमको उपन्यास र बालकृष्ण समको 'चिसो चुल्हो' महाकाव्य प्राप्त गरेकी हुन् ।

o त्यस्तै वि.सं. २०२४ सालको रानी रत्नको जन्मोत्सवको उपलक्ष्यमा नेपाल महिला सङ्गठनद्वारा आयोजित निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गरेकी छन् ।

जीवनका उत्तरार्द्ध चरणमा पनि साहित्य सिर्जिनामा क्रियाशील किरणको साहित्यिक व्यक्तित्व र योगदान अनुरूप जुन सम्मान र पुरस्कार पाउनुपर्थ्यो त्यस्तो केही पुरस्कार पाएको छैन । राज्य वा संस्थाद्वारा उनको प्रतिभाको उचित मूल्याङ्कन र खोजी गरी पुरस्कृत गरेको छैन । यसरी सम्बन्धित निकायबाट कुनै खोज, मूल्याङ्कन नभए पनि स्रष्टाको कलम बन्द नहुने कुरा व्यक्त गर्दै निरन्तर साहित्य सिर्जनामा लागिरहेकी छन् ।

## २.१५ जीवनदर्शन

प्रत्येक मानिसको जीवनलाई हेर्ने दृटिष्कोण र मान्यता फरक–फरक हुन्छ । दर्शनले मानव जीवनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । मानिस विवेकशील प्राणी भईकन पनि मरणशील छ । विचार वा दर्शन नै मान्छेलाई सामाजिक अस्तित्व जोगाउने र उच्च स्थानमा पुऱ्याउने मुख्य तत्त्व हो भन्ने धारणा व्यक्त गर्दै जीवनलाई फूलसँग तुलना गर्दछिन् । आज हुन्छ भोलि हुँदैन, तर फूल भन्दैमा जीवन केही हो पनि होइन पनि । जीवनलाई हो भनेर अमर हुने काम गर्नुपर्दछ, शरीर मरेर गए पनि नाम जीवित रहने काम गर्नुपर्दछ भन्छिन् । त्यस्तै किरणले आफ्नो वैचारिक धरातल मार्क्सवादी चिन्तनको सेरोफेरोबाट निर्माण गरेको पाइन्छ । यिनै दर्शन चिन्तनको माध्यमबाट नेपाली समाज र मुलुकको अग्रगामी रूपान्तरण र विकास हुनुपर्छ भन्ने विचार रहँदै आएको बुझिन्छ ( शोधनायिकाबाट प्राप्त जानकारी) ।

# परिच्छेद तिन
# किरण शाक्य (पन्त) को व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व शब्दले व्यक्तिमा हुने वैयक्तिक विशेषता, गुण वा निजीपनलाई बुझाउँछ । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो । एकरूपता भन्नाले सधैँ एकै किसिमको काम गर्नु मात्र नभई परिवेश अनुसारको एकरूपता भन्ने बुझिन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व उसले आफ्ना जीवन जगत्का अनुभव, आरोह, अवरोह, उतार–चढाव, सुख, दुःख, मोड–उपमोड आदिले उसको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अझ व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनैतिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथसङ्गत व्यक्तित्व निर्माणका पक्ष हुन् । व्यक्तिको व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमका हुन्छन् । बाह्य व्यक्तित्व उसको बाह्य आकर्षण, रूपरङ्ग, स्वरूप अर्थात् समग्र शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तरनिहित गुण, स्वभाव, आचरण, ऊ बाँचेको युग, समाज र संस्कृतिमा परिभाषित स्थापित तथा सम्मानित हुनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । बाह्य व्यक्तित्व स्थूल र नाशवान् हुन्छ भने आन्तरिक व्यक्तित्व अजर, अमर एवम् सूक्ष्म हुन्छ । यस आधारमा हेर्दा कुनै पनि व्यक्तिको अध्ययनमा बाह्य भन्दा आन्तरिक व्यक्तित्व नै महत्त्वपूर्ण र अर्थपूर्ण रहेको हुन्छ (अधिकारी, २०६५) ।

किरण शाक्य (पन्त) नेपाली साहित्यकी एक सर्जक व्यक्तित्व हुन् । उनका मूलतः साहित्यकार व्यक्तित्व मुख्य रहेको छ । जीवनको सानो उमेरदेखि साहित्यप्रेमी किरणले साहित्य सिर्जनाको क्षेत्रमा महत्त्वपूर्ण कार्य गरिन् । यसबाट यिनको बहुमुखी प्रतिभाको निर्माणका साथै बहुआयामिक व्यक्तित्वको निर्माण हुन पुगेको देखिन्छ । साहित्यभित्र कथा, कविता, नाटक, निबन्ध आदि विधामा यिनको सशक्त कलम चलेको पाइन्छ भने यिनको निबन्धात्मक कृति भने हाल उपलब्ध छैन ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवन भोगाइमा आउने विविध घटना एवम् परिवेशले भूमिका निर्वाह गरेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक अवस्था पनि महत्त्वपूर्ण हुन्छ । यी परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बन्धित कुराहरूलाई निजी व्यक्तित्व भनिन्छ र त्यसका पनि आन्तरिक एवम् बाह्य व्यक्तित्व गरी दुई उपभाग रहेका छन् । त्यसैगरी सार्वजनिक व्यक्तित्व भन्नाले समाजका लागि केही गर्नु भन्ने बुझिन्छ । साहित्यकारका सन्दर्भमा भने सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर व्यक्तित्व जस्ता दुई उपभागमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यका विविध विधाहरूमा संलग्न रही सिर्जनात्मक कार्यलाई साहित्यिक व्यक्तित्व र साहित्यसँग सम्बन्धित नरही समाजका अन्य विविध पक्षहरूमा संलग्न रही गरेका कार्यहरूलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेरिन्छ ।

किरण शाक्य (पन्त) नेपाली साहित्यकी एक सर्जक व्यक्तित्व हुन् । किरणको सात दशक लामो जीवन यात्राका क्रममा अझै पनि सक्रिय र साधनारत शाक्यको व्यक्तित्व उनले विविध क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका कारण बहुआयामिक हुन पुगेको देखिन्छ । उनको बहुआयामिक व्यक्तित्व जुन–जुन कार्यक्षेत्रमा संलग्न रह्यो त्यहाँ उनले निर्वाह गरेको भूमिकाका आधारमा गौरवमय र अविस्मरणीय बन्न पुगेको छ । साहित्यभित्र कथा, कविता, नाटक, निबन्ध जस्ता विधामा यिनको कलम चलेको पाइन्छ भने सामाजिक संघसंस्थामा संलग्न रहेर पनि साहित्येतर व्यक्तित्व निर्माण गरेकी छन् । उनका निजी ( आन्तरिक तथा बाह्य) व्यक्तित्व र सार्वजनिक व्यक्तित्वका विभिन्न पक्षहरूबारे तल प्रस्तुत गरिएको छ :

व्यक्तित्वका पाटाहरू

निजी व्यक्तित्व

आन्तरिक
(शील, स्वभाव, आचरण, खानपिन, गुण)
बाह्य
(शारीरिक व्यक्तित्व)

सार्वजनिक व्यक्तित्व

साहित्यिक व्यक्तित्व
(कथा, कविता, नाटक, निबन्ध)
साहित्येतर व्यक्तित्व
(सामाजिक, बहुभाषिक आदि)

कुनै पनि व्यक्तिको निजी जीवन, जगत्, व्यवहार, गुण, स्वभाव, आचरण, शारीरिक बनावट, आकार–प्रकार आदिलाई व्यक्तिको निजी व्यक्तित्व भनिन्छ । मान्छे–मान्छेका निजी व्यक्तित्व फरक–फरक हुन्छन् ।

किरण शाक्य (पन्त) को निजी व्यक्तित्व उनको शारीरिक बनावट, आकार–प्रकार, रूप, रङ्ग आदि बाह्य व्यक्तित्व अन्तर्गत र उनको शील, स्वभाव, आचरण, गुण, व्यवहार आदिलाई आन्तरिक व्यक्तित्व अन्तर्गत राखेर हेर्न सकिन्छ । जुन यसप्रकार छन् :

## ३.१.१.१ आन्तरिक व्यक्तित्व

किरण शाक्य (पन्त) को आन्तरिक व्यक्तित्व केलाउँदै जाँदा यिनी सानै उमेरदेखि एकान्त मन पराउने, भावनामा डुब्ने, थोरै साथी बनाउने, बनाएका सहपाठी एवम् साथीहरूसँग मिलनसार र सहयोगी, बढी आमासँग नै घुल्ने, चञ्चले पाइन्छ । यिनी उमेरको वृद्धिसँगसँगै बालसुलभ चञ्चले प्रवृत्तिबाट क्रमशः शान्त, गम्भीर, शिष्ट, मृदुभाषी, एकान्तप्रेमी तथा प्रकृतिप्रेमी बन्दै गइन् । सुरुमा स्कुले जीवन त्याग गरे पनि समयसँगै शिक्षाको महत्त्व बुझी स्वअध्ययनको निरन्तर प्रयासबाट साहित्यतर्फ अभिमुख हुँदै गएको बुझिन्छ भने अर्को कारण उनको घरको साहित्यिक वातवारण पनि विशेष थियो । झ्वाट्ट हेर्दा सरल, शान्त र सहज देखिए पनि गहिराइमा बौद्धिक चिन्तनशील देखिन्छिन् ।

सरल र मिजासिलो स्वभाव भएको शाक्य (पन्त) सबै उमेर र वर्गका व्यक्तिसँग सम्बन्ध राख्ने गर्दछिन् । किरण जीवनका जस्तै कठिन परिस्थितिमा पनि धैर्य, संयम र सन्तुलन नगुमाई जीवनमा सधैँ क्रियाशील रहिरहने साहसी र उच्च मनोबल भएकी महिला हुन् । जस्तै जटिल परिस्थितिमा विचारपूर्वक निर्णयमा पुग्ने परिपक्व एवम् स्थिर र

स्वाभिमानी प्रवृत्तिजस्ता मानवीय असल गुणहरू उनमा देखिन्छ । नेपाल र नेपाली समाजमा आफ्नो कीर्ति फिँजाउन प्रयत्नशील रहेकी किरण आडम्बरी र घमण्डीपनविहीन, हाँसेर बोल्ने, सरल विनिम्र बोली, विनम्रता नै मानिसको ठूलो गुण ठान्ने, समतामा रम्ने, भेदभावपूर्ण व्यवहार नगर्ने प्रवृत्ति भएको किरण आफ्नो कार्यप्रति प्रयत्नशील देखिन्छिन् ( छिमेकी बिमलाबाट प्राप्त सूचना) ।

फुर्सदको समय खेर नफाली साहित्यिक लेखनबाट मानसिक सन्तुष्टि लिने गर्दछिन् । किरणको अनुहारमा देखिने चम्किलोपनाले अद्याविक व्यक्तित्वमा उत्कर्ष थपिरहेको देखिन्छ । नारी एवम् गरिब, असहाय, शोषितप्रति यिनको सदा सहानुभूति रहेको छ । यिनी खानेकुरामा साधारण नेपाली खानाको साथै मौसम अनुसारको फलफूल मन पराउने किरण मृदुभाषी, मिलनसार, सरल, सहयोगी, भावुक, कर्मयोगी, स्वावलम्बीजस्ता विशेषता रहेको पाइन्छ (बुहारी अर्चनाबाट प्राप्त सूचना) ।

यसरी सादा जीवन उच्च विचार राख्ने किरणको मूल्याङ्कन गर्दा छिट्टै मिल्न सक्ने बौद्धिक व्यक्तित्वको रूपमा उनलाई लिन सकिन्छ ।

### ३.१.१.२ बाह्य व्यक्तित्व

प्रत्येक व्यक्तिको शारीरिक बनावट, आकार, प्रकार वा शारीरिक बनोट नै बाह्य व्यक्तित्व हो । अर्थात् बाहिरबाट स्पष्ट रूपमा देखिने शारीरिक बनोट र बनावट सम्बन्धी व्यक्तित्व नै बाह्य व्यक्तित्व हो । यो शारीरिक दृश्य संरचनामा आधारित हुन्छ । जीवनको बहत्तरौँ वसन्त पार गरिसकेकी शाक्य (पन्त) को बाह्य व्यक्तित्वमा उनी गोरो वर्ण, होचो कद करिव ४ फिट ८ इन्च उचाई, २७ वर्षको उमेरमा ५८ के.जी. तौल भएकी लगभग अहिलेको उमेरमा पनि पुष्ट शरीर, चम्किला आँखा, गोलाकार नाक, आधा फुलेको लामो कपाल, ठूलो निधार, हँसिलो मुखाकृति, मिलेका मसिना दाँतहरूले गर्दा उनको शारीरिक बनावट सुहाउने हुनुका साथै सुन्दर र आकर्षक देखिन्छिन् । आधुनिक फेसन मन नपराउने किरण उच्च वर्गको भए तापनि पहिरनमा साधारण र सरल नेपाली पहिरनमा सारी, ब्लाउज, चौबन्दी, फरिया विशेष छन् ।

आफ्नो दैनिक कार्य सम्पन्न गर्न कति पनि अल्छी नमान्ने र आफ्ना कार्यप्रति जिम्मेवार रहने किरण अधिकतम समय अध्ययन, चिन्तन र साहित्य सिर्जनामा तल्लीन हुन्छिन् । जतिपटकको भेटमा अझ खुलेर हँसिलो मुहारमा विनम्र बोल्ने मृदुभाषी किरणको उमेरसँगै शारीरिक समस्या थपिँदै गएका छन् । उनको भौतिक शरीर जे–जस्तो भए पनि मानसिक स्वस्थताका कारण साहित्यको क्षेत्रमा थप ऊर्जा थप्दै गएकी किरणको व्यक्तित्व उच्च रहेको छ । लेख्नु, पढ्नुको अतिरिक्त फूलप्रेमी किरण मनोरञ्जन र प्रिय साथी फूललाई बनाई त्यससँग आफ्ना भावना साट्ने गर्छिन् । यिनै मानवीय असल, सरल र स्वाभिमानी स्वभाव र गुणका कारण उनको भौतिक व्यक्तित्व आकर्षक देखिन्छ ।

## ३.१.२ सार्वजनिक व्यक्तित्व

मानिस एक सामाजिक प्राणी भएकाले ऊ समाजबाट अलग्गिएर बस्न सक्तैन । समाज अनुरूप चलेर समाजले थाहा पाई वा नपाई एक नयाँ रूप दिने असाधारण व्यक्तित्व नै सार्वजनिक व्यक्तित्व हो । समाजसँगको व्यक्तिको व्यवहारले नै सार्वजनिक व्यक्तित्वको निर्माण गर्ने गर्दछ । व्यक्तिले समाजलाई जुन प्रभाव र प्रेरणा प्रदान गर्छ, त्यही नै सार्वजनिक व्यक्तित्वभित्र पर्दछ (ढकाल, २०६५) ।

किरण शाक्य (पन्त) ले नेपाली समाजको समुन्नत भविष्यको कल्पना अनुरूप समाजलाई साहित्यको माध्यमबाट धेरै कुरा दिइरहेकी छन् । उनले जीवनमा महिला सङ्गठनमा आबद्ध भई केही समय सक्रिय रहेको तर निरन्तरता दिन नसकेको कारण समाजसेवा र हितको पक्षमा वकालत गर्ने माध्यम साहित्यलाई बनाएकी छन् । त्यसैले उनको सार्वजनिक व्यक्तित्वभित्र देखिने विभिन्न महत्त्वपूर्ण पक्षलाई साहित्यिक र साहित्येतर व्यक्तित्वमा राखेर हेर्न सकिन्छ ।

## ३.२.१.१ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व त्यस व्यक्तिका कृतिका आधारमा हेरिन्छ । साहित्य अन्तर्गत कविता, कथा, उपन्यास, नाटक, निबन्ध, समालोचना आदि विधागत योगदानबाट साहित्यिक व्यक्तित्व निर्धारण गरिएको हुन्छ । किरण शाक्य (

पन्त) को साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित कृतिहरूका विधागत सापेक्षताका आधारमा बुँदागत रूपमा छुट्याउँदा सान्दर्भिक हुन्छ । वि.सं. २०१४ मा **भारती** पत्रिकामा प्रकाशित 'बिर्सेको सम्झना' शीर्षक कथाकृति मार्फत किरण शाक्य (पन्त) औपचारिक रूपमा नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेकी भए पनि उनले साहित्यका अन्य विधामा समेत कलम चलाएकी छन् । कथाका अतिरिक्त नाटक, निबन्ध, कविताका क्षेत्रमा विभिन्न पत्रपत्रिका मार्फत लेख, रचनाहरूमा यिनको कलम चलेको पाइन्छ ।

किरण शाक्य (पन्त) ले वि.सं. २०१४ सालमा दार्जलिङबाट प्रकाशत **भारती** पत्रिकामा 'बिर्सेको सम्झना' शीर्षकको पहिलो औपचारिक कथा प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेकी हुन् । त्यसैगरी वि.सं. २०१८ मा 'रेशमी चोलो' पनि **भारती** पत्रिकामै प्रकाशित कृति हो भने कथासङ्ग्रहको रूपमा २०२० सालमा प्रकाशित **बन्धन मुक्त** कथासङ्ग्रह रहेको छ । यसबाट उनको बौद्धिकता तिखारिनुका साथै साहित्यमा अझ रुचि बढेको देखिन्छ । जसको कारण वि.सं. २०२३ सालमा **दीपमाला** सामाजिक नाटकको रूपमा अर्को कृतिको प्रकाशन भएको छ (शोधनायिकाबाट प्राप्त सूचना) ।

किरण शाक्य (पन्त) वैवाहिक जीवनमा प्रवेश गरेपछि समकालीन नेपाली नारी सरह स्वतन्त्रताबाट वञ्चित हुन्छिन् । जसले गर्दा केही वर्ष उनको साहित्यिक व्यक्तित्व ओझेलमा परेको देखिन्छ । त्यस समयमा छिटफुट रूपमा लुकेर केही कथा रचना गरे पनि जीवनको उत्तरार्द्धमा आएर मात्र उनको साहित्यिक सिर्जना फस्टाउने काम गऱ्यो । यसै क्रममा वि.सं. २०६४ मा **उज्यालो भविष्यको पर्खाइमा** शीर्षक कथासङ्ग्रहको प्रकाशन भएको हो । निरन्तर क्रियाशील किरण साहित्य सिर्जनामा तल्लीन रही केही समयमा अर्को कथासङ्ग्रह निकाल्ने प्रयासमा छिन् । किरण शाक्य (पन्त) को पाँचदशक लामो साहित्यिक यात्राका क्रममा प्रकाशित पुस्तकाकार कृतिहरूमा हालसम्म ३ वटा छन् । उनका फुटकर लेखरचनाहरू लगभग १५ भन्दा बढी देखिन्छ, तर हाल तिनीहरूमा केही उपलब्ध छैनन् । किरणका ती साहित्यिक फुटकर रचनाहरू **भारती**, **गोर्खापत्र**, **तुवालो**, **अक्षलोक** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । किरण शाक्य (पन्त) का प्रत्येक लेखरचनाहरू बौद्धिक हुनुको साथै सामाजिक समस्याले भरिपूर्ण छन् जसले गर्दा सामान्य पाठकदेखि बौद्धिक वर्गसम्मका लागि यी रचनाहरू उपयोगी छन् ।

नेपाली साहित्यमा महिला लेखकका रूपमा महत्त्वपूर्ण योगदान दिँदै आएकी किरणको साहित्यकार व्यक्तित्वका विविध पाटा र पक्षका रूपमा कथाकार व्यक्तित्व, नाटककार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, कवि व्यक्तित्व रहेका छन् ।

## (क) कथाकार व्यक्तित्व

साहित्यिक व्यक्तित्वका विविध पाटाहरूमध्ये किरण शाक्य (पन्त) को सबैभन्दा फराकिलो पाटोको रूपमा कथाकार व्यक्तित्व रहेको देखिन्छ । साहित्यका विभिन्न विधामा आफ्नो बहुमुखी सिर्जना कौशल प्रदर्शन गरिसकेकी किरणको लेखन अन्य विधामा छरिएको भए पनि उनको साहित्य साधनाको विशेष प्राप्ति कथा विधा मान्न सकिन्छ । वि.सं. २०१४ सालमा पारसमणि प्रधानको सम्पादकत्वमा दार्जलिङबाट प्रकाशित **भारती** पत्रिकामा 'बिर्सेको सम्झना' शीर्षकको कथा प्रकाशित गराएर आफ्नो कथायात्रा आरम्भ गरेकी शाक्य (पन्त) को **बन्धन मुक्त** र **उज्यालो भविष्यको पर्खाइमा** गरी २ वटा कथासङ्ग्रहको रूपमा प्रकाशित छन् । क्रमशः यिनमा १४, १२ गरी जम्मा २६ वटा कथाहरू सङ्ग्रहीत छन् भने अन्य विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । उनको फुटकर रूपमा प्रकाशित कृतिहरूमा पनि बढी मात्रामा कथा रहेका छन् ।

स्वच्छन्दतावादी प्रवृत्ति पाइने यिनका कथामा समाजमा व्याप्त गरिबी, अशिक्षा, अन्धविश्वास आदिलाई हटाएर चेतनशील समाजको र समतामूलक समाजको निर्माण हुनुपर्ने भावना अभिव्यक्त गरिएको छ । यिनले देशप्रेम तथा युवा सुलभ भावुक प्रेमको प्रकटीकरण, जातिभेदको विरोध, प्रकृतिका मनोरम पक्षको चित्रण जस्ता विविध सन्दर्भहरूलाई कथात्मक स्वरूप प्रदान गरेकी छन् । त्यस्तै यिनका कथाहरूमा पुरानो र नयाँ पुस्ताका बिचमा वैचारिक द्वन्द्व गराई त्यस द्वन्द्वमा नयाँ पुस्ताको विजय देखाइएको छ । यिनले सरल बोलीचालीको भाषामा वर्णनात्मक ढङ्गले कथा सिर्जना गरेकी छन् (लुइटेल, २०६०) ।

त्यस्तै दोस्रो कथासङ्ग्रहको रूपमा रहेको **उज्यालो भविष्यको पर्खाइ** (२०६४) मा पनि सामाजिक जीवनका यिनै व्यथिति र विसमतालाई मूल रूपमा प्रस्तुत गरिएको छ । उनले आफ्ना कथामा जीवन भोगाइका क्रममा समाज एवम् देशमा घटेका समसामयिक घटनालाई यथार्थ रूपमा उतारेकी छन् । आफूले जीवन भोगाइमा कहिल्यै आर्थिक सङ्कट नभोगे पनि गरिब, दुःखी, असक्त, पीडित र शोषितहरूका पक्षमा कलम चलाएकी छन् ।

जसले समाजका यथार्थ, तिता–मिठा सत्य घटनालाई कथात्मक स्वरूप प्रदान गरी मौलिकता थपेको पाइन्छ । मान्छेका कथाव्यथा, विवशता, पुँजीवादी वा सामन्ती दलालका शोषण, दमन, अत्याचार आदि पक्षलाई विषयवस्तु बनाई वर्गीय हितका लागि साहित्य लेख्ने किरण सामाजिक यथार्थवादी कथाकार हुन् ।

## (ख) नाटककार व्यक्तित्व

किरण शाक्य (पन्त) ले नेपाली साहित्यको क्षेत्रमा नाटकमा समेत कलम चलाएकी छन् । उनले नाटकको सिर्जना गरी नेपाली साहित्यमा थप ऊर्जा दिने काम गरेकी छन् । उनको अहिलेसम्मकै साहित्य सिर्जना कार्यमा प्रकाशित नाटक **दीपमाला** सामाजिक नाटक रहेको छ ।

यो नाटक आधुनिक नेपालको बढ्न लागेको पिँढीका युवक तथा युवतीहरूको हृदयका आकाङ्क्षाको चित्र छ भने पनि हुन्छ । देशको सेवा, जातिको अभ्युत्थान तथा नेपाली मात्रका हितको चिन्तन औ सो विचार बमोजिम कार्य उनीहरूका विचारका प्रथम र अन्तिम खुड्किला छन् । यिनै कुराको समावेश यो नाटकको त्यसैले आफ्नै रोचकता छ (ज्ञवाली, २०२३) ।

११ दृश्यमा संरचित यस नाटकमा सकारात्मक सोचाइ राख्ने क्रियाशील युवाहरूका क्रियाकलापलाई विषय बनाइएको छ । जीवनमा शिक्षाको आवश्यकतालाई देखाइएको यस नाटकमा युवावर्ग देशको शक्ति र ऊर्जा हो, युवावर्ग सक्रिय भएमा देश विकास अवश्य हुन्छ भन्ने अभिव्यञ्जित छ । नेपाली समाजमा क्रमशः परिवर्तन हुँदै गरेको मूल्यमान्यताको प्रस्तुति पाइने यस नाटकमा पुरानो पुस्ता र युवा पुस्ताको बिचमा द्वन्द्वको पनि संयोजन गरिएको छ र यस द्वन्द्वमा युवा पुस्ताको विजयलाई देखाउनुका साथै यस नाटकको भाषा पात्रका स्तर अनुरूपको छ (लुइटेल, २०६८ : ५–९) ।

किरण शाक्य (पन्त) ले यस नाटकको माध्यमबाट तत्कालीन नेपाल र नेपाली राजनीतिमा आएको उतारचढाव, पञ्चायती शासन कालले पारेको प्रभाव जस्ता पक्षहरूलाई समेट्दै लेखिएको बताउँछिन् । यस नाटकमा माला एक सक्रिय, अग्रगामी सोचका साथै अन्धविश्वास विरोधी, आफ्नो हक, अधिकार र स्वतन्त्रताका लागि लड्ने नारी पात्रका रूपमा सशक्त देखापरेकी छ । समकालीन परिवेश अनुरूप महिलालाई घरबाहिर जान वा काम गर्न

वञ्चित गर्ने जस्ता अन्धविश्वासी मूल्यमान्यता र परम्परालाई तोड्दै नयाँ सोच र विचारका साथ माला अगाडि बढेकी छ । त्यस्तै समाजमा व्याप्त सुसंस्कारलाई तोड्दै एउटा गरिब तल्लो जातको तर शिक्षित, सक्रिय नवयुवकसँग भागेर विवाह गरेकी छ ।

**दीपमाला** एउटा सामाजिक नाटकको रूपमा समाजको यथार्थ चित्रण पाइन्छ । यसमा सरल, सहज भाषाशैलीको प्रयोग हुनुका साथै प्रतीक बिम्बको पनि प्रयोग मेटिन्छ । यिनले नाटकका माध्यमबाट समसामयिक सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य र विद्रोह गर्दै समाजलाई सही बाटोमा ल्याउन समेत प्रयत्न गरेकी छन् ।

## (ग) निबन्धकार व्यक्तित्व

किरण शाक्य (पन्त) ले निबन्धका क्षेत्रमा त्यति ठूलो ख्याति नकमाए पनि वा उल्लेख्य निबन्ध रचना नगरे पनि यस विधामा पनि उनको स्पर्श रहेको छ । यही निबन्धको माध्यमबाट पुरस्कार समेत पाउन सफल किरणको साहित्यप्रतिको झुकाव अझ बढ्यो । साहित्य सिर्जनाको क्रममा अगाडि बढिरहेकी किरणले वि.सं. २०२४ सालमा रानी रत्नको जन्मोत्सवको उपलक्ष्यमा नेपाल महिला सङ्गठनद्वारा आयोजना गरिएको निबन्ध प्रतियोगितामा सहभागी भएकी र सोही प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गरेको कुरा जानकारी गर्दछिन् ।

उक्त निबन्ध प्रतियोगितामा एकसय भन्दा बढी प्रतियोगीहरू समावेश भए पनि प्रथम पुरस्कार प्राप्त गर्न सफल किरणको निबन्ध थियो । 'नेपाली महिलाको सामाजिक उत्तरदायित्व' शीर्षकमा लेखिएको निबन्ध उत्कृष्ट भईकन पनि हाल भने प्राप्त छैन । शोध नायिकासँग पनि प्राप्त नभएकोले यसको विस्तृत चर्चा गर्न असमर्थ रहेको छ ।

## (घ) कवि व्यक्तित्व

किरण शाक्य (पन्त) को साहित्यिक लेखनको आरम्भ २०११/१२ सालबाट सुरु भई २०१४ सालमा उनको पहिलो औपचारिक कृति रूपमा 'बिर्सेको सम्झना' कथा प्रकाशित भएको हो । लेखन सुरुवात कथाबाट गरे पनि साहित्यका विविध विधा जस्तै नाटक, निबन्धका साथै कविताको पनि सिर्जना गरी बहुआयामिक व्यक्तित्वलाई अझ अगाडि बढाएको पाइन्छ ।

साहित्य लेखनको क्रममा वि.सं. २०६५ आश्विनमा नेपाली साहित्यिक त्रैमासिक पत्रिका **अक्षलोक**मा 'हेरि देऊ फर्केर' शीर्षकमा प्रकाशित कविता नै उनको पहिलो कविता सिर्जना हो भने अर्को 'मन बोल्छ' प्रकाशनको क्रममा रहेको छ । साहित्य सेवामा अग्रसर भएकी किरण संवेदनशील लेखिका हुन् । यिनका कवितामा समाजमा विद्यमान सामाजिक विकृति, नेपाली जनताले खान लगाउन नपाएको तीतो सत्य र सामन्ती वर्गप्रति व्यङ्ग्य गर्दै, समाजको वास्तविकतालाई देखाइएको छ । सहर काठमाडौँमा बस्ने सुविधा सम्पन्न र उच्च विलासिताका साथ जीवन बिताउने सामन्ती शोषण र राजनीतिज्ञहरूलाई विकट, दुर्गम ठाउँमा बस्ने जनताको दु:ख, पीर, मर्काको बारेमा सोची आग्रहका साथ हेरि देऊ फर्केर भनिएको छ ।

मुख्य रूपमा पीर, वेदनाको प्रस्तुति पाइने यस कवितामा अभिधात्मक अर्थमा गरिब दु:खीहरूको यथार्थतालाई व्याख्या गरिएको छ ।

## ३.१.२.२ साहित्येतर व्यक्तित्व

किरण शाक्य (पन्त) साहित्यिक व्यक्तित्व जस्तै सामाजिक क्षेत्रमा पनि योगदान गर्ने नारी प्रतिभा हुन् । साहित्यिक व्यक्तित्वका विविध पाटाहरू भए जस्तै साहित्येतर व्यक्तित्व पनि विभिन्न पाटाहरू हुन्छन् । किरण शाक्य (पन्त) को यिनै साहित्येतर व्यक्तित्वका पक्षहरूलाई बुँदागत रूपमा अध्ययन गर्न सकिन्छ ।

### (क) सामाजिक व्यक्तित्व

कुनै पनि लेखक साहित्यकार समाजको प्रगति तथा बहुसङ्ख्यक जनताको हितका लागि कार्य गर्ने हुँदा ऊ स्वतः सामाजिक व्यक्ति हुन्छ । साहित्यकार र समाज बिचमा घनिष्ट सम्बन्ध हुन्छ । साहित्यकारले सामाजिक जीवनको व्यापक परिवेशको सूक्ष्म रूपमा अवलोकन गर्दै साहित्यको विषयवस्तुलाई ग्रहण गर्न पुग्छ । यसरी हेर्दा समाज र साहित्यकारको व्यक्तित्वलाई लिनुपर्ने देखिन्छ । किरण शाक्य (पन्त) को व्यक्तित्व ओजस्वी, निर्भीक, निर्णायक र आकर्षक रूपमा रहेकोले उनको आफ्नो सारा जीवन समाजमा समर्पित रहेको छ ।

किरण शाक्य (पन्त) ले नेपाल महिला सङ्गठनमा प्रारम्भिक समितिको सदस्य समेत बनेकी र समाजकै निम्ति आफ्नो सम्पूर्ण जीवन समर्पण गरेकीले उनको सामाजिक व्यक्तित्व उच्च रहेको छ । ताप्लेजुङमा रहँदा महिला सङ्गठनमा आबद्ध रही त्यहाँका समाज र महिलाको पक्षमा सक्रिय रूपले काम गरेको कुरा बताउँछिन् ।

सामन्ती, शोषण, दमन, अन्याय, अत्याचारको विरुद्ध लड्ने किरण सामाजिक सङ्घ–संस्थामा रहिरहेर कार्य गर्ने इच्छा भए पनि निरन्तरता दिन नसकेकोले सामाजिक उत्थान, सुधारका लागि आफ्नो कलमका माध्यमबाट सेवारत किरण हालसम्म पनि सिर्जनशील नै देखिन्छिन् । समाजको चित्र उतार्ने क्रममा गरिब, दुःखी निमुखा जनताको पक्षमा वकालत गर्दै समाजसेवी बनेकी छन् । त्यसैले उनको सामाजिक व्यक्तित्व समाजमा सूक्ष्म रूपमा रहेको छ (शोधनायिकाबाट प्राप्त जानकारी) ।

## (ख) बहुभाषिक व्यक्तित्व

किरण शाक्य (पन्त) को जन्म चैनपुरको सङ्खुवासभामा एउटा सम्पन्न नेवार परिवारमा भएको थियो । नेवार जातिका प्रभाव परेकोले यिनको मातृभाषा अथवा पहिलो भाषा नेवारी रहे तापनि दोस्रो भाषा नेपाली थियो । वैवाहिक सम्बन्धपछि काठमाडौँमा आफ्ना श्रीमान्सँग बस्दा नेपाली भाषा बोल्नुका साथै उनको सम्पूर्ण साहित्य सिर्जना पनि नेपाली भाषामै गरिरहेकी छन् । समयको उतारचढावसँगै श्रीमान्को मृत्यु पश्चात् नारायणघाट बस्दा हिन्दी भाषाको प्रभाव स्वरूप हिन्दी बोल्ने र ताप्लेजुङमा रहँदा भारतबाट निस्कने पत्रपत्रिकाको अध्ययन गर्ने, प्रेमचन्द्र, अमृता प्रितमको साहित्यिक कृतिहरूको अध्ययनका साथै अन्य साहित्यकारहरूको रचना पढ्ने गर्थिन् । जसले गर्दा उनी हिन्दी बोल्नमा दक्ष छन् । उनी नेवारी भाषा, हिन्दी भाषाका साथै अङ्ग्रेजी भाषाको ज्ञान प्राप्त भए तापनि साहित्य रचना भने नेपाली भाषामा मात्र गरेको पाइन्छ (शोधनायिकाबाट प्राप्त सूचना) ।

यसरी उनको हिन्दी, नेवारी, अङ्ग्रेजी र नेपाली भाषाको समेत ज्ञान भएकोले उनको बहुभाषिक व्यक्तित्व उच्च रहेको छ ।

## ३.३ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बिच अन्तःसम्बन्ध

किरण शाक्य (पन्त) ले बहत्तरौँ बसन्तहरू पार गरी लामो जीवन विभिन्न परिवेशका माध्यमबाट गुजारिरहेकी छन् । जीवन भोगाइका क्रममा उनले अनुभव गरेका सरल र जटिल परिस्थिति, आरोह–अवरोह, समाजमा सामन्ती वर्गको थिचोमिचो, सामाजिक जीवन त्यहाँका विवशता आदि परिस्थितिलाई नजिकबाट चिन्ने र बुझ्ने मौका पाएको किरणले आफ्नो साहित्यिक तथा सामाजिक व्यक्तित्वको निर्माण त्यसैबाट गरेकी हुन् । मान्छेका जीवनका विविध परिवेशहरूमध्ये साहित्यिक वातावरणले प्रभावित किरणको जीवनको मूल उद्देश्य नेपाली साहित्यको सेवा गर्नु हो । यिनको साहित्यिक व्यक्तित्व निर्माण गर्ने मूलतः कथा, नाटक, निबन्ध एवम् कविता विधा मुख्य रूपमा देखिन्छन् । यिनका सबै कृति तथा रचनाहरूमा समाजमा व्याप्त रहेको कुरीति, शोषण, दमन, गरिबी, परम्परागत मूल्य मान्यताप्रति व्यङ्ग्य गर्दै समाजसुधारको भावना पाइन्छ । त्यस्तै आफ्ना रचनामार्फत नारी स्वतन्त्रता, नारी शोषण र नारीको पीडा, सामाजिक जीवनभोगाइका कटु यथार्थ जस्ता पक्षको उद्घाटन गरेकी छन् ।

किरण शाक्य (पन्त) बाल्यकालदेखि नै साहित्यिक वातावरणमा हुर्कने मौका पाउनु, शिक्षाको महत्त्व बुझी स्वअध्ययनलाई अगाडि बढाउनु, साहित्यकार आफ्ना दाजुहरूमार्फत हिन्दी, नेपाली, अङ्ग्रेजी साहित्यकारहरूको कृतिको अध्ययन गर्न पाउनु, दाजुहरूले किरणलाई प्रख्यात नेपाली महिला कथाकार बनाउन लागिपर्नु जस्ता विविध पक्ष यिनका साहित्यिक लेखनका प्रेरक तत्त्व हुन् । यिनी बालकृष्ण समको 'चिसो चुल्हो', प्रेमचन्द्रको 'कफन', गुरूप्रसाद मैनालीको 'नासो', भवानी भिक्षुको 'त्यो फेरि फर्केला' बाट विशेष प्रभावित र प्रेरक किरण सधैँ ती स्रष्टाप्रति श्रद्धा व्यक्त गर्दछिन् ।

सामाजिक जीवनका विभिन्न पक्षहरू भोगिसकेकी किरण उच्च र सहरिया जीवन व्यतीत गरे पनि आफ्ना सिर्जनाहरूमा निम्नवर्गीय ग्रामीण पात्रको वकालत गर्छिन् । त्यसैले यिनका रचना वा सिर्जना ग्रामीण परिवेश, जीवनको सामाजिक स्थिति, गरिबीको पीडा, सामन्ती शोषण, नारीप्रतिको व्यवहार, राष्ट्रप्रेम, प्रकृतिप्रेम प्रणयभावका साथै सामाजिक विसङ्गतिप्रति विद्रोह गरेको पाइन्छ । यिनका साहित्यिक सिर्जनामा सरल छोटा–छोटा वाक्य, बोलीचालीको भाषा पाइन्छ । साहित्य लेखनमा हालसम्म लागिरहेकी किरण शाक्य ( पन्त) बाट नेपाली साहित्यले अझै धेरै कुरा प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ । किरणले बाल्यकाल देखि नै साहित्यिक वातावरणमा हुर्कने मौका पाई साहित्यिक गतिविधितर्फको झुकाव र सम्पर्कले गर्दा उनको जीवन र साहित्य लेखनबिच अन्तःसम्बन्ध रहेको देखिन्छ ।

# परिच्छेद चार
# किरण शाक्य पन्तको कृतित्वको अध्ययन

## ४. विषय प्रवेश

चैनपुर जिल्लाको सङ्खुवासभामा १९९७ सालमा जन्मिएकी किरण शाक्य (पन्त) सानैदेखि साहित्यप्रति आफ्नो रुचि भएको बताउँछिन् । औपचारिक शिक्षा हासिल नगरे तापनि स्वअध्ययनबाट प्राप्त शिक्षालाई साहित्य लेखनमा समर्पित गरेको पाइन्छ । नेपाली साहित्यका विविध विधामा कल चलाएकी किरणको सबैभन्दा सशक्त र उर्वर क्षेत्र कथा क्षेत्र हो उनको पहिलो कृति **बिर्सेको सम्झना** (२०१४) कथा हो । सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिकोणले उन्नतशील रहेको उनको विधा कथा नै हो । किरणका फुटकर कथाहरू **भारती**, **अक्षलोक**, **गोर्खापत्र**, **तुँवालो**मा प्रकाशित रहेका छन् भन्ने **बन्धनमुक्त** (२०२०) र **उज्यालो भविष्यको पर्खाइमा** (२०६४) कथासङ्ग्रहहरूको रूपमा प्रकाशित भएका छन् । जसमा क्रमशः १४ र १२ वटा कथाहरू समावेश भएका छन् (शोधनायिकाबाट प्राप्त सूचना) ।

## ४.१ कथाको पृष्ठभूमि

साहित्यका विभिन्न विधामध्ये कथा सर्वप्राचीन विधा हो । त्यसैले प्राचीनता मानवजातिको इतिहाससित गाँसिएको छ । कथा सुन्ने र सुनाउने परम्परा मौखिक रूपमा धेरै पहिलेदेखि रहेको हुनाले विश्व इतिहासमै कथाको यात्रा अत्यन्त प्राचीन देखिन्छ । वस्तुतः मानवजातिले भाषाका माध्यमबाट एक–आपसमा आ–आफ्ना अनुभूति र विचारको सम्प्रेषण गर्न थालेदेखि नै कथा सुनाउने र सुन्ने परिपाटीको थालनी भएको हो भन्ने अनुमान सहजै लगाउन सकिन्छ । मानवजातिको आदिकालदेखि वर्तमानसम्मको यात्रा र इतिहास नै एउटा कथा हो । मानवजातिले बाँच्नका निम्ति गरेका सङ्घर्ष, त्यसक्रममा हुने गरेका पतन र उत्थान, ध्वंश र निर्माण तथा जय र पराजयजस्ता समस्त घटनाहरू पनि कथा नै हुन् (पौडेल, २०६५ : १२) ।

कथा गद्यशैलीमा लेखिने वा सुन्ने सुनाइने सर्वाधिक लोकप्रिय विधा हो । गद्यशैलीका रूपमा यस विधाको जन्म र विकास भएको हुँदा पुराएतिहासिक र प्राक्ऐतिहासिक पुराकथा, पौराणिक कथा तथा लोककथाको परम्परामा आर्जित आनुवंशिक गुणलाई गर्भमा राख्दै जुन

प्रकारको पद्धतिमूलक अनुशासन कथाले प्राप्त भयो त्यसैले नै यसको कलासौन्दर्यको निर्माण गऱ्यो भन्ने धारणा रहेको पाइन्छ (श्रेष्ठ र शर्मा, २०५६ : ६७) ।

"कथा एउटा यस्तो आख्यान हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैमा पूर्ण हुन्छ" (एड्गर एलेन पो, श्रेष्ठ, २०५७ : ७) ।

त्यस्तै लक्ष्मीप्रसाद देवकोटाको भनाइअनुसार "छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ ।"

कथा एउटा यौगिक रचना हो । सबै अङ्गगत एकाइ किवा तथ्यहरू आनुपातिक सिङ्गो योगबाट यो बनेको हुन्छ । कथामा तत्त्वको आवश्यकता अनिवार्य हुन्छ तर सबै तत्त्व सबै कथामा अनिवार्य हुँदैनन् । कथा तत्त्वका बारेमा फरक–फरक अवधारणाहरू पाइन्छ । पुरानो परम्परावादी अवधारणाअनुसार कथाको तत्त्वहरूमा कथावस्तु, पात्र र चरित्रचित्रण, संवाद वा कथोपकथन, देश, काल र परिस्थिति, भाषाशैली र उद्देश्य मुख्य रूपमा रहेको पाइन्छ (श्रेष्ठ, २०६७ : ८) ।

यसरी विकसित हुँदै गएको साहित्य र समालोचना अनुसार कथाको संरचनात्मक ढाँचा अर्थात् रचनाविधानलाई दुई खण्डमा विभाजित गरिएको छ : संरचना र रूपविन्यास । कथाचिन्तक दयाराम श्रेष्ठले कथाको सैद्धान्तिक अध्ययनका क्रममा कथानक, पात्र, दृष्टिबिन्दु र सारवस्तुलाई कथाको संरचनाअन्तर्गत र पदविन्यास, बिम्ब, प्रतीक, गति, व्यङ्ग्य, तुलना, उपमा, प्राक्सन्दर्भ आदि सूक्ष्म तत्त्वहरू, रूपविन्यास अन्तर्गत रहेको पाइन्छ । घनश्याम नेपालले कथावस्तु/कथानक, पात्र/चरित्रचित्रण, विचारतत्त्व वा सारवस्तु, परिवेश, प्रतीक र बिम्ब, समय, गति र लक्ष्य, भाषा आदिलाई आख्यानका तत्त्व मानेको पाइन्छ । त्यस्तै नेपाली साहित्यका परिप्रेक्ष्यमा ईश्वर बरालले कथाका उपकरणहरूका बारेमा ठोस सङ्ख्या निर्धारण गर्न नसकिने प्रसङ्ग उल्लेख गर्दै कथाको संरचना विधान अनुरूप कथानक, क्रियाकलाप, चरित्र, घटना, सङ्घर्ष, परिवेश, कौतुहल, चरमोत्कर्ष र प्रभौवेक्य गरी नौवटा उपकरण हुन सक्ने विचार व्यक्त गरेका छन् । यसैगरी डा. गोपीन्द्र पौडेलले कथाको संरचनात्मक सङ्गठन वा यसका संरचक घटकहरूमा कथानक, चरित्र, विचार, दृष्टिबिन्दु र भाषा आदिलाई कथाका आधारभूत एवम् प्रमुख

उपकरणका रूपमा प्रस्तुत गर्नुका साथै अन्य गौण महत्त्व उपकरणहरू संवाद, सारवस्तु, उद्देश्य, परिवेश, रूपविन्या, प्रतीक र बिम्ब, गति र लय, द्वन्द्व, घटना आदिलाई कथामा अन्य संरचक घटकका रूपमा उल्लेख गरेको पाइन्छ ।

यसरी कथाको संरचनात्मक सङ्गठन वा यसका संरचक घटकहरू अर्थात् तत्त्वहरूका बारेमा माथि गरिएका चर्चाका आधारमा कथानक, चरित्र/पात्र, परिवेश, दृष्टिबिन्दु भाषाशैली र उद्देश्यलाई कथाको आधारभूत एव्म प्रमुख तत्त्वअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ ।

## ४.१.१ कथानक

कथानक कथाको स्थूल तत्त्व हो, जसमा विभिन्न घटनाहरूको व्यावहारिक विन्यास भएको हुन्छ । कथामा विन्यास हुने घटनाहरूको योजनाबद्ध विकासको साथै कार्यकारण शृङ्खलामा आधारित सङ्गठनात्मक स्वरूप नै कथानक हो (पौडेल, २०६५ : १०) । कथानक नै कथाको वृहत्तम तत्त्व, घटक वा अवयव हो । कथामा यस तत्त्वको व्याप्ति सर्वत्र हुने भएकाले अन्य तत्त्व वा घटकहरूलाई समेत यसले गहिरो प्रभाव पारेको हुन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति हो (श्रेष्ठ, २०५७ : ९) । कथाको निर्माण निश्चित कथानक ढाँचामा हुने हुँदा वस्तु र घटनामा एकता, अन्विति तथा एकदेशीयता हुने गर्दछ । कथामा आदि, मध्य र अन्त्यको क्रमबद्ध प्रस्तुति कथानकका माध्यमबाटै हुने गर्दछ र कथा आरम्भ, उत्कर्ष र ह्रास हुँदै कसरी निष्कर्षमा पुग्छ भन्ने कुरा पनि कथानकबाटै प्राप्त हुने देखिन्छ (पौडेल, २०६५ : ११) ।

## ४.१.२ पात्र/चरित्रचित्रण

कथाको स्थापत्य कलामा पात्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन् । जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले यो अङ्गबिना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन (श्रेष्ठ, २०५७ : १०) । चरित्रहरू पनि कथाको अनिवार्य तत्त्व हुन् । कथामा चरित्रको सम्बन्ध कथानक, कथावस्तु र विचारतत्त्वका साथै परिवेश तथा संवादसँग पनि हुन्छ । चरित्रहरू कथानकका आधार हुन् जसले क्रियाव्यापार र द्वन्द्वमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । पात्रहरू कथानकका जीवन्त एवम् क्रियाशील अङ्ग हुन् जसले कथालाई गतिशील बनाउने गर्दछन् । कथामा चरित्रको सम्बन्ध

संवाद, कार्यव्यापार, आरोह अवरोह मात्र नभई भावना र विचारको सम्प्रेषण गर्ने सशक्त माध्यमका रूपमा पनि हुनुपर्ने देखिन्छ । मानवेत्तर वस्तु, पशुपक्षी तथा वायुवृक्ष आदिलाई पनि पात्रका रूपमा गरिएको देख्न सकिन्छ । कथाका पात्रहरूलाई भूमिकाका आधारमा उच्च, मध्यम, निम्न पात्र, विचारका आधारमा क्रान्तिकारी, सुधारवादी र यथार्थवादी पात्र, गतिशीलताका आधारमा गतिशील र स्थिर पात्र, स्वभावका आधारमा अन्तर्मुखी र बहिर्मुखी पात्र भनेर वर्गीकरण गर्न सकिन्छ । यस अतिरिक्त क्षेत्रीयता, जातयिता, लिङ्ग, आसन्नता, आबद्धता, उमेर आदिका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ (पौडेल, २०६५ : १३) ।

## ४.१.३ परिवेश

कुनै एउटा क्षेत्र विशेषका जैविक, रासायनिक एवम् भू–भौतिक तत्त्वहरूलाई कुनै जीवन विशेषका वा त्यस क्षेत्रका प्राणीका सन्दर्भमा पर्यावरण मानिन्छ । आख्यानमा पर्यावरण भन्नाले इतिवृत्तको क्रम र प्रकृतिलाई परिभाषित गर्ने तथा पात्रका बाह्याचरण एवम् बाह्य परिवेशलाई विशिष्टता प्रदान गर्ने प्रकृति, मानवीय सम्बन्ध एवम् सामाजिक, आर्थिक पृष्ठभूमि आदि भन्ने बुझिन्छ (नेपाल, २०६८ : ९३) । कथामा परिवेश स्थानगत, कालगत र पात्रगत रूपमा आउन सक्छ । कथामा कुनै समय विशेषको वर्णन र झझल्को प्रस्तुत गर्दा स्थानगत र पात्रका मानसिक–भौतिक क्रिया प्रतिक्रियाको बारेमा उल्लेख गर्दा पात्रगत वा मनोगत परिवेश निर्माण हुन्छ (पौडेल, २०६५ : २५) ।

## ४.१.४ दृष्टिबिन्दु

कथामा पात्रलाई कुन स्थानमा राखेर कथाको रचना गर्ने भन्ने प्रश्नको उत्तर नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुलाई कथाकारको विचारवाहक माध्यम तथा पाठकसम्म पुग्ने माध्यम पनि मानिन्छ । कथाकारले आफ्नो दृष्टिकोणलाई बोक्ने पात्रको छनोट दृष्टिकेन्द्री पात्र हो भन्ने त्यो पात्र क्रियाशील हुने तथा कार्यव्यापार सम्पन्न गर्ने ठाउँ नै दृष्टिबिन्दु हो । कथामा दृष्टिबिन्दुलाई आन्तरिकमा प्रथम पुरुष र बाह्यमा तृतीय पुरुष दृष्टिबिन्दुमा वर्गीकरण गरी त्यसका पनि प्रथम पुरुष अन्तर्गत केन्द्रीय, परिधीय र तृतीय पुरुष अन्तर्गत सर्वज्ञाता, वस्तुगत र सीमित जस्ता उपविभाजनहरू गरिएको पाइन्छ । कथामा कथाकार स्वयम् वा अन्य 'म' पात्र कथावाचक भए केन्द्रीय दृष्टिबिन्दु र कथामा 'म' पात्र भएर पनि त्यसले गौण भूमिका ग्रहण गरेको स्थितिमा परिधीय दृष्टिबिन्दु हुन्छ । त्यस्तै तृतीय पुरुष

दृष्टिबिन्दुमा कथावाचक 'ऊ' पात्र कथाका अन्य पात्र र घटनाका बारेमा नालीबेली लगाउन सक्षम छ भने सर्वज्ञाता दृष्टिबिन्दु तर आफै स्वयम् यावत् स्थितिका बारेमा जानकारी नराख्ने अन्य पात्रबाट जानकारी प्राप्त गर्छ भने सीमित र यदि तृतीय पुरुष पात्रको प्रयोगमा कथाकार निरपेक्ष रहन्छ र पात्रलाई मात्र क्रियाव्यापारमा संलग्न गराउँछ भने त्यो वस्तुगत दृष्टिबिन्दु हुन्छ (उही : १९–२१) ।

## ४.१.५ भाषाशैली

भाषा कथा वा साहित्यका सम्पूर्ण विधाको मात्र होइन सिङ्गो मानवीय व्यवहार र क्रियाकलापको अनिवार्य तत्त्व हो । भाषा अभिव्यक्तिको अनिवार्य माध्यम हुनाले साहित्यमा हुने कलात्मक अभिव्यक्तिको माध्यम पनि भाषा नै हो । लेखकले भाषाका विशिष्ट गुण तथा क्रियाकलापको प्रतिबिम्बन गर्दछ र उसको त्यही कुशलताले नै भाषिक प्रभावको निर्धारण गर्दछ । कथामा भाषाको सम्बन्ध बाह्य संरचनासँग मात्र नभएर अन्तर्वस्तुसँग पनि गाँसिएको हुन्छ । कथामा भाषाको तात्पर्य शब्द चयन र वाक्यविन्यास मात्र नभएर पात्रका शारीरिक चेष्टा, हाउभाव, परिवेश आदि पनि देखिन आउँछ (उही : २२–२३) । साहित्य भाषाद्वारा मूर्तता प्राप्त गर्ने वा स्वरूप धारणा गर्ने कला हो, आख्यान यही कलाको विशिष्ट रूप हो । आख्यानको संसार भाषिक संसार हो, त्यहाँ भित्रको मूलक आवाद गर्ने चरित्रहरू, ठाउँ, परिवेश, समय परिस्थिति, मनस्थिति, घटना, सङ्घर्ष, प्रेम, आनन्द आदि सबैथोक भाषिक निर्मित हुन् (नेपाल, २०६८ : १३८) ।

## ४.१.६ उद्देश्य

कथा पढिसकेपछि जुन कुराको बोध पाठकले गर्दछ वा जुन सन्देश प्राप्त गर्दछ त्यही विचारतत्त्व हो । कथाका दुई मूल पक्षहरू हुने गर्दछन् कलात्मक र वैचारिक कथागत उद्देश्य नै वैचारिक पक्ष हो । उद्देश्य कथाकारको जीवनदृष्टिसित गाँसिएको हुन्छ अर्थात् कथाको सार पक्ष नै कथाको उद्देश्य हुने गर्दछ र कथाको सारतत्त्व भनेको नै कथाको निष्कर्ष हो । मानव व्यक्तित्वलाई समग्रतामा प्रतिबिम्बन गर्नु नै सच्चा यथार्थवादी साहित्यको उद्देश्य भएकाले यथार्थवादी कथाको चरित्रचित्रण पनि मान्छेको समग्रतालाई चित्रित गर्ने खण्डको

हुनुपर्छ । त्यसैले उद्देश्यबिना पात्रको चयन र चरित्रचित्रण सम्भव हुँदैन (गौतम, २०६४ : ३५) ।

कथामा प्रस्तुत गरिएको समग्र वैचारिक पक्ष निचोड नै सारवस्तु हो र त्यही कथाकारको उद्देश्य पनि हो । कथा लेखनको तात्पर्य कथा सुनाउनु मात्र नभएर एउटा कलात्मक कार्य सम्पन्न गर्नु हो, जसको सम्बन्ध जीवनका अनेक घात–प्रतिघातसँग हुन्छ । विचारको सम्प्रेषणबाट नै अग्रगामी चेतनाको सम्प्रेषण गर्नु हो । जीवनका द्वन्द्वशील एवम् परिवर्तनशील प्रवाहको प्रभाव कथामा पर्ने हुनाले सो अनुसारको सामाजिक परिवेश र जनजीवनको प्रतिबिम्बन कथामा हुने गर्दछ । त्यसैले समाजमा विद्यमान सामाजिक सम्बन्ध, वर्गीय द्वन्द्व र त्यसलाई परिभाषित गर्ने पद्धति नै आजका कथाको मुख्य उद्देश्य हो । त्यसैले कथाकारले कथामार्फत व्यक्त गर्न खोजेको भाव, विचार वा सन्देशलाई नै कथाको उद्देश्य भनिन्छ (पौडेल, २०६५ : १६–१८) ।

## ४.२ कथातत्त्वको आधारमा किरण शाक्य पन्तको 'उज्यालो भविष्यको पर्खाइमा' कथासङ्ग्रह भित्रका कथाहरूको विश्लेषण

### ४.२.१ उज्यालो भविष्यको पर्खाइमा कथाको विश्लेषण

(क) कथानक

(ख) पात्र/चरित्रचित्रण

(ग) परिवेश

(घ) भाषाशैली

(ङ) दृष्टिबिन्दु

(च) उद्देश्य

#### ४.२.१.१ कथानक

सामन्ती वर्गको शोषण, दमन र सामाजिक कुपरम्पराको कारण गाउँ छोड्न बाध्य दिलबहादुर काठमाडौं सहरमा गएर केही गरेर खाने अठोटका साथ सहर बस्छ । काठमाडौंमा बस्ने र खाने समस्याले आत्तिएको दिलबहादुर र उसको परिवार वाग्मतीको किनारमा बस्न थाल्दछन् । भोकले आत्तिएका उसका परिवारको भोक टार्न खुकुरी बनाएर

बेची त्यस दिनको भोक हटाउँछन् । यसरी भोक र गरिबीले निरास भएका दिलबहादुर र सुन्तली देशमा शान्ति, लोकतन्त्र आयो रे, नयाँ सरकार आयो रे भन्दै हामी जस्ता गरिब निमुखाहरूले पनि खाने लगाउने, रोजीरोटीको बन्दोबस्त हुन्छ भन्दै भविष्यका उज्याला दिनहरूको पर्खाइमा बाँचिरहेको व्यक्त गर्दै कथा टुङ्गिएको छ ।

**उज्यालो भविष्यको पर्खाइमा** कथाको कथानकको स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । एउटै मात्र कथानक आएकोले यसको कथानक सरल र कार्यकारण शृङ्खलामा आबद्ध भई आदि, मध्य र अन्त्यको तिनै अङ्गमा पूर्णता पाइन्छ । यस कथामा बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व नै सबल रूपमा आएका छन् । यस कथामा कथानकमा घटनाको संयोजन सचेत ढङ्गबाट गरिएको हुँदा कथामा कौतुहलता सिर्जना हुन पुगेको छ । गरिब, निमुखा, निम्नवर्गीय व्यक्तिले व्यहोर्नु परेको बाध्यता, पीडालाई चित्रण गर्दै के साँच्चै दिलबहादुरको आगामी दिन उज्यालो र सुखमय हुनेछ त भन्ने कौतुहलतामा कथाको अन्त्य भएको छ । यस दृष्टिले कौतुहलको सशक्त विन्यासले कथा रोचक, कलात्मक, स्वाभाविक र यथार्थपरक बनाएको छ । यस कथाको कथानकमा वर्गीयद्वन्द्वलाई सशक्त रूपमा अगाडि सारिएको छ । अगामी दिनको सुनौलो सपनाहरूसँगै अगाडि बढिरहेको दिलबहादुर देशमा गणतन्त्र आएपछि गरिब, निमुखाहरूले पनि बाँच्ने आधार पाउने आशामा कथाको अन्त्य भएको छ ।

### ४.२.१.२ पात्र/चरित्रचित्रण

यस कथामा दिलबहादुर, उसकी श्रीमती सुन्तली, छोरा गोथे र छोरी फूलौरीका साथै मर्निङ वाक गर्ने मानिसहरू, अफिस अड्डा जाने मानिसहरू पात्रका रूपमा उपस्थित छन् । यहाँ दिलबहादुर मुख्य पात्रको रूपमा आएको छ भने सुन्तली सहायक पात्रको रूपमा आएकी छ । त्यस्तै उसका छोराछोरी गोथे र फूलौरी, मर्निङ्ग वाक जाने मानिसहरू र अफिस अड्डा जाने मानिसहरू गौण पात्रका रूपमा उपस्थित छन् । यिनै प्रमुख, सहायक र गौण पात्रहरूको उपस्थितिले कथामा घटनालाई प्रभावकारी तुल्याएको छ ।

प्रस्तुत कथाको दिलबहादुर प्रमुख पुरुष पात्र हो । ऊ जातीय छुवाछुत र भेदभावका कारण गाउँबाट विस्थापित भई सहर बस्ने एक निम्नवर्गीय पात्र हो । दिलबहादुर सोझो गरिब, निम्नवर्गीय, अनुकूल, गतिशील, बद्ध र मञ्चीय पात्र हो । त्यस्तै सुन्तली श्रीमान्का दुःखमा साथ दिँदै अगाडि बढेकी सहायक स्त्री पात्र हो । उसले आफ्ना श्रीमान्को हरेक काम

र दुःख सुखमा साथ र सहयोग गर्ने अनुकूल पात्र हो । त्यसैले सुन्तली निम्नवर्गीय गतिशील, बद्ध र मञ्चीय पात्रको रूपमा उपस्थित छ । त्यस्तै गरी उसका छोराछोरीको खासै भूमिका देखिँदैन ।

### ४.२.१.३ परिवेश

यस कथामा परिवेशको रूपमा काठमाडौँ सहरको बसपार्क, त्यस वरपर रहेको फुटपाथ, बाग्मती खोलाको किनार काठमाडौँको सहर बजार नै मुख्य रूपमा आएका छन् भने कथामा बिहान, दिउँसो र रातको समयगत परिवेशको झल्को पनि दिन्छ । नेपालमा प्रजातन्त्रको नाममा हुने गरेको वर्गीय शोषण, दमनलाई प्रस्तुत गर्दै गणतन्त्रमा वर्गीय मुक्तिको कामनासँगै खुसीको वातावरण देखाइएको छ । यस कथामा दुःख, सुख दुवै घामछायाको वातावरणमा आएको छ । रातपछि दिन आउँछ भन्ने आसामा सुनौलो दिनको प्रतिभा देखाइएको छ । नेपाली सामाजिक कुपरम्परा, संस्कार, सामन्ती दमन, शोषणका कारण गाउँ छोड्न बाध्य दिलबहादुर र निम्नवर्गीय गरिब निमुखाहरूले पाएको दुःख कष्टपूर्ण जीवनको यथार्थ चित्रण नै परिवेशको रूपमा यस कथामा आएको देखिन्छ ।

### ४.२.१.४ भाषाशैली

प्रस्तुत कथामा गाउँले सरल बोलीचालीको भाषा प्रयोग गरिएको छ । नेपाली जनजिब्रोको भाषा झिटिझाम्टी, झ्याम्टो डुङ्डको प्रयोगका साथै नेपाली उखान टुक्का दुःख पायो भनेर नआत्तिनु सुख पायो भनेर नमात्तिनु जस्ता उखान टुक्काको प्रयोगले कथा रसिलो बनेको छ । कथामा अधिकांश सरल वाक्यको प्रयोग छ भने संयुक्त वाक्यको प्रयोग भए पनि सहज किसिमको छ । उज्यालो भविष्यको पर्खाइमा विशेषगरी नेपाली समाजमा रहेका गरिब निमुखाहरूको पीडादायक, कष्टकर जीवन बिताउनेहरूको यथार्थ चित्रण गर्ने कथा भएकोले सरल, सुबोध, स्वाभाविक, सहज र आकर्षक भाषाको प्रयोग गरिएको छ ।

### ४.२.१.४ दृष्टिबिन्दु

यस कथाको कथयिता स्वयम् कथाकार हुन् । उनी कथाभन्दा बाहिर बसेर पात्रको मानसिक जगत्को अध्ययन गरिरहेकी छन् । तृतीय पुरुष दृष्टिबिन्दु मै कथाकारद्वारा नेपाली समाज र सामाजिक मूल्यमान्यता, विकृति र विसङ्गति प्रस्तुत गरिएको छ ।

### ४.२.१.५ उद्देश्य

यस कथामा नेपाली समाजमा रहेको वर्गीय र जातीय विभेदलाई चित्रण गरिएको छ । मानिस निम्न वर्गकै भएकोले शोषण, दमन, हेपाई सहनुपर्छ भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ साथै निम्नवर्ग र दलित जाति भए पनि उचित सहयोग पाएमा आफ्ना हक खोज्न अघि बढ्छन् भन्ने सन्देश यस कथाले प्रवाह गरेको छ । ग्रामीण नेपाली समाजमा व्याप्त जातीय छुवाछुतको अन्धोपनालाई प्रस्तुत गरिएको छ । गरिबी र जातीय भेदभावका कारण सामन्ती वर्गको शोषण, दमन र अत्याचारले गाउँ छोड्न बाध्य दिलबहादुर देशमा गणतन्त्र आएपछि लोकतन्त्र आएपछि आफू जस्तो गरिब निमुखाले पनि समतामा रम्ने फुल्ने अवसर पाउने आशावादी दृष्टिकोण प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा दिलबहादुर र उसका परिवारलाई गाउँबाट निकाल्ने सामन्ती वर्ग समाजका स्वाभाविक व्यक्तित्व हुन् । दिलबहादुर गरिब, सोझो, दलित भएको कारण उसको निश्छल चरित्र उदाङ्गो पारिएको छ । ऊ सोझो र निमुखा भएकोले कुनै प्रतिकार गरेको छैन । समाज जातीय विभेदको अन्त्य गर्नुपर्ने र निमुखाले पनि समाजमा समान हक अधिकारका साथै बाँच्न पाउनुपर्ने समाजवादी यथार्थवादी सन्देश प्रस्तुत गरिएको छ ।

## ४.२.२ 'अधुरो उपन्यास' कथाको विश्लेषण

### ४.२.२.१ कथानक

नेपाली समाजमा साहित्यकार, कलाकार वा स्रष्टालाई समाजले हेर्ने दृष्टिकोण र राष्ट्रले गर्ने उपेक्षालाई यस कथामा मुख्य विषयवस्तु बनाइएको छ । जस्तोसुकै दुःख, कष्टमा पनि स्रष्टाको सिर्जना शक्ति मर्न सक्तैन भन्दै आकाश भोको पेट लिएर अँध्यारो र चिसो कोठामा बसेर उपन्यास लेखिरहन्छ । गरिब, दुःखी र भोको पेट भए पनि आकाश आफ्नो सृजनाशक्ति, चिन्तन, मनन र अथक साधनाको फलस्वरूप 'परिवर्तन' नामक अर्को उपन्यासको थालनी गर्छ । आकाश साहित्य सिर्जनामा निरन्तर साधनारत भई नुहाउने, दाह्री काट्ने र आफू सफासुग्घर बन्ने फुर्सद नभएको र कोठा पनि त्यस्तै गन्हाउने र फोहोर देखेर माधवी रिसाउँदै आफ्नो सानो जागिरले बालबच्चा, घरव्यवहार चलाउन नसक्ने र साहित्य सिर्जनाले हदसेहद पाए हौसला र अभिनन्दन हो । त्यसले स्रष्टा र उसको परिवारको पेट पाल्न नसक्ने बताउँदै जागिर खोज्न दबाव दिन्छे । आकाश जागिर खाएर नैतिकता बेच्न

नचाहने र बाँचेर मर्ने होइन आफू मरेर बाँच्न चाहेको र आफ्ना यिनै कृति र सिर्जनाले बचाउने कुरा व्यक्त गर्छ । यसरी भोको पेट र गरिबीका कारण पनि आकाश निरन्तर उपन्यास सिर्जनामा लागिरहन्छ । यसै क्रममा एकदिन उसको मुखबाट रगत बगी फोक्सोको क्यान्सरका कारण मृत्यु हुन्छ र परिवर्तन नामक उपन्यास अधूरो नै रहँदा कथा टुङ्गिएको छ ।

'अधुरो उपन्यास' कथाको कथानकको स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । एउटै मात्र कथानक कथानकको सुगठित सिलसिलाले कथा सरल र रैखिक ढाँचामा रहेको देखिन्छ । यस कथामा आकाश र माधवी बिचका वैचारिक द्वन्द्व, आकाशको सिर्जनशील व्यक्तित्व, समाजमा साहित्यकारको दुःखपूर्ण अवस्था, राज्य वा समाजले गर्ने बेवास्ता नै कथाको मुख्य विषय बनेको छ । अँध्यारो चिसो कोठामा भोको पेट, अनेकौं दुःख, कष्ट भए पनि आकाशले साहित्य सिर्जना गर्नुबाट कथा सुरु भएको छ । माधवीले आकाशलाई जागिर खान दबाव दिनु, समाजमा मानसम्मान कमाउन पैसा चाहिन्छ भ्रष्ट घुस्याहा भए पनि, स्रष्टाहरू गल्लीका भुस्याहा कुकुर झैं भोकभोकै बाँच्नुपर्ने र मरेपछि मात्र शोकसभा, मौनधारण जस्ता कार्य गर्ने भन्दै व्यङ्ग्यात्मक रूपमा वैचारिक द्वन्द्व जस्ता घटनाहरू कथाको आरम्भ भागमा आएका छन् । आकाश निरन्तर उपन्यास लेखनमा लाग्नु, दिनदिनै दुब्लाउँदै जानु र एकदिन मुखबाट रगत बग्नु, श्रीमतीसँग अस्पताल लैजान आग्रह गर्दै आफू उपन्यासलाई अधुरो छाडेर अहिले नमर्ने बताउनु जस्ता घटनाहरू मध्य भागमा आएका छन् भने फोक्सोको क्यान्सर भएको कुरा थाहा हुनु र उपन्यासलाई अधुरो अवस्थामा छोडेर मृत्यु नजिक पुग्नुसम्मको घटना कथाको अन्त्य भागमा आएको छ । यसरी कथामा आदि, मध्य र अन्त्यको सुगठित संयोजन देखिन्छ । आकाश र माधवीका जीवनमा आएका आरोह–अवरोह क्रियाकलापका कारण कथा स्वाभाविक र यथार्थपरक छ ।

## ४.२.२.२ पात्र/चरित्रचित्रण

यस कथामा आकाश र उसकी श्रीमती माधवी मुख्य पात्रका रूपमा आएका छन् भने छोराछोरी, घरबेटी, पसलेको प्रसङ्गवश वर्णन मात्र भएको पाइन्छ । यस कथामा आकाश प्रमुख पुरुष पात्र हो भने आकाशकी श्रीमती माधवी सहायक स्त्री पात्र हो । कथामा पात्रको उपस्थिति कम भए पनि घटना एवम् कार्यव्यापार प्रभावकारी छ । प्रस्तुत कथामा आकाश प्रमुख पात्र हो । ऊ गरिब साहित्यमा सधैं क्रियाशील अनुकूल बद्ध र मञ्चीय

पात्रको रूपमा उपस्थित छ भने उसकी श्रीमती माधवी सहायक पात्र हो । ऊ अनुकूल, स्थिर, बद्ध र मञ्चीय पात्रको रूपमा उपस्थित छ । यस कथामा आकाशको भूमिका मुख्य रहे पनि माधवी पनि यति नै सक्रिय स्त्री पात्रको रूपमा उपस्थित छ । त्यस्तै डाक्टर यस कथाको गौण पात्र हो ।

## ४.२.२.३ परिवेश

यस कथामा मुख्य गरेर काठमाडौँ सहरको एउटा गल्लीभित्रको चिसो र फोहोर कोठा स्थानगत परिवेशका रूपमा आएको छ भने वीर अस्पतालको वातावरण पनि परिवेशको रूपमा आएको छ । गल्लीको एउटा पुरानो घरको चिसो कोठा जहाँ दिउँसै निष्पट अँध्यारो छ । प्रस्तुत कथाको वातावरण दुःख र पीडा मिश्रित रूपमा आएको छ । आकाशको मुखबाट एक्कासि रगत बगी मृत्युको नजिक पुगेको घटना जसबाट उसको परिवर्तन उपन्यास अधुरो रहेको जस्ता अवस्थाले दुःखान्त वातावरणको सिर्जना भएको छ । साहित्यकारको दुःखपूर्ण जीवन भोगाइ, त्यसमा पनि साहित्यिक सिर्जना र समाजले गर्ने उपेक्षित वातावरण नै मुख्य परिवेशको रूपमा आएको छ ।

## ४.२.२.४ भाषाशैली

नेपाली समाजका वर्ग विशेषका पात्रको प्रतिनिधित्व गर्ने यस कथामा सरल, सहज र पात्रानुकूलको भाषाको प्रयोग गरिएको छ । त्यसैगरी त, नि, नै जस्ता निपातहरूको प्रयोग, पुस्तक आदि आगन्तुक शब्दहरूको प्रयोग गरिए पनि कथा निकै मार्मिक, रोचक र स्वाभाविक बनेको छ । सरल र स्पष्ट शैलीको प्रयोग गरिएको छ ।

यस कथामा सरल, मिश्र र संयुक्त तिनै वाक्यको प्रयोग गरिएको छ । तर सरल वाक्यको आधिक्यता पाइन्छ । नेपाली समाजमा साहित्यकारको उपेक्षालाई माधवीको बाँचुन्जेल गल्लीको भुस्याहा कुकुर झैँ भएर भोकभोकै सुतेर बाँच्छन् र समाजमा मानसम्मान, इज्जत कमाउनलाई त पैसा चाहिन्छ, पैसा जस्ता व्यङ्ग्यात्मक वाक्यबाट स्पष्ट हुन्छ । यसरी कथामा सहरी परिवेशमा बस्ने सरल, सहज, स्वाभाविक भाषाको प्रयोग हुनुका साथै कथामा वर्णनात्मक र संवादात्मक शैलीको राम्रो संयोजन गरिएको छ । त्यसैले कथारोचक, मिठो बन्न पुगेको छ ।

### ४.२.२.५ दृष्टिबिन्दु

यस कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसेर बाह्य र पात्रका मानसिक परिस्थितिको चित्रण गरेकीले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दु मै कथाकारद्वारा नेपाली समाजमा स्रष्टाको अवस्था, स्थिति र उपेक्षालाई स्वाभाविक र यथार्थपरक ढङ्गले चित्रण गरिएको छ ।

### ४.२.२.६ उद्देश्य

यस कथामा नेपाली समाजमा साहित्यकारको रुचि, अवस्था, स्थान र साहित्यकारहरूको दुःखपूर्ण स्थितिको चित्रण गर्नु मुख्य उद्देश्य रहेको छ । चिसो र अँध्यारो कोठामा भोको पेट लिएर अनेकौं दुःख, कष्ट सहेर पनि स्रष्टाले आफ्नो सिर्जनालाई निरन्तरता दिइरहेको, जस्तोसुकै गरिबी सहनु परे पनि नैतिकता बेचेर पैसा कमाउन नचाहने, समाजले आफ्नो साहित्य सिर्जनालाई कुनै कदर र महत्त्व नदिए पनि वा अपहेलित र उपेक्षित गरी कुनै मानसम्मान, पुरस्कार प्रदान नगरे तापनि आफ्नो कलम सधैं अगाडि बढिरहने प्रगतिशील भाव विचार आकाशको माध्यमबाट प्रस्तुत गरिएको छ । आर्थिक अभावका कारण आफ्नो सिर्जनाका पानाहरू त्यत्तिै मूल्यहीन अवस्थामा कुनामा थन्किएको र गरिबीका कारण उचित उपचारको अभावमा आफ्नो साहित्यिक व्यक्तित्वलाई बिचैमा छाडेर जानुपर्ने वा आफ्ना सपनाहरूलाई अधुरो अवस्थामा छाडेर गएको यथार्थलाई प्रस्तुत गर्नु कथाको मुख्य उद्देश्य हो ।

## ४.२.३ 'स्मृतिका पानाहरू' कथाको विश्लेषण

### ४.२.३.१ कथानक

सामान्य गरिब भारी बोकेर आफू र आफ्नो परिवारको जीवन चलाउने सोमबहादुरको व्यथालाई मुख्य विषय बनाइएको यस कथामा पाइन्छ । कलिलो उमेरदेखि बुढेसकालसम्म पनि थाप्लो कुल्चिने गरी भारी बोकेर दिनको सय–डेढसय कमाएर आफ्नो जीविका चलाउँदै आएको सोमबहादुरलाई हुनेलाई दस पीर नहुनेलाई एकै पीर भनेझैं उसलाई पनि भोलि काम पाउँछु कि पाउँदिन भन्ने एउटै पीर थियो । दिनभरि इट्टा, ढुङ्गा,

माटो जे भेट्थ्यो, त्यही बोक्ने काम गर्दथ्यो र आफ्नो पसिनाको कमाइमा आनन्दित र सुखी थियो । त्यसै क्रममा खान खाएर छोराछोरीसँग दुःखसुखको कुरा गर्दा आफ्नी स्वास्नीलाई सम्झन पुग्छ । जवानीमा घटेका तीतामिठा सम्झनाहरू छोराछोरीलाई सुनाउँदा सुनाउँदै निदाउँछ र कथा टुङ्गिएको छ ।

'स्मृतिको पाना' कथाको कथानकको स्रोत नेपाली समाजको यथार्थ हो । कार्यकारण शृङ्खलामा आबद्ध भई आदि, मध्य र अन्त्य तिनै अङ्गमा पूर्णता पाइन्छ । सोमबहादुर ढुङ्गा, माटो, इट्टा बोकेर दिनको सय–डेढसय कमाउनु, मिहिनेतको कमाइमा आनन्दित हुनु, जमुनी घरको काम र मेलापात गरेर बाबुलाई आर्थिक सहयोग गर्नु, बरालिएर हिँड्ने छोरालाई सोमबहादुरले हप्काउनु कथानकको आरम्भ भाग हो । दिदीभाइको झगडा पर्नु, पूर्णेले जमुनीलाई भुत्ल्याउनु, सोमबहादुरले तिहुनमा नुन बढी भएको अनुभव गर्नु, स्वास्नीलाई सम्झनु कथानकको उत्कर्ष भाग हो । स्वास्नीसँग बिताएका पलहरूको सम्झना गर्दै साथीभाइहरू, गाउँघर सम्झिनु, जङ्गल मासेर पहिरोले आफ्नी स्वास्नीको मृत्यु भएको दुःख व्यक्त गर्नुसम्मको घटना मध्य भागमा आएको छ । विगतका जीवन व्यथा सुनाउँदा सुनाउँदै सोमबहादुरको छोराछोरी निदाउनु र आफू पनि कतिबेला निदाएर घुर्न थाल्नु कथानकको अन्त्य भाग हो । यसरी सोमबहादुरको जीवनका आरोह–अवरोह एवम् पूर्व स्मृतिमा रहेका तीतामिठा सम्झनाले नै कथा यथार्थपरक र स्वाभाविक बनेको छ ।

### ४.२.३.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा सोमबहादुर, छोरी जमुनी, छोरा पूर्णे, उसकी स्वास्नी, उसका साथीहरू चमेली, साइली, माइली, पातली र मुखिया पात्रका रूपमा उपस्थित छन् ।

यस कथामा मुख्य भूमिका सोमबहादुरको रहेको हुनाले ऊ प्रमुख पुरुष पात्रको रूपमा उपस्थित छ । ऊ भारी बोकेर जीवन चलाउने निम्नवर्गीय पात्र हो । पसिनाको कमाइमा रम्ने अनुकूल पात्र हो । जीवनमा आइपर्ने विभिन्न दुःखकष्टहरूलाई पार गर्दै समयसँगै अगाडि बढिरहन गतिशील पात्र हो भने आसन्नताका दृष्टिले मञ्चीय पात्र हो । उसकी छोरी जमुनी बाबुलाई सहयोग गर्ने, दुःखसुखमा साथ दिने र क्रियाशील रहने सहायक स्त्री र गतिशील पात्र हो । यस्तै प्रवृत्तिका आधारमा अनुकूल र आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

सोमबहादुरको छोरा पूर्णे पुरुष गौण पात्र हो । त्यसै गरी सोमबहादुरकी स्वास्नी, साथीहरू चमेली, साइँली, माइली, पातली र मुखिया गौण पात्रहरू हुन् ।

### ४.२.३.३ परिवेश

प्रस्तुत कथामा सर्वहारा गरिब सोमबहादुरको जीवनयापन र उसले जीवनमा भोगेका तीतामिठा क्षण र दुःखसुखलाई कथाको मूल परिवेश बनाइएको छ । यस कथामा परिवेशको रूपमा नेपाली समाजको गाउँले जीवनको चित्रण पाइन्छ । स्पष्ट परिवेश नतोकिए पनि पानीपँधेरो, बाखापाठा, मेलापातजस्ता घटनाले गाउँले जीवन नै परिचित गर्छ भने पूर्वस्मृतिको रूपमा नेपालको कुनै एक गाउँको वर्णन र त्यहाँको खोला, वनजङ्गल, बाढीपहिरो परिवेशको रूपमा आएको छ । त्यस्तै समयगत परिवेशको रूपमा विहान, दिउँसो र बेलुकाको झल्को पाइन्छ ।

यस कथामा दुःख, सुख वा आनन्द वातावरणको रूपमा आएको छ । समय, कालको अवगत नभए पनि सोमबहादुरको कलिलो उमेरदेखि बुढेसकालसम्मको घटना कथामा चित्रित भएको पाइन्छ । निम्नवर्गीय गरिब जीवनको दुःख, कष्ट र यथार्थ चित्रण नै यस कथाको परिवेश भएको छ ।

### ४.२.३.४ भाषाशैली

प्रस्तुत कथामा निम्नवर्गीय ग्रामीण जीवनमा बोलिने जनजिब्रोको भाषा निकै मार्मिक रूपले प्रस्तुत भएको छ । जस्तै बा भात खान खाऊ, गावैं गा'को, तिहुन आदि । नि, नै, त जस्ता निपातहरूको प्रयोग गरिएको छ । बुढो हाड घोट्न सकुन्जेल घोटौंला जस्ता व्यङ्ग्यात्मक भाषाको प्रयोगले कथा रोचक बनेको पाइन्छ ।

प्रस्तुत कथामा नेपाली ग्रामीण परिवेशमा बस्ने वर्ग विशेषले बोल्ने भाषाको प्रयोगका साथै सरल शब्दहरूको चयनले कथा स्वाभाविक बनेको छ । केही संवादात्मक शैलीको प्रयोग भए तापनि वर्णनात्मक शैलीको नै विशेष प्रयोग पाइन्छ । सरल वाक्यको बाहुल्यता रहेकोले कथा सरल, सहज र स्पष्ट बनेको छ ।

### ४.२.३.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको समाख्याता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसेर कथाको पात्रको आन्तरिक र बाह्य परिवेशको चित्रण गरेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । तृतीय पुरुष दृष्टिबिन्दु मै कथाकार निम्नवर्गीय सर्वहारा जीवनको चित्रण गर्न सक्षम भएको देखिन्छ ।

### ४.२.३.६ उद्देश्य

प्रस्तुत कथामा गरिब, शोषित, निम्नवर्गीय र सर्वहारा वर्गको यथार्थ चित्रण वा उनीहरूको जीवन व्यथालाई चित्रण गर्नु मुख्य उद्देश्य रहेको देखिन्छ । यस कथामा सोमबहादुर जस्तो निम्नवर्गीय पात्रको माध्यमबाट हाम्रो समाजमा रहेका दुःखी, गरिब र यसमा भारी बोकेर आफू र आफ्नो परिवारको छाक टार्न बाध्य र विवश जीवनको चित्रण पाइन्छ । त्यस्तै गाउँका सामन्ती शोषकवर्गका कारण पुर्ख्यौली सम्पत्ति ब्याजै ब्याजमा लुट्ने प्रवृत्तिलाई पनि देखाइएको छ ।

यस कथामा सोमबहादुर जस्तो गरिब र सर्वहारा व्यक्ति गाउँका शोषक र सामन्तहरूको कारण आफ्नो सहयात्रीको मृत्यु भई सुखमय दाम्पत्य जीवन दुःखमा परिणत भएको यथार्थ र कारुणिक पक्षलाई यस कथामा प्रस्तुत गरिएको छ । हाम्रो प्राकृतिक सम्पदा वनजङ्गल मास्नाले गाउँमा बाढी पहिरो जस्ता प्रकोपहरूको कारण गाउँ सखाप हुने यथार्थतालाई प्रस्तुत गर्नु नै मुख्य उद्देश्य हो ।

## ४.२.४ 'अवकाश' कथाको विश्लेषण

### ४.२.४.१ कथानक

नेपाली समाजमा बढ्दै गएको पश्चिमेली संस्कृति र सभ्यताले ल्याएको नकारात्मक असर र त्यसले समाजमा पारेको विकृति र विसङ्गतिलाई देखाउनु यस कथाको मुख्य विषयवस्तु हो । जागिरे जीवनबाट अवकाश लिएका श्यामबाबु, समाज र परिवारमा विदेशी संस्कृतिले ल्याएको परिवर्तनबाट चिन्तित बन्दै आफ्नो मौलिक पहिचान गुमेकोमा दुःख प्रकट गरेको पाइन्छ । मध्यमवर्गीय श्यामबाबु आफ्ना श्रीमती र छोराछोरीको उच्च वर्गको चाहना

र माग पूरा गर्न नसक्ने र आफू रित्तो भाँडोझैँ रित्तिएको अनुभव गर्दै आत्महत्या गरेको अवस्थामा कथा टुङ्गिएको छ ।

प्रस्तुत कथाको कथानक ढाँचा रैखिक ढाँचामा अगाडि बढेको छ । यसको केन्द्रीय विषय अवकाश पछिका पट्यारिला दिन र विदेशी सभ्यताले भित्र्याएको विकृति, विसङ्गति र नेपालीहरूमा त्यसले पारेको प्रभावमा कथानक गाँसिएकाले कथा यथार्थपरक बनेको छ । कथामा आदि, मध्य र अन्त्यको सुगठित संयोजन रहेको देखिन्छ । सधैँझैँ श्यामबाबु झ्यालबाट सडकका दृश्य हेरेर आफ्नो पीर, वेदना बिर्सन खोज्नु, सडकका दृश्य परिवर्तन भएझैँ श्यामबाबु पनि कहिले हाँस्नु, कहिले रुनु, कथानकको आरम्भ भाग हो । एउटा गाइने सारङ्गी बजाउँदै आफ्नो वेदनाहरू गीत मार्फत् व्यक्त गरी पैसा कमाएर पेट पाल्ने आशा गर्नु, सडक छेउको एउटा पसलमा गई सारङ्गी बजाउँदा अपमानति हुनु र त्यहाँबाट जानु कथानक विकासको अवस्था हो । गाइनेको गीत पर्यटकले ध्यानपूर्वक सुन्नु, त्यस्तै ज्यापुको सुकूल कसैले नहेर्नु, तर एक जोडी पर्यटकले सुकूल किन्नु, श्यामबाबुलाई श्रीमती र छोराछोरीले दबाव दिनु, छोराछोरीको उच्च माग र श्रीमतीको देखासिकीलाई उसको पेन्सन र दुईवटा कोठा भाडाले पूरा गर्न नसक्नु र रिसले चियाको गिलास भित्तामा हानेर टुक्राटुक्रा पार्नु कथानकको मध्य भाग हो र कथा चरमोत्कर्षमा पुगेको छ । गिलासको आवाजले वातावरण भयानक हुनु, जानकीले फुटेका गिलास बटुल्न लाग्नु, पछाडिबाट ऐया भन्ने आवाज आउनु, श्यामबाबुले आत्महत्या गर्नु कथानकको अन्त्य भाग हो ।

प्रस्तुत कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । कथामा श्यामबाबुले जागिरबाट मात्र नभएर जीवनबाटै अवकाश लिएको घटनालाई स्वाभाविक र रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.२.४.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा श्यामबाबु, उसकी श्रीमती जानकी, छोरा दिपेश, छोरी रजनी, गाइने, ज्यापु, युवक साहुजी, दुई जोडी पर्यटक, पसलकी साहुनी पात्रका रूपमा उपस्थित छन् ।

यस कथामा श्यामबाबु प्रमुख पुरुष पात्र हो । ऊ जागिरबाट अवकाश प्राप्त मध्यमवर्गीय पात्र हो भने स्वभावका आधारमा आफ्नो सभ्यता, संस्कृति र नेपाली कलाकृतिलाई माया गर्ने अनुकूल पात्र हो । कथामा उसको भूमिका उल्लेख रहेकाले मञ्चीय

पात्र हो । त्यस्तै गाइने, ज्यापु कथालाई अगाडि बढाउन सहयोगी पात्रका रूपमा आएकाले सहायक पात्र हुन् । उनीहरू आफ्नो कला, मौलिक बाजा तथा गायन परम्परालाई जोगाउने अनुकूल पात्रका रूपमा उपस्थित छन् । कथानक विकासमा उनीहरूको भूमिका महत्त्वपूर्ण रहेकाले मञ्चीय र बद्ध पात्र हुन् । उनीहरू गीत गाएर र सुकूल बेचेर आफ्नो जीविका चलाउने निम्नवर्गीय पात्र हुन् ।

त्यसैगरी युवक साहुजी, जानकी, रजनी, पसलकी साहुनी, दिपेश प्रतिकूल पात्र हुन् भने दुई जोडी पर्यटक अरूको कला र सीपलाई सम्मान गर्ने अनुकूल पात्र हुन् । जानकी, रजनी, दिपेश, पसलकी साहुनी, युवक, साहुजी, पर्यटक गौण पात्र हुन् ।

### ४.२.४.३ परिवेश

प्रस्तुत कथामा श्यामबाबुका अवकाश पछिका विरक्तिएका दिनहरू र त्यसमा पनि एक दिनमा घटेका घटना नै मुख्य परिवेशको रूपमा आएका छन् । जीवनको आधा उमेर सरकारी जागिरमा बिताएपछि अवकाश पाएको चारवर्ष यसरी नै बितिरहेको थियो ।

यस कथाको सम्पूर्ण कार्यव्यापार श्यामबाबुको घर र नजिकको सडकमा भएको छ । काठमाडौँ सहरको व्यस्त सडक नजिकको एउटा घरको झ्याल र त्यसबाट देख्न सकिने वरपरका सडक नै मुख्य परिवेशको रूपमा आएको छ । सडकमा कोही हाँस्दै, कोही रुँदै हिँडिरहेको दृश्य परिवर्तन सँगसँगै श्यामबाबु पनि परिवर्तन हुन्छन् । सडक वरपरको पसल, भत्किन लागेका घर मन्दिरहरू परिवेशको रूपमा आएको छ । यस कथामा नेपाली बाजा, मौलिक लोक परम्परा, हस्तकलालाई अपहेलित गरी विदेशी संस्कारको नक्कल गर्ने परम्परा परिवेशको रूपमा आएको छ । एकदिनको विशेषगरी बिहानदेखि दिउँसोसम्मको घटना समयगत परिवेशको रहेको छ । आफ्नो मौलिक परम्परालाई त्याग्दै विदेशी संस्कारको नक्कल गर्नु, मध्यमवर्गीय श्यामबाबुले आफ्नो परिवारको चर्को इच्छा पूरा गर्न नसक्नुले नेपालीमा बढ्दै गइरहेको विदेशीको हावापानी यथार्थ परिवेशको चित्रण गरिएको छ । श्यामबाबुको अवकाशपछि विरक्तिएको जीवनबाट कथा सुरु भई आत्महत्या जस्तो दुःखित वातावरणमा गएर कथा टुङ्गिएको छ ।

## ४.२.४.४ भाषाशैली

प्रस्तुत कथामा नेपाली सहरी परिवेशमा बोलिने भाषाको प्रयोग गरिएको छ । वर्ग अनुसार पात्रहरू र पात्रअनुसारको बोलचालको भाषा प्रयोग भएको छ । यस कथामा सरल, मिश्र र संयुक्त तिनै वाक्यको प्रयोग गरिएको छ तर सरलभन्दा मिश्र र संयुक्त वाक्यको आधिक्यता पाइन्छ । त्यस्तै ड्याडी, डान्स, स्कर्ट, भेरी नाइस, मेम साहेब जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । काठमाडौँ उपत्यकामा बोलिने नेवारी भाषा छु ढाउ छु ढाउ, म्याः मस्यु जस्ता स्थानीय भाषाको प्रयोगले पनि कथा रोचक बनेको छ ।

कथामा संवादभन्दा मनोवाद बढी देखिन्छ । नेपाली परिवेशमा भित्रिँदै गएको पश्चिमेली संस्कृति र सभ्यताप्रति व्यङ्ग्य गर्दै लेखिएको यस कथामा सरल, सहज, सुस्पष्ट र स्वाभाविक भाषाशैलीको प्रयोगले कथा बोधगम्य बन्न पुगेको छ ।

## ४.२.४.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा कथयिता कथाकार स्वयम् हुन् भने उनी कथाभन्दा बाहिर बसेर कथाको पात्रहरूको मानसिक अवस्थाको चित्रण गरेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । नेपाली समाजले आफ्नो सभ्यता, संस्कार र मौलिकतालाई बिर्सँदै गएको यथार्थतालाई तृतीय पुरुष दृष्टिबिन्दुका माध्यमबाट सङ्केत गरेकी छन् ।

## ४.२.४.६ उद्देश्य

प्रस्तुत कथामा नेपाली समाजमा बढ्दै गएको पश्चिमेली संस्कृति र सभ्यताको नक्कलले निम्त्याएको नकारात्मक असर र आफ्नो मौलिकताको विनास देखाउनु नै मुख्य उद्देश्य हो । यस कथामा जागिरे जीवनबाट अवकाश पाएको श्यामबाबुको माध्यमबाट समाजमा देखिने यथार्थ घटनालाई कथामा देखाउन खोजेको छ । एउटा सर्वहारा गरिब गाइने जो सारङ्गीसँगसँगै आफ्नो पीर वेदनाले भरिएको गीतको माध्यमबाट केही पैसा कमाएर पेट पाल्ने आशा गर्दछ । तर युवापिढीमा बढ्दै गएको अङ्ग्रेजी पप गीतको प्रभावले उसको वेदना सुन्ने कोही नहुनु, त्यस्तै नेपाली हस्तकलाद्वारा निर्मित सुकूल लापोन्मुख भएको तितो सत्यको उद्घाटन गर्नु यस कथाको उद्देश्य हो ।

मध्यमवर्गीय परिवारको श्यामबाबुले आफ्ना श्रीमती र छोराछोरीको उच्च माग पूरा गर्न नसक्नु, आफ्नो क्षमता र आयस्रोतअनुसार घाँटी हेरी हाड निल्नु पर्छ भन्ने भनाइलाई पुष्टि गर्दै नत्र त्यसले विकराल स्थिति निम्त्याउने सन्देश दिन खोजेको छ ।

## ४.२.५ 'रने असनको चोकमा' कथाको विश्लेषण

### ४.२.५.१ कथानक

निम्नवर्गीय गरिब रने दशैं टार्नका लागि भारी बोकेर पैसा कमाउने उद्देश्य लिएर असनमा आउनु यस कथाको मुख्य विषयवस्तु हो । आएको सातदिनसम्म पनि काम नपाई आत्तिएको रने दशैंमा मिठो खाने र एकसरो राम्रो लगाउने सपनालाई टुक्राउन बाध्य भएको छ । पुरानो परम्पराको भारमा परेको रनेको परिवारमा हुनेलाई दशैं नहुनेलाई दसा भने झैं हुनु, काम नपाएर घुँडा र दुई पाखुराको बलले पेट थिचेर भोकलाई दबाउनु, फूलपाती नजिक आइपुग्दासम्म पैसा कमाउन नसक्नु र आफ्नो स्थितिबोध गर्दै परम्परा तोडी अघि बढ्ने कोसिस गर्नु यस कथाको कथानक विकासको पक्ष हो ।

रने असनको चोकमा कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । समाजमा रने जस्ता कयौं नेपाली दशैंमा मिठो खाने र राम्रो लगाउने आसामा चोक–चोकमा काम नपाएर भोको पेट लिएर बस्न बाध्य भएको यथार्थता नै मूल पक्ष हो । कथानक सरल प्रक्रियामा अगाडि बढेकोले कथानक रैखिक ढाँचामा आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध प्रस्तुति कथामा पाइन्छ । रने नाम्लो लिएर असनको चोकमा टुक्रुक्क बस्नु, काम पाउने आशामा भोको पेट थिचेर बस्नु कथानकको आरम्भ भाग हो । सातौं दिनसम्म पनि काम नपाउनु, दशैं टार्न नसक्ने भन्दै हतास र चिन्तित बन्नु, त्यत्तिकैमा एक जना साहुजीले भारी बोक्न बोलाउनु कथानक विकासको भाग हो । कमाएको आठ दश रुपियाले दशैं टार्न भन्दै अरू कामको खोजी गर्नु, श्रीमती र छोरी बाबुले नयाँ लुगा ल्याउने आसामा दङ्ग पर्नु, फूलपाती नजिकसम्म पनि काम नपाउनु आदि घटना कथाको मध्य भागमा आएको छ । निरास र हतास बनेको रने पुरानो परम्परालाई हटाई अगाडि बढ्ने दृढता गर्नु कथानकको अन्त्य भाग हो ।

यसरी कथाभरि नै रनेको अवस्था देख्दा करुण भावको सञ्चार भएको छ र नेपाली समाजमा गरिब, निम्नवर्गीय परिवारले मिठो खान र लगाउन भोग्नुपरेको पीडा र वेदनालाई यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.२.५.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा रने, एकजना साहुजी, रनेकी श्रीमती उजेली र छोरी झुम्की गरी जम्मा चार जना पात्रहरूको उपस्थिति रहेको छ । रने कथाको मुख्य पात्र हो भने उसकी श्रीमती उजेली, छोरी झुम्की र साहुजी गौण पात्रहरू हुन् । खासै पात्रको उपस्थिति र सहायक पात्र नभए पनि कथामा कार्यव्यापार अगाडि बढेको देखिन्छ ।

प्रस्तुत कथामा रने प्रमुख पुरुष पात्र हो । दशैं मनाउन पैसा कमाउने रहरमा सहर बसेको एक सरल ग्रामीण पात्र हो । साथै काम नपाएर भोको पेट घुँडाले थिचेर बसे पनि सोझो र अनुकूल पात्र हो । पुरानो परम्पराको भारलाई परिवर्तन गर्ने दृढता व्यक्त गर्ने गतिशील पात्र हो भने आसन्नताका आधारमा उसको भूमिका कथामा सक्रिय रहेकाले मञ्चीय र बद्ध पात्र हो । वर्गीयताका आधारमा ऊ निम्नवर्गको प्रतिनिधि पात्र हो । त्यसैगरी कथामा अन्य पात्रहरू उपस्थित रहे पनि तिनीहरूको भूमिका खासै नरहेकाले गौण पात्रहरू हुन् ।

### ४.२.५.३ परिवेश

प्रस्तुत कथामा काठमाडौँ सहरको असन चोक नै मुख्य परिवेशको रूपमा आएको छ । कथाको सम्पूर्ण कार्यव्यापार असनको चोक, बजार, बजारको चहलपहल, पसल जस्ता परिवेशमा सम्पन्न भएको छ । त्यसैगरी रनेको घर, दशैंको आगमनसँगै रनेको स्वास्नी घर छ्याप्ने काम गरिरहेकी, गरिबहरूले देख्ने सपनामा एकछाक मिठो खाने र लगाउने जस्ता सामान्य कुरालाई परिवेशका रूपमा चित्रण गरिएको छ ।

त्यस्तै दशैंको चहलपहसँगै रनेको चिन्तित मनको मुख्य वातावरण बनेको छ । कथामा दुःखसुख दुवै भाव मिश्रित रूपमा आएको देखिन्छ । कामको खोजी गर्दै असनको चोकमा फुस्रो अनुहार ल्याएर बस्नु, सात दिनसम्म कुनै काम नपाई भोको पेटलाई थिचेर बस्नु दुःखद वातावरण मान्न सकिन्छ । एउटा भारी बोकेर आठ–दस रुपिया कमाउनु,

त्यसले दशैंमा मरमसला, भुटुन किन्ने सोच बनाउनु, सपना बुन्न, लोग्नेले पैसा कमाएर गुन्योचोली, दशैं खर्च ल्याउँछ भन्दै उजेली प्रतीक्षा गर्नु र रने आफ्नो स्थितिबोध गर्दै परम्परालाई परिवर्तन गर्ने दृढता व्यक्त गर्नु सुखद वातावरण मान्न सकिन्छ ।

## ४.२.५.४ भाषाशैली

प्रस्तुत कथामा नेपाली समाजको ग्रामीण परिवेशमा बोलिने सरल, सहज भाषाको प्रयोग गरिएको छ । यस कथा निम्नवर्गीय गरिब रनेलाई प्रमुख पात्र बनाइई उसैको प्रतिनिधित्वमा कथा अगाडि बढेकाले वर्ग विशेष स्वाभाविक र पात्रानुकूल भाषाको प्रयोग पाइन्छ । र, त, छ जस्ता निपातहरूका प्रयोग, ग्रामीण परिवेशमा बोलिने स्थानीय कथ्य भाषाको प्रयोग पाइन्छ । तेस्किमा लाने, भुटुन, बोक्छ साउ जस्ता शब्दको प्रयोगले कथामा मिठास थपेको छ ।

कथामा थोरै संवाद भए पनि मनोवाद शैलीमा अगाडि बढेको देखिन्छ । गरिब, निम्नवर्गीय पात्रको प्रयोग सोही अनुरूपको भाषा कथाको थप रोचक, स्वाभावि पक्ष हुन् । सरल भाषाको प्रयोगले कथा सरल र सहज बनेको छ ।

## ४.२.५.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा कथाकार कथाभन्दा बाहिर बसी पात्रको मनोगत प्रवृत्तिलाई केलाउने काम गरेकाले यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथामा रने पात्रको माध्यमबाट हजारौं भरियाहरूका वेदनालाई प्रस्तुत गर्ने काम तृतीय पुरुष दृष्टिबिन्दुमा भएको छ ।

## ४.२.५.६ उद्देश्य

प्रस्तुत कथामा निम्नवर्गीय गरिब, निमुखा, दुःखीहरूका लागि हुनेलाई दशैं नहुनेलाई दसा भनेझैं मासुभात खान र नयाँ लुगा लगाउन पनि धौधौ परेको स्थितिलाई देखाउनु नै मुख्य उद्देश्य हो । यस कथाको माध्यमबाट रने जस्तो हजारौं भरिया, कुल्ली, श्रमिकहरूले वर्षमा एकदिन दशैं मान्न नसकेको यथार्थलाई देखाउँदै समाजमा रहेका परम्परागत मान्यताले दुःखी गरिबहरूलाई झन् दुःखी बनाउँछ भन्न खोज्नु यस कथाको मूल सन्देश हो ।

यस कथाले हजारौं भरिया, गरिबहरूको प्रतिनिधित्व गर्ने रनेको माध्यमबाट आफ्नो क्षमता र स्थिति बोध गरी परम्परालाई तोड्दै अघि बढ्नुपर्छ भन्ने उद्देश्य लिइएको यस कथा स्वाभाविक र यथार्थपरक देखिन्छ ।

## ४.२.६ 'सन्तोष नै सुख' कथाको विश्लेषण

### ४.२.६.१ कथानक

सम्पत्तिको थुप्रोले मात्र मानिसलाई सुख दिँदैन लिन सके झुप्रोभित्र पनि जीवनको वास्तविक सुखशान्ति पाउन सकिन्छ भन्ने कुराको उद्घाटन गर्नु यस कथाको मुख्य विषयवस्तु हो । यस कथामा धनवीर आफ्नो गाउँमा नै बसेर हलो जोतेर, खेती किसानी गर्दै त्यसमा नै रमाउनु, उसकी श्रीमती सुनमायाले पनि घरव्यवहार र खेतीमा तल्लीन रहनु, गाउँका युवाहरू विदेशिने कुराले धनवीर दुःख व्यक्त गर्नु, मानिसले जीवनको वास्तविक सुखलाई चिन्न नसकेको, गाउँघरमा नै बसेर जोस, जाँगर, परिश्रम गरेर हाँसीखुसी बाँच्नुपर्ने आदि कथानकमा आएका छन् ।

प्रस्तुत कथामा कथानक सरल प्रक्रियामा अगाडि बढेकाले कथानक रैखिक ढाँचाको देखिन्छ । आदि, मध्य र अन्त्यको सुगठित संरचनामा कथानक अगाडि बढेको छ । बिहानीको घामसँगै धनवीरको चिटिक्क सफा घर, आँगन र विभिन्न फूलहरूले मनमोहक देखिनु, विहानीको जोससँगै धनवीर हलो लिएर खेतमा जानु, सुनमाया घरको कामधन्दामा लाग्नु कथानकको आरम्भ भाग हो । खेतबाट घरमा आएर खान खाँदा गाउँका युवाहरू विदेश जान लागेको कुरा सुनमायासँग गर्नु, आफू कहिल्यै विदेश नजाने बताउनु, छोरालाई विदेश पठाउन लखन्तरे पैसा माग्न आउनु, पैसा नभएको बताउनु, धनवीरमा बारीमा थरीथरी तरकारी देखेर जोस बढ्नु, खेतीबाहेक बाँसको चोयाबाट विभिन्न डोका, नाङ्ला डालो बुनेर बेच्नु, साथै गाउँमा कोही बिरामी भएमा जडीबुटीबाट औषधि उपचार गर्नु जस्ता घटना कथानकको मध्य भागमा आएको छ । चाडपर्वमा गाउँका मानिसहरूलाई बोलाएर आफ्नो आँगनमा नाचगान गर्नु कथाको चरमोत्कर्षता हो । हिउँद सकिएर वर्षायाम सुरु सँगै खेतीको काम सुरु हुनु र हलो जुवा लिएर किसानीमा लाग्नु कथानकको अन्त्य भाग हो ।

यसरी कथामा आएका घटना सुगठित, सरल र यथार्थपरक भएकाले यस कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो ।

## ४.२.६.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा धनवीर, सुनमाया, उनीहरूका छोराछोरी, लखन्तरे, उसको जेठो छोरा ठुले र कान्छो छोरा, साउनको छोरो वसन्ते, बिर्खेको छोरा झिल्के गरी नौजना पात्रहरूको उपस्थिति रहेको छ ।

प्रस्तुत कथाको धनवीर प्रमुख पुरुष पात्र हो । आफ्नो मिहिनेत परिश्रमबाट देशमा नै केही गर्न चाहने स्वदेशप्रेमी पात्र हो । विदेश गएर दुःख भोग्नुभन्दा अफ्नो माटो, खेती किसानी गरेर सन्तोष र सुख लिने अनुकूल पात्र हो । गाउँघरमा बिरामीहरूको सेवा गर्ने समाजसेवी मनको साँच्चै धनी व्यक्ति धनवीर र गतिशील पात्र हो भने मध्यमवर्गीय पात्रको प्रतिनिधि पात्र हो । कथा भरिनै उसको भूमिका अहम् र महत्त्वपूर्ण भएकाले मञ्चीय र बद्ध पात्रको रूपमा उपस्थित देखिन्छ । सुनमाया घर व्यवहारका साथै खेती किसानीमा लोग्नेलाई साथ दिने सहायक, स्त्री र अनुकूल पात्र हो । घरधन्दा बाहेक मौसम अनुसारको तरकारी खेती लगाउने गतिशील पात्र हो भने अन्य पात्रहरू गौण भूमिकामा देखिन्छन् ।

## ४.२.६.३ परिवेश

प्रस्तुत कथामा नेपाली ग्रामीण समाज स्थानगत परिवेशका रूपमा आएको छ । यस कथाको सम्पूर्ण कार्यव्यापार नेपालको पहाडी भागको एउटा ग्रामीण समाज, यहाँको घर, आँगन, फाँट, वनजङ्गल, खोला, खोल्सी, उकाली–ओराली, छाँगाछहराको सेरोफेरोमा सम्पन्न भएको छ । यहाँ नेपाली समाजमा विदेशको मोहले नेपाली युवावर्गमा पारेको प्रभावको चित्रण गर्दै आफ्नै माटोमा मिहिनेत र जाँगर गरेमा सुख, शान्ति यहीँ पाउन सक्ने भावको यथार्थ पक्षलाई परिवेशका रूपमा चित्रण गरिएको छ ।

प्रस्तुत कथामा हिउँद र वर्षायामको वातावरण नै कलागत परिवेशका रूपमा आएका छन् भने विहानीको झुल्के घाम, दिउँसो समयगत परिवेशको रूपमा आएको छ । यस कथाको वातावरणमा सुखद् भाव आएको छ । नेपालको पहाडी प्राकृतिक सौन्दर्यको चित्रणले कथा रोचक बनेको छ ।

### ४.२.६.४ भाषाशैली

प्रस्तुत कथामा नेपाली समाजको ग्रामीण वर्ग विशेषका पात्रहरूको प्रतिनिधित्व गर्ने कथा भएकाले सरल, सहज र पात्रानुकूलको बोलचालको भाषालाई प्रयोग गरिएको छ । ए, त, नि, नै, रे निपातहरूको प्रयोग हुनुका साथै टाट्नामा, डालो गिदेशीको घाँस, टौवा, गाँठे जस्ता नेपाली पहाडीय जनजिब्रोको भाषाको प्रयोगले कथामा मिठास थपेको छ ।

यस कथामा सरल, मिश्र र संयुक्त तिनै वाक्यको प्रयोग गरिएको भए पनि कथा सरल, सहज र स्वाभाविक लाग्छ । यस कथामा संवादात्मक र वर्णनात्मक दुवै शैलीको प्रयोगले कथा मिठास बनेको छ । मध्यम वर्गीय कृषकको जीवन गाथालाई लिएर रचना गरेको मान्छे धनले होइन मनले सुखी हुनुपर्छ भन्ने भाव व्यक्त गरिएको यस कथाको भाषाशैली रोचक, स्वाभाविक, यर्थापरक बनेको छ ।

### ४.२.६.५ दृष्टिबिन्दु

यस कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसेर पात्रका आन्तरिक र बाह्य क्रियाकलापको विचरण गरिरहेकीले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । तृतीय पुरुष दृष्टिबिन्दु मै कथाकारद्वारा नेपालको ग्रामीण जनजीवनको चित्रण गरिएको छ ।

### ४.२.६.६ उद्देश्य

विदेशमा गएर दुःखकष्ट पाउनुभन्दा आफ्नो देश, जन्मभूमिमा बसेर दश नङ्ग्रा खियाएर मिहिनेत गरेमा यही सुखी आनन्द मिल्दछ भन्ने भाव व्यक्त गरिएको यस कथामा पैसा नै सबैथोक होइन पैसाले मात्र सुख, शान्ति पाइँदैन । यदि सन्तोष लिन जानेमा झुप्रोमा पनि सुख शान्ति पाउन सकिन्छ भन्ने यथार्थको प्रस्तुति देखाउनु नै कथाको मुख्य उद्देश्य हो । समाजमा युवा पीढीमा विदेशिने क्रम बढ्दै गएको यथार्थलाई चित्रण गर्नु कथाकारको उद्देश्य देखिन्छ ।

कथाकारले कथा मार्फत मानिसमा जोस, जाँगर, उत्साह, उमङ्ग भएमा आफ्नै ठाउँमा प्रशस्त उन्नति गर्न सक्ने र आफ्ना हात पाखुरालाई क्रियाशील बनाएमा सुख र मिठो खान दुःख नहुने भाव व्यक्त गरिएको छ । कथामार्फत पैसालाई बढी महत्त्व दिएर सुख खोज्ने नाउँमा दुःखमा भस्ने यथार्थतालाई दर्शाउँदै वास्तविक सुख शान्ति आफ्नै झुप्रोमा हुन्छ भन्नु नै मूल उद्देश्य देखिन्छ ।

## ४.२.७ 'गाउँकी गोमा' कथाको विश्लेषण

### ४.२.७.१ कथानक

गाउँ समाजमा हुने गरेका विकृति, विसङ्गति, शोषण, अन्याय, अत्याचाारको विरुद्ध जनचेतना जगाउने र समाजलाई जागरुक बनाउन क्रियाशील नारी गोमाको चरित्रलाई उद्घाटन गर्न यस कथाको मुख्य विषयवस्त हो । कथामा गोमा एउटा गरिब किसानकी छोरी भए पनि पढाइमा तीक्ष्ण भएकीले उसले आइ.ए. सम्म प्रथम श्रेणीमा उत्तीर्ण गरी आफ्नै गाउँ फर्केर गाउँमा जनचेतना जगाउने, प्रौढ शिक्षा सञ्चालन गर्ने, प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था, महिला जागरण आदि समाजको सेवामा तल्लीन एउटा शिक्षित नारीको भूमिकालाई महत्त्व दिएको छ ।

प्रस्तुत कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । यस कथाको कथानक रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ । कथामा द्वन्द्वको प्रधानता पाइन्छ । आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग भए पनि बाह्य द्वन्द्व बढी सक्रिय देखिन्छ । क्याम्पसमा साथीहरूको व्यवहारलाई मनबाट प्रतिकार गर्नु आन्तरिक द्वन्द्व हो भने गाउँमा विकृति, विसङ्गति, अन्धविश्वास, दमन, शोषण विरुद्ध एकता भई लड्नु बाह्य द्वन्द्व हो ।

कथामा आदि, मध्य र अन्त्यको सङ्गठित संयोजन देखिन्छ । गोमाको बाल्यकालदेखि पढाइमा तीक्ष्ण हुँदै प्रथम श्रेणीमा एस.एल.सी पास गर्नु कथानकको आरम्भ भाग हो । काठमाडौँ गएर आइ.ए. पढ्न कन्या क्याम्पसमा भर्ना हुनु, उसको उच्च र गम्भीर दृष्टिकोण र पढाइको स्तरदेखि मिसहरूको प्रशंसा पाउनु, साथीहरूले ईर्ष्या गर्दै पाखेनी भनी अपमान गर्नुमा कथानक विकास भएको छ । सहरबाट गाउँमा आएर गरिब, अशिक्षितहरूलाई जनचेतना जगाउने उद्देश्यले प्रौढ शिक्षा, बालबालिकाको लागि घरमै निःशुल्क शिक्षा, साधारण उपचार लगायत गाउँमा हुने गरेका विकृति, शोषण र अपराधका विरुद्ध लड्न

नारी एकता सङ्घको स्थापना गर्नु, चेलीबेटी बेचबिखन, मद्यपान, धुम्रपानका विरुद्ध काम गर्नु र रक्सी खाएर स्वास्नी पिट्ने चन्द्रेलाई नारी एकताले सबक सिकाउनु र भट्टी पसलका जाँडका घ्याम्पाहरू फुटाउनुले कथानक चरमोत्कर्षमा पुगेको देखिन्छ । यो नै कथानकको मध्यभाग हो । नारी एकताको काम देखेर गाउँमा ठूलो सुधार आएको भन्दै उनीहरूलाई स्याबासी दिँदै कथा टुङ्गिएको छ जुन कथानकको अन्त्य भाग हो ।

## ४.२.७.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा गोमा प्रमुख पात्र हो । गोमाका बाबुआमा गोमाका साथीहरू रूपा, गीता, गायत्री सहायक पात्र हुन् । पुतली, चन्द्रे, चन्द्रेकी स्वास्नी, दीपक, कलेजका साथीहरू, मिसहरू, भट्टीकी आइमाई आदि गौण पात्रहरू पनि कथामा आएका छन् ।

गोमा यस कथाकी केन्द्रीय स्त्री पात्र हो । ऊ लेखकीय उद्देश्य अनुरूप अनुकूल प्रवृत्तिकी पात्र हो । गोमा शिक्षित, जागरुक, समाजसेवी, सक्रिय, निम्नवर्गीय नारी प्रतिनिधि पात्र हो । समाजमा हुने गरेका विकृति, शोषण, दमन, अन्याय, थिचोमिचोका विरुद्ध जनचेतना जगाउने गतिशील पात्र हो । महिलाहरूलाई एकजुट बनाई सामाजिक विभेदलाई हटाउन नारी एकता सङ्घमार्फत सामाजिक लडाइ लड्ने वर्गीय र मञ्चीय पात्र हो ।

गोमाका आमाबुवा, नारी एकताका सदस्यहरू रूपा, गीता, गायत्री निम्नवर्गीय पात्र हुन् । उनीहरू गोमालाई सहयोग गर्ने सहायक, अनुकूल र गतिशील पात्र हुन् । चन्द्रे र दीपक यस कथाका प्रतिकूल पात्र हुन् । पुतली, चन्द्रेकी स्वास्नी, कलेजका साथीहरू, मिसहरू, भट्टीकी आइमाई आदि गौण भूमिकाका पात्रहरू हुन् ।

## ४.२.७.३ परिवेश

यस कथामा नेपाली समाजको एउटा ग्रामीण परिवेश मुख्य रूपमा आएको छ भने काठमाडौँ सहरको कन्या क्याम्पस, त्यस वरपरको वातावरण नै परिवेशको रूपमा आएको छ । यस कथाको सम्पूर्ण कार्यव्यापार नेपालको एउटा गाउँमा सम्पन्न भए पनि केही घटनाहरू सहरिया परिवेशमा सम्पन्न भएको छ । एउटा गरिब किसानी छोरी गोमाले आफूले पाएको ज्ञान र शिक्षालाई गाउँसमाज विकास र सुधारमा समर्पित गरेको यथार्थ पक्ष नै परिवेशको रूपमा चित्रित छ ।

सहरिया जीवनमा बढ्दो पश्चिमी फेसन, आडम्बर, अस्तव्यस्तता, जताततै फोहोर, दुर्गन्ध, धुँवा,  धूलो, प्रदूषित वातावरणको रूपमा आएको छ भने गाउँको स्वच्छ हावापानी, सुन्दर प्राकृतिक छटा, लालीगुराँस फूलहरूले सजिएका भीरपहरा, सफा वातावरणको चित्रण गरिएको छ । यस कथामा गोमाको बाल्यकालदेखि बिस वर्षको उमेरसँगका घटना समयगत परिवेशका रूपमा आएको छ । चन्द्रेले स्वास्नी पिट्दा महिलामाथि हुने गरेका हिंसात्मक वातावरण चित्रण छ भने उसले स्वास्नी पिटेर बहादुरी देखाएकोमा नारी एकताले उसको बहादुरीलाई प्रहार गर्दै सबक सिकाउनुले समाजमा महिलाले भोग्दै आएका पीडा, अन्याय विरुद्ध लड्ने वातावरणको सिर्जना मुख्य परिवेश बनेको छ ।

### ४.२.७.४ भाषाशैली

प्रस्तुत कथामा ग्रामीण समाजका परिवेशका समस्या अनुरूपको पात्र छनोट भएकाले पात्रानुकूल बोलचालको भाषा प्रयोग भएको छ । नै, नि, रे, त, है, लौ, नि, खा जस्ता निपातहरूले कथामा मिठास भरेको छ । कथामा सरल, सरस शब्दको चयनले कथा रोचक बनेको छ । भट्टीतिरै गयो होला नि फेरि जाँड घोक्न जस्ता वाक्यको चयनले कथा स्वाभाविक बनेको छ ।

यस कथामा संवादात्मक र वर्णनात्मक दुवै शैलीको प्रयोग भएको पाइन्छ । कथामा सरल वाक्यको आधिक्यता भए पनि संयुक्त र मिश्र वाक्यको पनि प्रयोग पाइन्छ । सरल भाषाशैलीको प्रयोगले कथा रोचक, यथार्थपरक र सहज बनेको छ ।

### ४.२.७.५ दृष्टिबिन्दु

यस कथाको कथयिता कथाकरा स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसेर कथाका पात्रका मानसिक अवस्थाको चित्रण गरेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा कथाकारद्वारा नेपाली समाजमा हुन लागेका परिवर्तन र सुधारको सङ्केत गरिएको छ ।

### ४.२.७.६ उद्देश्य

प्रस्तुत कथाद्वारा पढाइ, सभ्यता, भावना र विचार पनि उच्च गम्भीर भएकी गोमाको माध्यमबाट समाजमा भएका कुरीति, कुप्रथा, विकृति, अन्याय, अत्याचार, अपराध र दमनको विरुद्ध लडी समाज सुधारको चाहना व्यक्त गर्नु नै कथाकारको मुख्य उद्देश्य देखिन्छ । हाम्रो समाजमा पढेलेखेका शिक्षित वर्गहरू सहरको अस्तव्यस्त जीवन र पश्चिमी फेसनको होडबाजी र आडम्बरमा हराउँदै गएको स्थितिमा गोमाको माध्यमबाट आफूले पाएको शिक्षा, ज्ञान र विवेकलाई गाउँमा नै बसेर समाजको सेवा गर्नुपर्ने दृष्टिकोण प्रस्तुत गर्दै समाजका विकृतिलाई हटाउन गोमा जस्ता सक्रिय नारीहरूको खाँचो भएको यथार्थतालाई देखाउनु यस कथाको प्रमुख पक्ष हो ।

समाजमा हुने धुम्रपान, मद्यपान, चेलीबेटी बेचबिखन, महिला हिंसा आदि रुढिवादी परम्परा र अशिक्षाका विरुद्ध लड्न धेरै धेरै गोमाहरूले कम्मर कस्ने बेला भएको र नारी एकताको आवश्यकता रहेको छ भन्नु यस कथाको उद्देश्य देखिन्छ ।

## ४.२.८ 'सहिदकी आमा' कथाको विश्लेषण

### ४.२.८.१ कथानक

माओवादी जनमुक्ति सेनामा लागेको गरिब आमाको छोरालाई सेनाद्वारा गोली हानी हत्या गरिएको र त्यही छोराको चिहान खोज्दै हिँडेकी आमाले आफ्नो छोरा सहिद र आफू सहिदकी आमा भएको बुझेपछि उसको शान्त मनको उद्घाटन गर्नु यस कथाको मुख्य विषयवस्तु हो । एउटा बुढी मान्छे सुनसान र एकान्त जङ्गलभित्र भुइँमा खोस्रिदै के खोजिरहनु, गोठालो साइलाले ती बुढी मान्छेको क्रियाकलाप हेरिरहनु र के खोजेको भनी सोध्नु, आफ्नो छोराको चिहान खोजेको बताउनु, ,गोठाला साइलाबाट छोरा सहिद भएको र आफू सहिदकी आमा भएको थाहा पाउनु र बुहारीलाई पनि जनमुक्ति सेनामा पठाउने अठोटका साथ कथा टुङ्गिएको छ ।

सहिदकी आमा कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । आदि, मध्य र अन्त्यको सुगठित संयोजन कथामा पाइन्छ । एकान्त जङ्गल र खोलाको किनारमा हातले भुइँमा खोस्रिँदै के खोजिरहनु, गोठालो साइँलाले देखि के खोज्नु भएको भनी

सोध्नुसम्मको घटना कथानकको आरसम्भ भाग हो । दुस्मनले आफ्नो छोरालाई देउराली वरिपरि गोली हानेर मारेको र गाउँलेहरूले लास यतै गाडिदिएको भन्ने थाहा पाएर चिहान खोज्न आएको बताउनु, साइलाले केही महिना अगाडिको घटना सम्झिनु, बुढीको छोरा माओवादी नाइके भएको थाहा हुनु, लोग्नेले सौता ल्याई घरबाट निकालि आफूले छोरालाई हुर्काउन, पढाउन धेरै दुःख गरेको बताउनु, गोठालो साइँलाले सामन्ती, शोषक, जनमुक्ति सेना, सहिदको बारेमा विस्तृत बताएपछि आफ्नो छोरा सहिद भएको आफू सहिदकी आमा भएकोमा गर्व गर्छे । बुहारीलाई पनि जनमुक्ति सेनामा पठाउने निश्चय गर्नु कथानकको मध्य भागमा आएको छ । पीर, वेदनाले भरिएको मनलाई शान्त पारेकोमा गोठालो साइँलालाई बाबुको जय जय होस् भन्दै, प्रसन्न हुँदै कथा टुङ्गिएकाले कथानकको अन्त्य भागको रूपमा आएको छ ।

## ४.२.८.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा बुढी मान्छे,गोठालो साइला, बुढीको छोरा वीरबहादुर, विधवा बुहारी पात्रका रूपमा उपस्थित छन् । बुढी मान्छे यस कथाको मुख्य पात्र हो । वीरबहादुर र गोठाला साइँला सहायक पात्रको रूपमा उपस्थित देखिन्छ । विधवा बुहारी, सेना गौण पात्रहरू हुन् । यिनै प्रमुख, सहायक र गौण पात्रहरूको उपस्थितिले कथाको कार्यव्यापारलाई अगाडि बढाउन मद्दत गरेको छ ।

प्रस्तुत कथाकी बुढी मान्छे प्रमुख स्त्री पात्र हो । ऊ लोग्नेले सौता ल्याएर घरबाट निकालिएकी पीडित नारी र मेलापात, दाउरा बेचेर गुजारा चलाउने निम्नवर्गीय पात्र हो । छोराको चिहान खोज्दै पागल झैँ हिँडेकी र छोराले देश, राष्ट्रका लागि लडी ज्यान गुमाउने अनुकूल पात्र हो भने गोठाला बुढीको वेदनालाई चिर्दै बाटो देखाउने अनुकूल र गतिशील पात्र हो । विधवा बुहारी र सेनाहरू गौण भूमिकामा छन् ।

## ४.२.८.३ परिवेश

प्रस्तुत कथामा ग्रामीण नेपाली समाज स्थानगत परिवेशका रूपमा आएको छ । सम्पूर्ण कार्यव्यापार नेपाली समाजको कुनै एउटा ठाउँको देउराली गाउँ नजिकको एकान्त जङ्गल, खोला, बगर, चउर, बरपीपलको चौतारीमा सम्पन्न भएको छ । यहाँ नेपाली समाजमा जनयुद्धकालीन समयमा जनमुक्ति सेनामा लागेका गरिब, निमुखा वीरबहादुरको

शोषक सामन्ती सेनाले गोली हानी हत्या गरेपछि आमाको दुःखित मनको यथार्थ चित्रण नै परिवेशको रूपमा आएको छ ।

यस कथाको वातावरणमा सुख, दुःख दुवै भाव मिश्रित रूपमा आएका देखिन्छ । जङ्गल र खोला भौँतारिँदै छोराको चिहान खोज्दै हिँडेको बुढी आमाको पीर, वेदना, रुवाइ, दुःखद् वातावरणका रूपमा आएका छन् । आफ्नो छोरा देशका लागि लडी सहिद भएको र आफू सहिदकी आमा भएकोमा गर्व गर्दै बुहारीलाई जनसेनामा पठाउने निर्णय सुखद वातावरणमा पाइन्छ ।

## ४.२.८.४ भाषाशैली

प्रस्तुत कथामा नेपाली समाजका वर्ग विशेषका पात्रहरूको प्रतिनिधित्व गर्ने कथा भएकोले सोही अनुरूप भाषाको प्रयोग गरिएको छ । पात्रअनुसार सहज र गाउँले सरल बोलीचालीको भाषा बुढीमाउ, चाहिँ नि, आमै जस्ता शब्दहरूको प्रयोग नि, त, कि, पो, रे जस्ता निपातहरूको प्रयोगले कथामा मिठास थपेको छ । कथामा अधिकांश सरल वाक्यको प्रयोग देखिन्छ ।

यस कथामा संवादात्मक शैलीको बढी प्रयोग र मनोवादको कम प्रयोग गरिएको छ । नेपाली जनयुद्धकालीन समयको बोध गर्ने कथा भएकाले सरल र सहज भाषाशैलीको प्रयोगले कथा स्वाभाविक बनेको छ ।

## ४.२.८.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकरा स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसेर कथाको प्राकृतिक वातावरण, पात्रका बाह्य र आन्तरिक क्रियाकलापको अध्ययन गरिरहेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । तृतीय पुरुष दृष्टिबिन्दुमै कथाकारद्वारा माओवादी जनमुक्ति सेनामा लागेकाहरूको चित्रण गरिएको र सोहीप्रति समर्थन जनाएकोले कथामा समाजवादी यथार्थवादी दृष्टिकोण प्रस्तुत भएको छ ।

## ४.२.८.६ उद्देश्य

माओवादी जनयुद्धमा सेनाद्वारा गरिब आमाको छोराको गोली हानी हत्या गरेपछि छोराको चिहान खोज्दै रुँदै हिँडेकी आमाको दयनीय र पीडादायक स्थितिको चित्रण गर्नु यस

कथाको मुख्य उद्देश्य हो । भएको एउटा छोराको मृत्युबाट विचलित बनेकी बुढी मान्छेको माध्यमबाट माओवादी जनयुद्धकालीन समयमा कयौँ नेपाली आमाका छोराहरूको मृत्युले आमाहरू पागलझैँ भौँतारिएको स्थिति देखाइएको छ ।

सोझा, गरिब, निमुखा, दुःखी जनताहरूको रगत चुस्ने शोषक सामन्तीको अत्याचार, अन्याय विरुद्ध लडेर आफ्नो देश र राष्ट्रको लागि ज्यान बलिदान गरेर सहिद भएकोमा खुसी भएका कयौँ नेपाली आमाहरूको यथार्थ पक्षलाई देखाउनु यस कथाको मुख्य उद्देश्य हो ।

## ४.२.९ 'स्वप्निल मान्छे' कथाको विश्लेषण

### ४.२.९.१ कथानक

बिहान घुम्ने क्रममा म पात्रको एउटा युवतीसँग भेट हुनु र साथीत्व बढ्दै जाँदा दुई वर्ष अगाडि युवतीको जीवनमा घटेका घटनाको उद्घाटन गर्नु यस कथाको विषयवस्तु हो । बिहान घुम्ने सिलसिलामा म पात्रको अपरिचित युवतीसँग भेट हुनु, एकअर्कामा आत्मीयताको भाव बढ्दै जानु, युवतीको नाम वर्षा भएको बताइनु र उसको अनुहारको नैराश्यता र उदासीनताले म पात्रलाई जिज्ञासा बढ्नु, दुई वर्ष अगाडि एउटा युवकसँग भेट भएको, उसको सुमधुर आवाज र भावुक चेहराप्रति आकर्षित भएको, युवकले भोलिपल्ट चिठी दिएको र आजसम्म ऊसँग भेट नभएको दुईवर्ष उसको आशामा बितिसकेको र अझै उसैलाई पर्खने भाव व्यक्त गर्दै कथा टुङ्गिएको छ ।

स्वप्निल मान्छे कथाको कथानक स्रोत नेपाली समाज हो । यस कथामा आन्तरिक द्वन्द्वको प्रधानता पाइन्छ । बडुलित ढाँचामा कथानक अगाडि बढेको देखिन्छ ।

### ४.२.९.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा म पात्र, वर्षा (युवती), बादल, वर्षाको मामामाइजु पात्रका रूपमा उपस्थित छन् । यस कथामा वर्षा प्रमुख पात्र हो भने म पात्र बादल सहायक पात्र हुन् । वर्षाको मामा माइजुको भूमिका गौण देखिन्छ ।

यस कथामा वर्षा प्रमुख स्त्री पात्र हो । दुई वर्ष अगाडि भेट भएको बादलको प्रतीक्षामा दिन बिताउने स्थिर पात्र हो । अरूको भावनालाई कदर गर्ने अनुकूल पात्र हो भने

सानोमा आमाबाबु मरेकाले अरूको शरणमा बस्न बाध्य पीडित र निम्नवर्गीय पात्र हो । आसन्नताका आधारमा मञ्चीय पात्र हो । त्यस्तै म पात्र र बादल कथालाई अगाडि बढाउन सहयोगी पात्रका रूपमा उपस्थित छन् । म पात्र वर्षाको दुःख र नैराश्यतालाई हटाउन चाहने अनुकूल पात्र हो भने बादल वर्षालाई बिचैमा छाडेर जाने कायर पात्र हो ।

### ४.२.९.३ परिवेश

प्रस्तुत कथामा वर्षाको जीवनमा दुई वर्ष अगाडि घटेका घटनालाई पूर्वदीप्ति शैलीमा प्रस्तुत गर्नु र म पात्रसँगको भेट परिवेशको रूपमा आएको छ । यस कथामा काठमाडौँको वातावरण परिवेशको रूपमा आएको छ । कथाको सम्पूर्ण कार्यव्यापार काठमाडौँ वरपरका क्षेत्रमा सम्पन्न भएको पाइन्छ । मर्निङ्ग वाक गर्ने ठाउँ, पद्मकन्या क्याम्पस नै मुख्य परिवेशको रूपमा आएको छ ।

वर्षाको जीवन घटेको अनौठो र अधुरो प्रेम कथा र त्यसले जीवनमा ल्याएको नैराश्यता नै मुख्य परिवेश बनेको देखिन्छ । पूबदीप्तिको रूपमा दुई वर्ष अगाडिको घटना आएको देखिन्छ ।

### ४.२.९.४ भाषाशैली

प्रस्तुत कथामा युवायुवतीको मानसिकताको उद्घाटन गर्ने वर्ग विशेषका पात्रहरूको प्रतिनिधित्व गर्ने कथा भएकाले सरल, सहज र पात्रानुकूल बोलचालको भाषालाई प्रयोग गरिएको छ । नि, रे, नै, त, ल, र जस्ता निपातहरूको प्रयोगले कथामा मिठास थपेको छ । त्यस्तै चेहरा, कहानी, हरहमेसा जस्ता आगन्तुक शब्दको प्रयोग पनि पाइन्छ ।

कथा वर्णनात्मक छ । स्थान अनुसार संवादको प्रयोग गरिएको छ । साथै पूर्वदीप्ति शैलीको पनि प्रयोग गरिएको छ । सरल र सहज भाषाशैली प्रयोग भए पनि कथा अन्यौलमा टुङ्गिएको छ ।

### ४.२.९.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा म पात्रकथाको समाख्याताका रूपमा उपस्थित छ । समाख्याता आफू कथाभित्रै उपस्थित भए पनि उसले वर्षाको कथा सुन्ने र देख्ने श्रोता र द्रष्टाका रूपमा मात्र प्रस्तुत गरेको छ । यस आधारमा यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । कथामा प्रथम र तृतीय पुरुष गरी दुई किसिमको भएको छ । वर्षाले आफ्नो जीवनमा घटेका घटना म पात्रलाई सुनाउँदा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसरी कथामा प्रथम र तृतीय दुवै दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.२.९.६ उद्देश्य

प्रस्तुत कथा मार्फत कथाकारले युवा युवतीमा छोटो समयमा हुने आकर्षण विश्वासका कारण जीवन आँसुमा डुबाउँदै आसैआसमा जीवन बिताउने वर्षाको माध्यमबाट हाम्रो समाजमा युवा पिढीको जीवन कथालाई चित्रण गर्न खोज्नु मुख्य उद्देश्य देखिन्छ ।

छोटो समयको चिनजानमा आकर्षित हुन पुगेका वर्षाले बादललाई पर्खिएर जीवन बिताए झैँ कयौँ युवतीहरूको यथार्थतालाई प्रस्तुत गर्नु मूल पक्ष हो । तर कथा अन्योल र के होला भन्ने जिज्ञासामा टुङ्गिएकोले खल्लो देखिन्छ ।

## ४.२.१० 'आश्रयको खोजीमा' कथाको विश्लेषण

### ४.२.१०.१ कथानक

हाम्रो समाजमा छोराबुहारीले उमेरसँगै कमजोर र वृद्ध भएका आमाबाबुप्रति गर्ने व्यवहार र तिरस्कारलाई उद्घाटन गर्नु यस कथाको मुख्य विषयवस्तु हो । रविकान्त अफिसबाट घर फर्कँदा सधैँ श्रीमतीलाई केही न केही ल्याइदिनु, गरगहना र साडी किनिदिने वाचा गर्नु, दुवैजना मिठो परिकारको खाजा खानु, तर पछाडिको एउटा कोठामा उमेरसँगै अझ भोकले चाउरिएका आमाबाबु बस्नु, भोक लागेर खाजा भन्दा बुहारीले अलच्छिना भन्नु, छोरा बुहारीलाई विश्वास गरी सबै सम्पत्ति सुम्पेकोमा पश्चाताप गर्नु, सुष्माले लोग्नेलाई आमाबाबुलाई वृद्धाश्रम लैजान दबाव दिनु, त्यसबारे रविकान्तले आमाबाबुसँग सल्लाह गर्नु, तर छोराबुहारीले वृद्धाश्रम लानुभन्दा पहिले नै घर छोडेर हिँड्नुबाट कथा टुङ्गिएको छ ।

प्रस्तुत कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । कथाको कथानक रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ । आदि, मध्य र अन्त्यको सुगठित संयोजन पाइन्छ । रविकान्तले श्रीमतीको लागि सधैं केही न केही ल्याइदिनु, साडी ल्याइदिएकोमा खुसी हुँदै गरगहना र अरू साडी किनिदिन वाचा गराउनुबाट कथा सुरु भएको छ । श्रीमान् श्रीमती मिठो खाजासँगै होटलमा गएर खाना खाने सल्लाह गर्नु, उसका बाबुआमा पराई जस्तै एउटा कोठामा अपहेलित जीवन बिताउनु, भोक लागेर खाजा माग्दा बुहारीले अपशब्द भन्नु कथानक विकासको पक्ष हो । लोग्नेलाई कुरा लगाउँदै वृद्धाश्रम लान दबाव दिनु, रविकान्त आमा बुवालाई वृद्धाश्रम लाँदा समाजले के भन्ला जस्ता कुराले धेरैबेर ननिदाउनु र वृद्धाश्रम जानको लागि आमाबुवालाई भन्नु कथानकको मध्य भागमा आएको छ । छोराबुहारीको बोझ भएर बस्न नचाहेको भन्दै छोराबुहारी आउनुभन्दा अगाडि घर छाडेर हिँड्नु कथानकको अन्त्य भागमा आएको छ ।

## ४.२.१०.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा रविकान्त, उसकी श्रीमती सुष्मा, आमा तीर्थमाया, बाबु हरिकान्त र छोराछोरी पात्रका रूपमा उपस्थित देखिन्छन् । यस कथामा रविकान्त प्रमुख पात्र हो । सुष्मा, हरिकान्त, तीर्थमाया सहायक पात्र हुन् भने छोराछोरी गौण पात्र हुन् ।

यस कथामा रविकान्त प्रमुख पुरुष पात्र हो । ऊ आफ्नो कर्तव्य र जिम्मेवारीबाट विमुख खलपात्र वा प्रतिकूल पात्र हो । बूढा भएका आमाबाबु बोझ ठानी वृद्धाश्रममा लगेर छाड्न खोज्ने स्थिर स्वभावको पात्र हो । सरकारी अफिसको कर्मचारी शिक्षित र उच्च वर्गको पात्र हो । आसन्नताका आधारमा मञ्चीय पात्र हो । सुष्मा, तीर्थमाया यस कथाका सहायक स्त्री पात्र हुन् । सुष्मा सासुससुरालाई बोझ ठान्दै, घरबाट निकालेर रमाउन चाहने स्वार्थी, प्रतिकूल र स्थिर स्वभावको पात्र हो । तीर्थमाया र हरिकान्त छोराबुहारीको राम्रो देख्न चाहने हुर्काइ, पढाइ हाकिम बनाए, बुढेसकालको सहारा सम्झेर सम्पूर्ण सम्पत्ति सुम्पिँदा पनि छोराबुहारीले हेला गरी वृद्धाश्रम लाने योजना बनाउँदा कुनै प्रतिकार नगरी आफै निक्लेर जाने पीडित अनुकूल, गतिशील पात्र हुन् । आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

### ४.२.१०.३ परिवेश

प्रस्तुत कथामा काठमाडौँको एउटा घरभित्र घटेका घटना नै मुख्य परिवेशको रूपमा आएको छ । कथामा पशुपतिनाथ नजिकैको स्थान परिवेशको रूपमा आएको छ । छोराबुहारीले बूढा भएका आमाबाबुप्रति आफ्नो कर्तव्यलाई बिर्सेर, तिरस्कार र अपमान गर्ने परम्पराको यथार्थ पक्ष नै परिवेशको रूपमा आएको छ ।

यस कथामा दुःख, सुख दुवै वातावरणको भाव व्यक्त भएको छ । रविकान्त र सुष्मा आफ्नो कर्तव्यलाई भुलेर रमाइलो र सुखी भएका छन् भने हरिकान्त र तीर्थमाया भोक र तिरस्कारले पीडादायक जीवन बिताउँदै दुःखी भएका छन् । बिहान, दिउँसो समयगत परिवेशको रूपमा आएको छ । कथामा सर्वस्व सुम्पिएका आमाबाबुको मन छोराछोरी माथि छोराछोरीको मन ढुङ्गामुढा माथि भन्ने यथार्थ भनाइलाई प्रष्ट्याउनु नै परिवेश बनेको देखिन्छ ।

### ४.२.१०.४ भाषाशैली

प्रस्तुत कथामा वर्ग विशेष भाषाको प्रयोग पाइन्छ । सहरिया परिवेशमा लेखिएको यस कथामा पात्र अनुसारको भाषाको प्रयोग पाइन्छ । त, नि, कि, रे, ए, न, नै जस्ता निपातहरूको प्रयोगले कथामा मिठास थपेको छ । टक्र्याकटुक्रुक्क, झाक्राकझुक्रुक्क जस्ता बोलिचालीको भाषाको पनि प्रयोग गरिएको छ ।

यस कथामा सरल, मिश्र र संयुक्त तिनै वाक्यको प्रयोग भए पनि कथा सरल र स्पष्ट बनेको छ । कथा वर्णनात्मक र संवादात्मक दुवै शैलीमा अगाडि बढेको देखिन्छ भने संवादको बढी प्रयोग गरिएको छ । हाम्रो समाजमा त्यही आमाबाबुले हुर्काइ, बढाइदिएको शिक्षाले हाकिम बने पनि आफ्नो कर्तव्यबाट विमुख छोराहरूको चरित्रलाई चित्रित, सरल र सुव्यवस्थित तरिकाले गरेकोले कथा स्वाभाविक र यथार्थपरक बनेको छ ।

### ४.२.१०.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसेर पात्रहरूको मनोगत स्थितिको अवलोकन गरेकोले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको

छ । तृतीय पुरुष दृष्टिबिन्दुबाट समाजमा देखिने आमाबाबुको अपमानित जीवनको चित्रण गरिएको छ ।

## ४.२.१०.६ उद्देश्य

प्रस्तुत कथामार्फत कथाकारले आफूलाई जन्माई, हुकाई, बढाइ, शिक्षा दिई अफिसर बनाउने आमाबाबुप्रतिको कर्तव्य र विवेकलाई भुलेर आफू रमाउन चाहने स्वार्थी सन्तानहरूको उद्घाटन गर्नु मुख्य उद्देश्य हो ।

हाम्रो समाजमा आधुनिक बन्ने निहुँमा आफ्नो जिम्मेवारीलाई बिर्सेर आमाबाबुप्रति गरिने नकारात्मक विचार, भावना र बोधको संज्ञा दिँदै पुरानो भाडा फाकेझैँ वृद्धाश्रम लगेर छाडिदिने कुरीति र विकृतिलाई देखाउनु उद्देश्य देखिन्छ । भनिन्छ, बाबुआमाको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामुढामाथि भनेझैँ बढ्दै गएको विकृतिप्रति सचेत गराउनु मुख्य उद्देश्य हो ।

## ४.२.११ 'प्रतिरोध' कथाको विश्लेषण

## ४.२.११.१ कथानक

हाम्रो पुरुषवादी समाजमा नारीमाथि गरिने अन्याय अत्याचारले सीमा नाघेपछि कोमल नारी हृदय पत्थरको रूपमा परिणत हुन्छ भन्ने कुराको उद्घाटन गर्नु यस कथाको विषयवस्तु हो । रातको बाह्र बजे नसाले चुर भएर बसन्तलाल घर आउनु, गेट खोल्न ढिलो भयो भन्दै नोकर कृष्णेलाई पिट्नु, श्रीमतीलाई गाली गदागर्दै वान्तामा मुख गाडिनु, कपालमा समातेर रिनालाई भऱ्याङ्गबाट फालिदिनु, रिनामा बाँच्ने रहर मर्नु र धेरै सोच पछि बाँचेर सङ्घर्ष गर्ने अठोट गर्नु, वसन्तलाल फेरि नसाले चुर हूँदै रिनालाई पिट्न लाग्दा लोग्नेको प्रतिकार गर्नु, वसन्तलाल झस्किनु र रिनाभित्र प्रतिरोध बढ्नुले कथा टुङ्गिएको छ ।

प्रतिरोध कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । यसको कथानक रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ । आदि, मध्य र अन्त्यको सुगठित संयोजन कथामा पाइन्छ । रातको बाह्रबजे रक्सीको नसाले चुर हुँदै घरमा आउनु कथानकको आरम्भ भाग हो । कृष्णेलाई पिटी, रिनालाई पनि गाली गर्दै पिट्नु, रिनामा बाँच्ने इच्छा मर्नु, मानसिक रोगी बन्नु कथानक विकासको पक्ष हो । जीवनमा कायरता होइन, वीरता र सङ्घर्ष

महानता हो भन्दै लडेर बाँच्ने अठोट गर्नु, सधैं भैंm नसामा डुबेको बसन्तलालले रिनालाई पिट्न लाग्दा प्रतिकार गर्नु र अब अन्याय नसहने बताउनु कथानकको मध्य भागमा आएको छ । वसन्तलाल भस्किनु र रिनासँग माफी माग्नु, तर रिनाको मनमा प्रतिरोध बढ्नु कथानकको अन्त्य भागमा आएको छ ।

### ४.२.११.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा वसन्तलाल, उसकी श्रीमती रिना र नोकर कृष्णे छोराछोरी गरी जम्मा पाँच जना पात्रको उपस्थिति रहेको छ । कथामा बसन्तलाल प्रमुख पात्र हो भने रिना सहायक पात्र हो । कृष्णे र छोराछोरीको भूमिका गौण छ ।

यस कथामा वसन्तलाल प्रमुख पुरुष पात्र हो । कथामा रक्सी खाएर स्वास्नी र नोकरलाई दमन गर्न खोज्ने शोषित र उच्च वर्गीय पात्र हो । साथै प्रवृत्तिका आधारमा प्रतिकूल, खलनायक भूमिका देखिन्छ । नारीमाथि अन्याय, अत्याचार, दमन गर्दै आएको वसन्तलाल रिनाको प्रतिकारबाट माफी माग्ने गतिशील स्वभावको देखिन्छ भने आसन्नताका आधारमा मञ्चीय पात्र हो । रिना यस कथाकी सहायक स्त्री पात्र हो । पुरुषबाट पीडित उच्च वर्गीय पात्र हो । लोग्नेको अत्याचार सहँदै आए पनि अन्याय गर्नुभन्दा अन्याय सहनु अपराध हो भन्दै प्रतिकार गर्ने गतिशील र अनुकूल पात्र हो । कृष्णे र छोराछोरी यस कथाका गौण पात्र हुन् ।

### ४.२.११.३ परिवेश

प्रस्तुत कथामा उच्च वर्गीय सम्पन्न परिवारको बङ्गला परिवेशको रूपमा आएको छ । आलिसान बङ्गला, मोटर गाडी, झर्नाझुलन, कथामा परिवेश बनेको छ । आलिसान झर्नावाला बङ्गला पुरुषबाट दमित, शोषित र पीडित नारी मनको चित्कार नै परिवेशको रूपमा आएको छ ।

हाम्रो समाजमा नारीले पुरुषबाट भोग्नु परेको थिचोमिचो र दमन अत्याचार परिवेशको रूपमा आएको छ । "मैले तेरो माइतीको सम्पत्ति खाएको छु । मैले मेरै सम्पत्ति खाएको छु" जस्ता वाक्यले नारी पुरुषहरूको शोषणको सिकार भएको परिवेशको चित्रण

पाइन्छ । यहाँ रातको समय समयगत परिवेशको रूपमा आएको छ भने सुरुमा कमजोर मनस्थितिले दु:खित वातावरण भए पनि प्रतिकारमा उत्रेपछि सुखद वातावरणको अनुभव रिनाले गरेकी छ ।

### ४.२.११.४ भाषाशैली

प्रस्तुत कथा सहरिया परिवेशको उच्च सम्पन्न परिवारमा बोलिने वर्ग विशेषको भाषाको प्रयोग पाइन्छ । गरिबक्सेको उक्लिबक्स्योस् जस्ता भाषाको प्रयोग, रे, त, नि, र, कि जस्ता निपातहरूको प्रयोगले कथा रोचक बनेको छ । नेपाली समाजमा नारीमाथि गरिने शोषण, दमन र त्यसबाट मुक्ति पाउनका निम्ति महिलाले चालेको कदमको बारेमा प्रस्तुत गरिएको हुँदा सोही अनुसारको भाषा प्रयोग भएको छ । "यो अति भयो । म अब मध्ययुगीन नारी होइन, यो तिम्रो अन्याय र अत्याचार सहनलाई" ।

यस कथामा संवाद र मनोवाद दुवै शैलीको प्रयोग गरिएको छ । जसले कथा स्वाभाविक र यथार्थपरक बनेको छ ।

### ४.२.११.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसी पात्रको मनोगत स्थिति केलाउने काम गरेकी छन् । त्यसैले यहाँ तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । समाजमा बाघ र परिवारमा नारीको स्थान, स्वतन्त्रता र अन्यायको लागि प्रतिकारको आवाज उठाउने यथार्थ पत्रको उद्घाटन तृतीय पुरुष दृष्टिबिन्दुमा भएको छ ।

### ४.२.११.६ उद्देश्य

प्रस्तुत कथामार्फत अन्याय गर्नुभन्दा अन्याय सहनु अपराध हो भन्दै अन्यायको विरुद्ध लड्न सन्देश दिएको छ । नारीमाथिको अन्याय, अत्याचार, शोषण, दमन विरुद्ध नारीहरू नै प्रतिरोधमा उत्रनुपर्दछ भन्ने यस कथाको उद्देश्य हो ।

हाम्रो पुरुषवादी समाजमा सुखको नाउँमा झर्नावाला सजिसजाउ आलिसान बङ्गलामा दु:खसागरमा डुबुल्की मार्दै हात र खुट्टा बाँधिएर आजीवन नजरबन्दको सजाय भोग्नु र सुन,

चाँदी, हिरामोतीका गहनाहरूले सिँगारिनुभन्दा माया, प्रेम नै जीवनको शृङ्गार ठान्दै र झुपडीमा नै मनको सुख शान्ति पाइने भाव व्यक्तः गर्दै पुरुषको अन्याय, दमनको विरुद्ध नारीले प्रतिकार गर्दै वीरताका साथ सङ्घर्ष गरेर बाँच्नु महानता हो भन्नु मुख्य उद्देश्य देखिन्छ ।

नारी कमजोर भएर होइन, आइलाग्ने माथि जाइलागेर वीरताका साथ साहसिक नारी भई बाँच्नु पर्छ भन्ने भाव व्यक्त गरिएको छ, जुन उद्देश्य हो ।

## ४.२.१२ 'जिन्दगी बाँचिरहेछ फुटपाथमा' कथाको विश्लेषण

### ४.२.१२.१ कथानक

फुटपाथमा माग्दै, खाँदै, भाग्दै गरेका दुई आमाछोरीको यथार्थ चित्र प्रस्तुत गर्नु यस कथाको विषयवस्तु हो । सधैँझैँ एकाविहानै जाडोमा माग्दै हिँड्नु, माग्दामाग्दै कहिले चोक त कहिले गल्लीमा पुग्नु, कसैले पैसा, कसैले जुठो भाततिहुन दिए पनि कसैले अलच्छिना भन्दै गाली गर्नु, बिहादेखि बेलुकासम्म माग्दा पनि कहिले भोकै सुत्नु पर्ने, दिनमा माग्दै हिँडे पनि रात चाहिँ चिसो छिडी, गल्ली र फुटपाथमा फोहोरमाथि सुत्नु, कसैले राम्रो मिठो खाएको देख्दा ईर्ष्या गर्नु, भोजभतेरको जुठा पातहरूको खानेकुरा खोजेर खानु, मानिसहरूले घृणा गर्नु, सधैँ झैँ पानी पर्छ कि भन्दै आकाशतिर हेरेर फुटपाथमा सुत्नुबाट कथा टुङ्गिएको छ ।

जिन्दगी बाँचिरहेछ फुटपाथमा कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । यस कथाको कथानक ढाँचामा रैखिक ढाँचा आएको छ । झिनो कथानक भए पनि आदि, मध्य र अन्त्यको सुगठित संयोजन कथामा पाइन्छ । सधैँ झैँ पुस घामको जाडोमा हात पसार्दै, पोल्टा थाप्दै माग्दै हिँड्नु कथानकको आरम्भ भाग हो । माग्दा मानिसहरूले तुच्छ वचनले गाली गर्नु, मानिसहरूको अपमान र तरिस्कारपूर्ण वचन सुन्दा आमाछोरी मुखामुख गर्दै आफ्नो विवशता शरमले शिर झुकाउनु, दिनभरि माग्दा पनि भोको पेट लिएर सुत्नुले कथानक उत्कर्षमा पुगेको छ । फुटपाथको चिसो र फोहोरठाउँमा रात बिताउनु, राम्रा लुगा र मिठो खाने कुरा खाएको देख्दा मनले विद्रोह गर्नु र भोजभतेरका पातका जुठा बटुलेर खानु कथानकको मध्य भाग हो । मानिसहरूले घृणा गर्नु र आज पनि पानी पर्छ कि भन्दै फुटपाथमा एकअर्काको जिउको तातो आउने गरी कुक्रिएर सुत्नु कथानकको अन्त्य भाग हो ।

### ४.२.१२.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा आमाछोरी र मानिसहरू पात्रका रूपमा उपस्थित छन् । आमाछोरी यस कथाका प्रमुख पात्र हुन् भने मानिसहरू गौण पात्रहरू हुन् ।

यस कथामा आमाछोरी प्रमुख स्त्री पात्रहरू हुन् । उनीहरू फुटपाथमा बस्नु र माग्दै भोक मेटाउने गरिब निम्नवर्गीय पात्र हुन् । भोकै बस्न परे पनि चोर्ने या कसैलाई नठग्ने अनुकूल पात्र हुन् । स्वभावका आधारमा स्थिर पात्र हुन् । कथामा सहायक पात्र नभए पनि मानिसहरू गौण पात्रका रूपमा उपस्थित छन् । थोरै पात्रको छनोट गरिए पनि कथा स्वाभाविक बनेको छ ।

### ४.२.१२.३ परिवेश

प्रस्तुत कथामा सहरिया परिवेश स्थानगत परिवेशको रूपमा आएको छ । काठमाडौँ सहरको फुटपाथमा बस्ने दुई आमाछोरीको जीवन र उनीहरूले बाँचिरहेको जिन्दगीको यथार्थ चित्रण परिवेशको रूपमा आएको छ । फुटपाथ वरपरका सडक, सडक किनार र फुटपाथका फोहोर, चोक, गल्लीको परिवेश र पुस माघको कठ्याङ्रिदो जाडो बिहानी र रातको समयगत परिवेश देखिन्छ । पुस र माघ महिनाको समय कालगत परिवेशको रूपमा आएको छ ।

फुटपाथमा जिन्दगी बिताउन बाध्य, असहाय, गरिब र कमजोर आमाछोरीको माध्यमबाट फुटपाथमा बाँच्न विवश जीवनको यथार्थ पक्ष नै परिवेश बनेको छ ।

### ४.२.१२.४ भाषाशैली

प्रस्तुत कथामा सहरिया परिवेशमा फुटपाथमा जीवन बिताउने गरिब, असहाय र दुःखीहरूको प्रतिनिधित्व गर्ने कथा भएकाले सोही वर्ग अनुरूपको भाषाको प्रयोग गरिएका छ । सरल भाषाको प्रयोग, नि, त, नै, र, न जस्ता निपातको प्रायेगले कथा मिठासपूर्ण बनेको छ ।

वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग सरल, सहज, भाषाशैलीले कथानक झिनो भए पनि यथार्थ र स्वाभाविक बनेको छ ।

### ४.२.१२.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनले पात्रका आन्तरिक र बाह्य मानसिक अवस्थाको चित्रण कथाभन्दा बाहिर बसी गरेकोले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ फुटपाथमा जीवन बिताउने सर्वहारा वर्गको जीवन यथार्थको उद्घाटन तृतीय पुरुष दृष्टिबिन्दुबाट गरिएको छ ।

### ४.२.१२.६ उद्देश्य

गरिब, असहाय, कमजोर र सर्वहारा वर्गको प्रतिनिधत्व गर्ने यस कथामार्फत कथाकारले फुटपाथमा जिन्दगी बिताइरहेको कयौं माग्नेहरूको यथार्थ जीवनलाई उतार्नु र गरिब दुःखीका लागि सञ्चालन गरिएका सामाजिक सङ्घसंस्थाको बेवास्ताप्रति प्रश्नचिन्ह खडा गर्नु प्रमुख उद्देश्य देखिन्छ ।

ती आमाछोरीको माध्यमबाट सडक र फुटपाथमा जीवन बिताउने माग्नेहरूको दुःखपूर्ण अवस्थाको चित्रण गर्नु यस कथाको उद्देश्य हो ।

## ४.३ कथातत्त्वका आधारमा बन्धनमुक्त कथासङ्ग्रहभित्रका कथाहरूको विश्लेषण

### ४.३.१ बन्धनमुक्त कथा

### ४.३.१.१ कथानक

प्रस्तुत कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । हाम्रो समाजमा गरिब, दुःखी, अशिक्षित सोझा जनताको रगत पसिना चुसेर खाने सामन्ती शोषण वर्गको चरित्रको उद्घाटन गर्नु यस कथाको विषयवस्तु हो ।

यस कथाको कथानक ढाँचा रैखिक ढाँचामा अगाडि बढेको छ । आदि, मध्य र अन्त्यको सुगठित संयोजन देखिन्छ । भर्खरै साहुको ऋण तिर्नु, सुखीको महसुस गर्नु र

आनन्दित हुँदै आफ्नो परिवारसँग रमाउनुबाट कथानक आरम्भ भएको छ । हर्केलाई साहुले बोलाउनु, साहुले ऋणको तमसुक देखाउनु, आफूले ऋण तिरिसकेको भन्दै हर्केले विरोध गर्नु, साहुले खम्बामा साङ्लाले बाँधिदिनु, श्रीमती आएर क्रान्ति गर्दै सम्पत्ति छ भन्दैमा अन्याय गर्न पाउँछौ भन्दै लोग्नेलाई बाँधिराखेको साङ्ला चुडाल्नु कथानकको मध्यभाग हो । त्यहाँबाट लोग्ने स्वास्नी दुवै घरतिर लाग्नु, साहु जिल्ल परेर हेर्नु, मुखले भन्न नसके पनि मनमनै ऋण तिर्न त तिरेको हो भन्नु कथानकको अन्त्य भागमा आएको छ ।

### ४.३.१.२ पात्र

प्रस्तुत कथामा हर्के, उसकी स्वास्नी, छोराछोरी, जेठा र कृष्णमान साहु, पात्रका रूपमा उपस्थित छन् । हर्के यस कथाको प्मुख पात्र हो । उसकी स्वास्नी र कृष्णमान साहु सहायक पात्र हुन् भने अन्य गौण भूमिकामा देखिन्छन् ।

यस कथामा हर्के प्रमुख पुरुष पात्रका साथै शोषित, पीडित, निम्नवर्गीय पात्र हो । दिनरात पसिना बगाएर ऋण चुक्ता गर्ने अनुकूल र साहुको अन्यायको विद्रोह गर्ने गतिशील पात्र हो । हर्केकी स्वास्नी सहायक स्त्री र निम्नवर्गीय पात्र हो । लोग्नेलाई साथ दिने अनुकूल र गतिशील पात्र हो । कृष्णमान साहु सहायक, पुरुष र उच्चवर्गीय पात्र हो । गरिबको रगत पसिना चुस्ने शोषक वर्ग र प्रतिकूल, स्थिर पात्र हो ।

### ४.३.१.३ परिवेश

प्रस्तुत कथामा ग्रामीण परिवेश र ग्रामीण परिवेशमा बस्ने गरिब, दुःखी र सोझा निमुखा हर्केको जीवनमा घटित घटनाअनुसार सुख दुःखको वातावरण आएका छन् । ऋण तिरेपछि उसको मनसँगै वातावरण उज्यालो रमाइलो हुनु सुखद वातावरण र ऋणको भारसँग उसको जीवनमा छाएको नैराश्यता दुःखद वातावरण बनेको छ जुन परिवेश रूपमा आएको छ ।

### ४.३.१.४ भाषाशैली

प्रस्तुत कथामा ग्रामीण क्षेत्रमा बसोबास गर्ने सरल बोलीचालीको भाषा र उखानटुक्काको प्रयोगले मिठास बनको छ भने कोनि, हुन्थ्या, हन जस्ता स्थानीय भाषाको प्रयोग पनि पाइन्छ ।

संवाद र मनोवाद दुवै शैलीको प्रयोग गरिएको यस कथामा सरल, स्वाभाविक र रोचक भाषाको प्रयोगले कथा सरल, सहज बनेको छ ।

### ४.३.१.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा कथाकार कथाभन्दा बाहिर बसी पात्रको आन्तरिक र बाह्य जगत्को चित्रण गरेकोले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । समाजमा शोषक, सामन्ती साहुहरूले नक्कली तमसुकको माध्यमबाट गरिब माथि गरेको अन्याय देखाउने काम तृतीय पुरुष दृष्टिबिन्दुमा भएको छ ।

### ४.३.१.६ उद्देश्य

प्रस्तुत कथामार्फत नेपाली समाजमा शोषक, सामन्ती साहुहरूले गरिब, दु:खी, निमुखामाथि नक्कली तमसुकको माध्यमबाट गर्ने अन्याय अत्याचारलाई देखाउनु मुख्य उद्देश्य देखिन्छ । गरिब, अशिक्षितहरूको सोझोपनको फाइदा लिँदै रगत, पसिना चुस्ने जुँगा जस्ता साहुहरूको अन्यायविरुद्ध विद्रोह गर्दै आफ्नो अस्तित्व जोगाउने सन्देश यस कथामार्फत पाइन्छ ।

## ४.३.२ प्रतिद्वन्द्व कथा

### ४.३.२.१ कथानक

प्रतिद्वन्द्व कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । हाम्रो समाजमा जातीय भेदभावका कारण गरिब, दु:खी, सहाराविहीन वर्गमाथि गरिने सामाजिक थिचोमिचोलाई चित्रित गर्नु यस कथाको विषयवस्तु हो ।

प्रस्तुत कथाको कथानक ढाँचा रैखिक ढाँचा हो । आदि, मध्य र अन्त्यमा सङ्गठित देखिन्छ । एक्लो सहाराविहीन कमिनी जयी गाउँबाट तिरस्कृत, अपहेलित हुँदै बाँच्नु, उसको

दुःखमा समाजका मान्छे हाँस्नु कथानकको आरम्भ भागमा भएको छ । एक दिन जयी पँधेरा जानु, महाजन्नी पनि नुहाउन आउनु र एकछत्र गरी भन्दै महाजन्नीको नोकर्नीले पिट्नु, अर्कोदिन पनि पँधेरामा जाँदा महाजन्नी नुहाउन आउनु र थैली चोरदोष लगाउँदै नौलीले पिट्नु र केही समयपछि दुःख मेलापात गरेर चोलो किनी लगाउँदा माहिली मुखेनीले चोरीको आरोप लगाउँदै पिट्न जानु र जयीले आफ्नो निर्दोषता माथि विद्रोह गर्दै लड्नु कथानकको मध्य भागमा आएको छ । माहिली मुखेनीको छोराले चोलो घरमै भएको कुरा बताउनु र निलो मुख लगाउँदै मुखेनी जानु कथानकको अन्त्य भागमा आएको छ ।

### ४.३.२.२ पात्र

प्रस्तुत कथामा जयी, महाजन्नी काहिँली, मुखेनी माहिली, नौली, मुखेनी माहिलीको छोरा कान्छा र गाउँलेहरू पात्रका रूपमा आएका छन् । यस कथामा जयी प्रमुख पात्र हो । नौली, माहिली मुखेनी, महाजन्नी काहिली सहायक र कान्छा र गाउँलेहरू गौण पात्रहरू हुन् ।

यस कथाको मुख्य, प्रमुख र स्त्री पात्र जयी हो । ऊ निम्न जात र गाउँले तिरस्कारबाट पीडित, निम्नवर्गीय पात्र हो । आफ्नो पसिना र दुःखमा बाँच्ने अनुकूल पात्र हो भने अन्याय र थिचोमिचोको विरुद्ध एक्लै लड्ने साहसिक र गतिशील पात्र हो । कथामा महाजन्नी काँइली, मुखेनी माहिली र नौली तिनै जना जयी माथि अत्याचार गर्ने प्रतिकूल, खल र नारी पात्र हुन् । जयी माथि नभएको आरोप लगाउने, कुटपिट गर्ने अत्याचारी, स्थिर स्वभावका पात्र हुन् ।

### ४.३.२.३ परिवेश

प्रस्तुत कथा नेपाली समाजको ग्रामीण परिवेश नै स्थानगत रूपमा आएको छ । समाजमा एउटा सहाराविहीन तल्लो जातकी आइमाइमाथि सामन्ती शोषण वर्ग र पूरै गाउँका मानिसहरूले गरेका अन्याय, अत्याचार, दमन, तिरस्कार परिवेशको रूपमा आएको छ । “लुजा नौली ! सरासरी गएर जयी डंग्रीनिको करङ सोझ्याएर आ” जस्ता सामन्ती वर्गले गरिब वर्गमाथि गरेको थिचोमिचो, आरोप नै परिवेश बनेको छ ।

माघे सङ्क्रान्तिको दिन र त्यस वरपरका दिनहरू समयगत परिवेशको रूपमा आएको छ । कथा सुखभन्दा जयी कमिनीको दुःखद र थिचोमिचोको वातावरण आएको छ ।

### ४.३.२.४ भाषाशैली

प्रस्तुत कथामा ग्रामीण समाजमा बोलिने बोलचालको भाषाको साथै, सामन्ती शोषक वर्गले बोल्ने थिचोमिचो भाषा प्रयोग भएको पाइन्छ । जस्तै "छेरौटीले लान बिर्साएकी राडीलाई", "तेरा छाडा ! निस्की चाँडो ! नत्र तेरो ....!" आदि । विभिन्न उखानटुक्काको प्रयोग जो चोर उसैको ठुलो सोर, भदौमा आँखा फुटेको गोरुले सधैँ हरियो देखे झैँ र नि, ने, त, न, ए, पो, लु, कि जस्ता निपातहरूको प्रयोगले कथा रोचक र मिठासपूर्ण बनेको छ ।

संवाद र मनोवादको प्रयोग गरिएको यस कथाको भाषाशैली सरल, सहज रूपमा अगाडि बढी समाजको यथार्थ पक्षलाई उतार्न सफल बनको छ ।

### ४.३.२.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा कथाकार कथाभन्दा बाहिर बसि पात्रका माध्यमद्वारा समाजमा घटित घटनाको यथार्थतालाई देखाउने काम तृतीय पुरुष दृष्टिबिन्दुमा भएको छ । त्यसैले यस कथामा तृतीय पुरुष दृष्टिन्दिुको प्रयोग गरिएको छ ।

### ४.३.२.६ उद्देश्य

प्रस्तुत कथामार्फत हाम्रो समाजमा सम्पन्न र धनीवर्गले गरिब, बेसहारा र एक्लो आइमाई माथि गरेको अन्याय, अत्याचार, थिचोमिचो, आरोप, दोष आदिलाई देखाउँदै त्यस विरुद्ध लड्ने हिम्मत, साहस र आँट दिन्छ भन्नु यस कथाको उद्देश्य हो ।

सामन्ती वर्गले जातीय भेदभाव र छुवाछुतको आधारमा गरिबहरू माथि गर्ने अन्याय विरुद्ध लडी आफ्नो बाँच्ने अधिकारलाई बचाउनु पर्ने सन्देश दिइएको छ ।

### ४.३.३ जीवनको गोरेटोमा

### ४.३.३.१ कथानक

'जीवनको गोरेटोमा' कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । हाम्रो समाजका गरिब, बेसहारा र माग्नेहरूको यथार्थतालाई यस कथाको विषयवस्तु बनाइएको छ ।

यस कथाको कथानक ढाँचा रैखिक ढाँचामा अगाडि बढेको छ । आन्तरिक द्वन्द्वलाई प्रधानता बनाइएको यस कथामा आदि, मध्य र अन्त्यको राम्रो संयोजन देखिन्छ । सधैँभैँ विहान दुई बाबु–छोरी हातमा भोली लिएर सहरतिर लाग्नु, घरैपिच्छे बाबु सारङ्गी बजाउने र छोरी नाच्नु र तिनीहरूलाई मानिसले खुट्टाले लत्याउँदै हिँड्नु कथानकको आदि भाग हो । मानिसहरूले उनीहरूलाई लाञ्छित र तिरस्कार गर्दै परबाट एक मुट्ठी चामल फ्याँकिदिनु, ठुलाले मात्र होइन केटाकेटीले पनि उनीहरूलाई अनेक दुःख दिनु, पहिला काम गर्न सक्दा सबैको तानातान र आजको तिरस्कार कथानकको मध्य भागमा आएको छ । स्वार्थी समाजमा एक दिन ती बाबुछोरी रित्तो भोली लिएर आफ्नो स्थलतिर लाग्नु कथानकको अन्त्य भागमा आएको छ ।

## ४.३.३.२ पात्र

प्रस्तुत कथामा बाबु–छोरी, मानिसहरू र केटाकेटीहरू पात्रका रूपमा उपस्थित छन् । कथामा बाबुछोरीको मुख्य भूमिका रहेको छ भने मानिसहरू र केटाकेटीहरू सहायक भूमिकामा देखिन्छन् ।

यस कथामा बाबु प्रमुख पुरुष पात्र हो । ऊ कमजोर, गरिब र माग्नेहरूको प्रतिनिधि पात्र हो । सक्दा पसिना बगाएर खाने र नसकेपछि मागेर खाने अनुकूल र गतिशील पात्र हो । एक पेट खान नसक्ने निम्नवर्गीय पात्र हो भने छोरी पनि प्रमुख स्त्री पात्र हो । ऊ पनि गरिब माग्नेको प्रतिनिधि र बेसहारा माग्न विवश लाचार पात्र हो । सारङ्गीको धुनसँगै नाचेर पेट पाल्न खोज्ने अनुकूल र गतिशील पात्र हो । मानिसहरू र केटाकेटीहरू अरूलाई दुःख दिने सहायक प्रतिकूल पात्रका रूपमा उपस्थित छन् ।

## ४.३.३.३ परिवेश

प्रस्तुत कथामा सहरदेखि केही टाढाको एउटा पुरानो सत्तल र सहरका घर–आँगन, बाटाहरू स्थानगत परिवेशको रूपमा आएको छ । पुरानो सत्तल, भोको पेट, कमजोर र बेसहारा माग्नेको मनस्थिति र जीवन चरित्रको उद्घाटन गर्नु यस कथाको परिवेश बनेको छ ।

यस कथामा दुःखद् वातावरण नै मुख्य परिवेश बनेको छ । मानिसहरूको तिरस्कार, लाञ्छना, कटुता मुख्य देखिन्छ । सहरमा बस्ने मानिसको मानवता विहीन, स्वार्थी प्रवृत्ति पनि परिवेश बनेको छ ।

### ४.३.३.४ भाषाशैली

प्रस्तुत कथामा सहाराविहीन, कमजोर माग्नेलाई पात्र बनाई सोही अनुरूपको भाषाको प्रयोग गरिएको छ । सरल, सोझो र स्पष्ट भाषाको प्रयोग नै यस कथाको विशेषता हो । कि, त जस्ता निपातको प्रयोग र जनजिब्रोको भाषा प्रयोगले कथा स्वाभाविक बनेको छ ।

वर्णनात्मक शैलीमा लेखिएको यस कथामा सरल वाक्यको प्रयोग बढी देखिन्छ । सरल, सुस्पष्ट र स्वाभाविकताले कथा यथार्थपरक बनेको छ ।

### ४.३.३.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसी पात्रको मनोगत स्थितिको उद्घाटन गर्ने काम तृतीय पुरुष शैलीमा गरिएको छ ।

### ४.३.३.६ उद्देश्य

प्रस्तुत कथामार्फत मानिसले मानिसमाथि गरिने फरक व्यवहार त्यसमा पनि बलियो र काम गर्न सक्ने अवस्थामा सबैको हाईहाई, तानातान र नसक्ने कमजोर अवस्थामा गरिने तिरस्कार, लाञ्छना, कटुता र स्वार्थी प्रवृत्तिलाई देखाउनु मुख्य उद्देश्य हो ।

मान्छेमा कमजोर असक्तप्रति गर्नुपर्ने जुन दया, माया र सहयोग हराएको छ मान्छे स्वार्थी भएको स्थितिलाई देखाई कमजोर माग्नेको दुःखद् स्थिति देखाउनु यस कथाको उद्देश्य देखिन्छ । कमजोर र असक्त माथि सहयोग र सद्भाव राख्नु पर्ने सन्देश दिएको छ ।

## ४.३.४ झगडा

### ४.३.४.१ कथानक

प्रस्तुत कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । मानिसहरूमा सानो–सानो कुरामा झगडा गर्ने प्रवृत्ति र त्यस झगडाले समाजमा मिलाप एकताभन्दा अनेकता बढेको देखाउनु यस कथाको विषयवस्तु हो ।

सरल एउटै मात्र कथानक रहेको यस कथाको कथानक ढाँचा रैखिक देखिन्छ । झिनो कथानक भए पनि आदि, मध्य र अन्त्यको सुगठित संयोजन देखिन्छ । दुई परिवारको बिचमा झगडा पर्नु, भीड बढ्नु र झगडा हेर्नेहरूमा रमाइलो भाव देखिनु कथानकको आदि भाग हो । एकले अर्को परिवारलाई चोरीको आरोप लगाउनु, कुटाकुट र लुछालुछ गर्नु, मानिसले झगडा छुट्याउन खोज्नु तर अझ बढ्नु कथानकको मध्य भागमा हो । सधैँ झगडा परिरहनु, त्यो सडकको नाम झगडेटोल रहनु कथानकको अन्त्य भागमा आएको छ ।

### ४.३.४.२ पात्र

प्रस्तुत कथामा दुई परिवारहरू, केही मानिस, दुई युवक र मानिसहरू पात्रका रूपमा आएका छन् । कथामा दुई परिवारहरू मुख्य भूमिकामा देखिन्छन् । दुई युवक र मानिसहरू गौण भूमिकामा देखिन्छन् भने केही मानिसहरूको सहायक भूमिका रहेको छ ।

यस कथामा झगडा गर्ने दुई परिवारहरू प्रमुख र दुवै परिवार प्रतिकूल प्रवृत्तिका देखिन्छन् । दुवै परिवार एक–अर्कामा आरोपित स्थिर स्वभावका छन् । केही मानिसहरू उनीहरूलाई झगडा नगर्न भन्दै झगडा छुट्याउन खोज्ने सहायक अनुकूल पात्र हुन् ।

### ४.३.४.३ परिवेश

प्रस्तुत कथामा मुख्य गरेर टोल, टोलको सडक र त्यस सडकमा हुने गरेका झगडाको रमितामय परिवेश स्थानगत परिवेशमा आएको छ । सडकमा दुई परिवारबिच झगडा, झगडा हेर्ने भीड, मानिसहरू, झगडाको रमाइलो र झगडाले निम्त्याएको आतङ्क नै परिवेश बनेको छ ।

समाजमा हुने झगडालाई विषय बनाई झगडाले निम्त्याउने दुःखद परिस्थिति वातावरण बनेको छ । मुख्य गरेर एक दिनको झगडा समयगत परिवेश बनेको छ ।

### ४.३.४.४ भाषाशैली

प्रस्तुत कथामा नेपाली समाजको साधारण बोलीचालीको भाषा पात्र भाषा बनेको छ । सरल भाषा के, नै, त, ए, ल, कि जस्ता निपातहरूको प्रयोग र सरल, मिश्र र संयुक्त वाक्यको प्रयोग भए पनि सरल वाक्यको आधिक्यताले कथा स्वाभाविक बनेको छ ।

संवादात्मक र वर्णनात्मक शैलीको प्रयोग गरिएको यस कथामा सरल भाषाको माध्यमबाट दुई परिवारको झगडालाई देखाउन सफल भएको देखिन्छ ।

### ४.३.४.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनले कथाभन्दा बाहिर बसि पात्रको आन्तरिक र बाह्य परिस्थितिको उद्घाटन गर्ने काम गरेकाले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.३.४.६ उद्देश्य

प्रस्तुत कथामार्फत हाम्रो देश र समाजबिच हुने झगडा र आफू आफूमा बढ्दै गएको बेमेल, अनेकता, असामाजिकता र अज्ञानताले पछाडि परेको तितो यथार्थलाई देखाउँदै यसमा सुधार र विकास नै आजको मुख्य काम कर्तव्य रहेको देखाउनु कथाको उद्देश्य हो ।

हाम्रो समाजमा झगडा, असामाजिक, अज्ञानता, बेमेल, बे–विचार किन हुन्छ ? भन्ने कुराको वैज्ञानिक अध्ययन गर्नु र सुधार गर्नु हाम्रो जिम्मेवारी हो भन्नु यस कथाको मुख्य उद्देश्य हो ।

## ४.३.५ धारणा

### ४.३.५.१ कथानक

'धारणा' कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । छोटो घटना, एउटै मात्र कथा भएको यस कथाको कथानक झिनो किसिमको रहेको छ । आमाले दीपलाई उठाउनु र पशुपति जानलाई आग्रह गर्नुसम्मको घटना आदि भाग भएर आएको छ । आमाको कुरा सुनेर दीप झस्किनु, आमालाई सम्झाउँदै वास्तविक ईश्वर मनभित्र, आत्माभित्र हुन्छ, ढुङ्गाको मूर्तिभित्र ईश्वर नहुने भाव व्यक्त गर्नु मध्य भागमा आएको छ भने आमा रिसाउँदै, गाली गर्दै पशुपतितिर लाग्नु, दीपले समाजका यस्ता धारणा कहिले हट्छ भन्ने सोच्नुले कथानकको अन्त्य भएको छ ।

कथामा कथानक भिनो रूपमा आएको छ । घटनाहरू खासै उल्लेख्य नरहे तापनि वैचारिक द्वन्द्वले कथालाई यथार्थमूलक बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

### ४.३.५.२ पात्र

प्रस्तुत कथामा आमा र उनको छोरा दीप पात्रको रूपमा उपस्थित रहेका छन् । कम पात्रको प्रयोग भए पनि कथा स्वाभीविक देखिन्छ । दीप कथामा प्रमुख पात्र हो भने आमाको सहायक भूमिका देखिन्छ ।

यस कथामा दीप प्रमुख पुरुष पात्र हो । परम्परागत मूर्ति पूजाको विरोध गर्दै ईश्वर आफ्नाक मनभित्र रहने भाव व्यक्त गर्ने अनुकूल र गतिशील पात्र हो भने परम्परावादी विचार र संस्कारलाई परिवर्तन गर्नु पर्छ भनी चाहना राख्ने युवा प्रतिनिधि पात्र हो । आमा सहायक, स्त्री र परम्परा वा संस्कारलाई बचाउन चाहने स्थिर पात्र हो ।

### ४.३.५.३ परिवेश

प्रस्तुत कथामा घरभित्रको एउटा कोठा स्थानगत परिवेशको रूपमा आएको छ । सुतिरहेको छोरालाई उठाउँदै मन्दिर जान गरिएको आग्रह र त्यसबाट आएको धारणा नै मुख्य परिवेश बनेको छ ।

एक दिनको घटना, त्यसमा पनि बिहानको घटना नै समयगत परिवेशको रूपमा आएको छ भने छोराको विचार र भावनाबाट ग्रसित आमा र आमाको सोचलाई परिवर्तन् गर्न नसक्ने दीपको धारणा वातावरण बनेको छ ।

### ४.३.५.४ भाषाशैली

प्रस्तुत कथामा आमा र छोराबिचको वैचारिक आस्था र सामान्य भाषाको प्रयोग गरिएकोले कथा सरल छ । सामान्य कुराकानीलाई विषय बनाइएको यस कथाको भाषा सरल, सहज, स्वाभाविक देखिन्छ ।

संवादात्मक शैलीको प्रयोग गरिएको यस कथामा छोटा–छोटा र सरल संवादको प्रयोग भएको छ ।

### ४.३.५.५ उद्देश्य

प्रस्तुत कथामार्फत पुरानो पुस्ता र नयाँ पुस्ताबिचको सोच, विचार र वैचारिक आस्थालाई देखाउँदै परम्परागत संस्कार र विचारलाई परिवर्तन गर्नुपर्छ भनी देखाउनु यस कथाको उद्देश्य हो ।

ईश्वर मन्दिरभित्र होइन आफ्नो मन र आत्माभित्र हुन्छ, ढुङ्गाको मूर्तिलाई चामल छरेर ईश्वर मानिँदैन । ईश्वर, आत्माभित्र र शक्तिमा छ, त्यसैको पूजा गर्नु पर्छ भन्ने धारणा व्यक्त गर्नु कथाको मुख्य उद्देश्य हो ।

## ४.३.६ जीवनको अस्तित्व

### ४.३.६.१ कथानक

'जीवनको अस्तित्व' कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । यसको कथानक रैखिक ढाँचामा रहेको छ । आदि, मध्य र अन्त्यको अवस्थामा अगाडि बढेको देखिन्छ । म पात्र बिहानको घामसँगै भावनामा डुबेर बस्नु र त्यत्तिकैमा एउटी शरीरभरि घाउ, खटिरा र परैबाट गह्नाउने महिला आउनु कथानकको आदि भाग हो । दयनीय अवस्थादेखि म पात्रले घर कहाँ हो ? भनी सोध्नु, जहान परिवार हैजाले लगेको र घर सम्पत्ति मुखियाले खाएको बताउनु, खानलाई म पात्रले चिउरा दिनु र त्यहाँबाट जानु कथा विकासको भाग हो । ६ महिनापछि फेरि त्यसरी नै भेट हुनु कथानकको मध्य भाग हो । जिउको घाउ खटिरा निको भएपछि काम गर्न थालेको र खान पाएपछि राम्रो भएको बताउनु कथानकको अन्त्य भागमा आएको छ ।

यस कथाको कथानकमा वर्गीय द्वन्द्वलाई देखायइको छ । सामन्ती, शोषकले सम्पूर्ण सम्पत्ति जपथ गरी एक्लो कमजोर भएकी महिलाले बाँच्नको लागि गरेको सङ्घर्षले आन्तरिक द्वन्द्वको सृजना भएको छ ।

### ४.३.६.२ पात्र

प्रस्तुत कथामा म पात्र, महिला, उसको दुई वर्षे छोरा र मुखिया रहेका छन् । महिला प्रमुख पात्र हुन् । म पात्र सहायक पात्र हुन् भने बालक, मुखिया गौण पात्रका रूपमा उपस्थित छन् ।

प्रस्तुत कथाको महिला प्रमुख स्त्री पात्र हो । दुःखी कमजोर र एक्ली सर्वहारा वर्गको प्रतिनिधि पात्र हो । सामन्तले घर, सम्पत्ति लुटेको पीडित निम्नवर्गीय पात्र हो । असक्त अवस्थामा मागेर खाएपछि स्वस्थ भएपछि सङ्घर्ष गरेर बाँच्ने अनुकूल र गतिशील पात्र हो । म पात्र कथामा सहायक स्त्री पात्र हो । अरूको दुःखमा चिन्तित रहने अनुकूल र गतिशील पात्र हो भने सहयोगी पात्र पनि हो ।

## ४.३.६.३ परिवेश

प्रस्तुत कथामा नेपाली समाजको ग्रामीण परिवेश र त्यहाँको एउटा घरको आँगन स्थानगत परिवेशको रूपमा आएको छ । महिलाले जस्तोसुकै दुःखकष्ट, पीर, वेदना, रोग, भोक सहेर पनि बाँच्नको लागि गरेको सङ्घर्षलाई यथार्थ र मार्मिक ढङ्गले प्रस्तुत गर्नु परिवेशको रूपमा आएको छ । उसका जीवनका तीतामिठा र यथार्थमूलक घटनालाई नै परिवेश बनाइएको छ ।

६ महिना र बिहानीपखको झुल्के घाम समयगत परिवेशको रूपमा आएको छ भने मुखियाको शोषणबाट रोग र भोकले च्यापिएको महिलाको अवस्था दुःखद् वातावरण हो । काम गर्न सक्ने भई सङ्घर्ष गरेर बाँच्नु सुखद् वातावरण हो ।

## ४.३.६.४ भाषाशैली

प्रस्तुत कथामा ग्रामीण परिवेशमा बोलिने साधारण बोलीचालीको भाषाको प्रयोग पाइन्छ । कथामा र, त, नि, नै, झैँ जस्ता निपातको प्रयोग गरिएको छ र अधिकांश सरल वाक्यको प्रयोगले कथा सहज बनेको छ ।

यस कथामा संवादात्मक शैलीको प्रयोग गरिएको छ । संवाद लामो र छोटा दुवैखाले देखिन्छ र कथामा सामान्य भाषाको प्रयोगले कथा स्वाभाविक र यथार्थपरक बनेको छ ।

## ४.३.६.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको समाख्याताका रूपमा म पात्रको उपस्थिति रहेको छ । समाख्याता आफू कथाभित्र उपस्ति भए पनि उसले महिलाको कथा सुन्ने श्रोताका रूपमा मात्र प्रस्तुत गरेको छ । यस आधारमा कथामा आन्तरिक (प्रथम) परिधीय दृष्टिकोणको प्रयोग भएको देखिन्छ ।

## ४.३.६.६ उद्देश्य

प्रस्तुत कथामार्फत शोषक, सामन्तीहरूको जालमा मुछिएकी सर्वहारा नारीले जीवनमा बिभ्mेका कयौँ हृदयस्पर्शी र मार्मिक घटनाबिच बाँच्नको लागि गरिएको सङ्घर्षलाई देखाउनु यसको उद्देश्य हो ।

## ४.३.७ रेशमी चोलो

## ४.३.७.१ कथानक

'रेशमी चोला' कथाको कथानक नेपाली समाजको यथार्थ पक्ष हो । कथानक एउटै मात्र रहेकाले सरल कथा हो । कार्य कारण शृङ्खलामा आबद्ध भई आदि, मध्य र अन्त्य तिनै अङ्कमा पूर्णता पाइन्छ । दशैँको चहलपहलसँगै मुसे दमाइ लुगा सिउन व्यस्त देखिनु, साथीहरूको नयाँ लुगा हेर्दै एक कुनामा टोलाएर लाहुरी बस्नु कथानकको आदि भाग हो । आमासँग आफूलाई पनि रेशमी चोली किनिदिन आग्रह गर्नु, आमाले औकात नभएको बताएपछि अर्काको काम गरी चोली सिलाउनु, दशैँको टिकाको दिन घरधन्दा सकी साथीहरूसँग पिङ खेल्न जान रेशमी चोलो लगाउन खोज्नु तर चोली मुसाले काटेर भ्mयान्द्रा बनाउनु कथानकको मध्य भाग हो । मुसाको रिस बहिनीलाई देखाउनु र टोलाएर त्यही रेशमी चोलो हेरि बस्नु कथानकको अन्त्य भागमा आएको छ ।

## ४.३.७.२ पात्र

प्रस्तुत कथामा लाहुरि, उसकी आमा बुवा, बहिनी डल्ली, मुसे दमाइ, उसकी स्वास्नी, पातली, साइँली, माइली, ठिटाहरू र केटाकेटी पात्रका रूपमा आएका छन् । कथामा लाहुरी प्रमुख पात्र हो । उसकी आमा पातली र मुसे दमाइ सहायक पात्र हुन् भने लाहुरीको बुवा, बहिनी डल्ली, दमाइकी स्वास्नी, साइँली, माइली, ठिटाहरू र केटाकेटीहरू गौण पात्र हुन् ।

यस कथामा लाहुरी प्रमुख स्त्रीपात्र हो । अरूको काम गरेर रहर पूरा गर्ने निम्नवर्गीय र अनुकूल पात्र हो । इच्छा पूरा गर्न लागि पर्ने गतिशील नारीपात्र हो । उसकी आमा र मुसे दमाइ र पातली सहायक र लाहुरीलाई साथ दिने अनुकूल पात्र हुन् ।

### ४.३.७.३ परिवेश

प्रस्तुत कथामा ग्रामीण नेपाली समाज स्थानगत परिवेशका रूपमा आएको छ । यहाँको सम्पूर्ण कार्यव्यापार मुसे दमाइको घर, लाहुरीको घर र सामाजिक वातावरणमा सम्पन्न भएको छ । त्यस्तै लाहुरी सहरमा चार दिनसम्म अरूको घर लिप्ने काम गरेको पनि प्रसङ्गमा आएको छ । यहाँ स्थानगत परिवेश ग्रामीण नेपाली समाज आए पनि लाहुरीमा दशैँसँगै आएको रेशमी चोलीको रहर र मुसाले काटिदिए पछि उसमा छाएको खिन्नता नै परिवेशका रूपमा आएको छ ।

यस कथामा दशैँको चहलपहल, पिङको मच्चा र उत्साह र उल्लासपूर्ण वातावरणसँगै लाहुरीको नैराश्यता र दुःखी मनको चित्रण भएको छ ।

### ४.३.७.४ भाषाशैली

प्रस्तुत कथा ग्रामीण नेपाली समाजका वर्ग विशेषका पात्रहरूको प्रतिनिधित्व गर्ने कथा भएकाले पात्रानुकूल सरल, सहज र बोलचालको कथ्य भाषाको प्रयोग गरिएको छ । त्यस्तै “के निहुँ पाऊँ र कनिका बुकाऊ”, ‘कोहीलाई केको धन्दा, घर ज्वाइँलाई खान कै धन्दा” जस्ता उखानटुक्काको प्रयोग र त, नि, नै, रे जस्ता निपातको प्रयोगले कथा मिठासपूर्ण बनेको छ ।

### ४.३.७.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथा भन्दा बाहिर बसि पात्रहरूको मनोगत विश्लेषण गर्ने काम भएकोले यहाँ तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.३.७.६ उद्देश्य

प्रस्तुत कथामार्फत नेपाली समाजका गरिबहरूले वर्षदिन भरि काम गरेर पसिना बगाए पनि दशैँ मनाउन नसक्ने अवस्थाको चित्रण गर्नुका साथै युवायुवतीमा दशैँले पारेको प्रभाव र मिठो खाने, राम्रो लगाउने रहरले अरूको काम गरे बल्लतल्ल सिलाएको चोली मुसाले काटिदिनाले गरिबमाथि अझ थपिएको गरिबीको चित्रण गर्नु कथाको उद्देश्य हो ।

## ४.३.८ इज्जत

### ४.३.८.१ कथानक

'इज्जत' कथाको कथानकको स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । एउटै मात्र कथानक आएकोले यसको कथानक सरल छ । कार्यकारण शृङ्खलामा आबद्ध भई आदि, मध्य र अन्त्य तिनै अङ्कमा पूर्णता पाइन्छ । कथामा कौसीदेखि सारी लतार्दै सुब्बिनी कालधारामा आउनु, पधेर्नीहरू मुखामुख गर्नु, कथानकको आदि भाग हो । भ्यान्टीले लुगा लिएर आउनु, सुब्बिनीले गाली गर्दै अर्को लुगा ध्याउन लाउनु, एक्लै इज्जतको लागि नोकरचारक राखी उल्टो बेजत भन्दै कराउनु, भ्यान्टीमार्फत भान्सेनीलाई कवाफ मिठो तरकारी अचार बनाउन अराउनु, सुब्बिनी फेरुवा लुगा भ्यान्टीको मुखमा पुग्नेगरी फ्याँक्नु मध्य भागमा आएको छ । भ्यान्टीलाई छिटो आ भन्दै ढल्किँदै घरतिर जानु र पधेर्नीहरू एकोहोरो सुब्बिनी गएतिर हेरिरहनु कथानकको अन्त्य भागमा आएको छ ।

प्रस्तुत कथाको कथानकमा वर्गीयता पाइन्छ । उच्च वर्गले निम्न वर्गप्रति गर्ने व्यवहार र उच्चपनको उद्घाटन यस कथामा गरिएको छ ।

### ४.३.८.२ पात्र

प्रस्तुत कथामा सुब्बिनी, भ्यान्टी, मैसाब, भान्सेनी, पधेर्नीहरू पात्रका रूपमा उपस्थित छन् । कथामा सुब्बिनी मुख्य पात्र हुन् । भ्यान्टी सहायक पात्र हो भने मैसाब, भान्सेनी, पधेर्नीहरू गौण पात्रहरू हुन् ।

यस कथामा सुब्बिनी प्रमुख स्त्री पात्र हो । नोकर राखी उनीहरूलाई दबाउने उच्च वर्गीय र शोषित वर्गको प्रतिनिधि पात्र हो । धनसम्पत्तिको बलमा आफूलाई शक्तिशाली ठान्ने प्रतिकूल र स्थिर पात्र हो । कथामा भ्यान्टी सहायक स्त्री पात्र हो । ऊ सुब्बिनीको नोकर्नी, निम्नवर्गीय पीडित पात्र हो । सुब्बिनीले भनेको काम गर्ने अनुकूल पात्र हो ।

### ४.३.८.३ परिवेश

प्रस्तुत कथामा नेपाली समाजको कुनै चोकको कलधारा स्थानगत परिवेशको रूपमा आएको छ । यहाँको सम्पूर्ण कार्यव्यापर धनाढ्य घरको कोसी र कलधारामा सम्पन्न भएको छ । कथामा समाजका शोषक, सामन्तीहरूले गरिब, नोकरचाकरप्रति गर्ने व्यवहार र हेप्ने प्रवृत्ति परिवेशको रूपमा आएको छ ।

कथामा एकदिनको छोटो घटना समयगत परिवेशको रूपमा आएको छ भने नोकर–चाकर र गरिब व्यक्तिलाई सम्पन्न व्यक्तिहरूले दुःख दिने प्रवृत्तिले कथाको वातावरण तयार भएको देखिन्छ ।

### ४.३.८.४ भाषाशैली

प्रस्तुत कथामा नेपाली समाजका वर्ग विशेषका पात्रहरूको प्रतिनिधित्व गर्ने समाजवादी यथार्थवादी कथा भएकोले पात्रानुकूल सहज, सरल र बोलचालको कथ्य भाषालाई प्रयोग गरिएको छ । ए, है, नि, त, रे, ल जस्ता निपातको प्रयोगले कथा मिठासपूर्ण बनेको छ ।

### ४.३.८.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसी पात्रको मनोगत अवस्थाको चित्रण गरेकाले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.३.८.६ उद्देश्य

प्रस्तुत कथामार्फत समाजका शोषित वर्गले घरमा काम गर्ने नोकर–चाकर वर्गप्रति गर्ने व्यवहार र प्रवृत्तिलाई यथार्थपूर्ण ढङ्गले देखाउनु यस कथाको उद्देश्य हो । सम्पन्न वर्गका बोली, व्यवहार, रुखोपन र गरिब काम गर्ने व्यक्तिप्रति गरिने तुच्छ वचनलाई देखाउनु साथै उनीहरूको आडम्बरीपनको उद्घाटन गर्नु यस कथाको सार हो ।

## ४.२.९ 'बिर्सेको सम्झना' कथाको विश्लेषण

### ४.२.९.१ कथानक

बिर्सेको सम्झना कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । झिनो कथानक, एउटै मात्र कथा भएको यस कथामा आदि, मध्य र अन्त्यको संयोजन भने पाउन सकिन्छ । असारमा खेत रोपाइ गर्ने बेलामा एक्कै खेत झोकिएर मानवीर बसिरहनुबाट कथा सुरु भएको छ । यो कथानकको आदि भाग हो । पोहोरको रोपाइमा मानवीर आली लगाउने मनमाया रोप्ने काम गर्नु, नाबालक छोरा मानवीरलाई छाडेर यो संसारबाट मनमाया बिदा हुनु, कथानकको मध्य भागमा आएको छ भने साँझ झमक्क परेपछि खेतबाट घर आउनु, घर आइपुग्दा ती सबै केवल बिर्सेको सम्झनाबाट कथा टुङ्गिएको छ र कथानक अन्त्य भएको छ ।

एउटा मात्र कथा, झिनो कथानक पाइने यस कथा किरणको प्रथम चरणको कथा भएकाले उत्कृष्टता पाउनसकिन्न ।

## ४.२.९.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा मानवीर, मनमाया, पूर्णे, अन्तरे, डाँडाघरे जेठ, तिनतले साइँली, माइली, अन्तरी, जन्तरी, लखन्तरी, जेठी मुखिनी पात्रका रूपमा उपस्थित छन् ।

यस कथामा मानवीर प्रमुख पुरुष पात्र हो । आफ्नो जीवन सङ्गिनीले उमेरमा नै छाडेर गएको दु:खी, निम्न वर्गीय पात्र हो । मनमायाले छाडेर गएको नासोको ख्याल गर्दै जीविका चलाउने अनुकूल र गतिशील पात्र हो । अन्य सबै पात्रहरू गौण भूमिकामा छन् ।

## ४.२.९.३ परिवेश

प्रस्तुत कथामा नेपाली समाजको ग्रामीण परिवेश स्थानगत परिवेशको रूपमा आएको छ । हरिया डाँडाकाँडाहरू, झरनाहरू, सुन्दर प्रकृति, खेतका गहराहरूमा धानका बीउहरू लहलहाउँदा जस्ता वातावरणको चित्रण पाइन्छ ।

रोपाइँको उत्साह र उमङ्गसँगै मानवीरको दु:खद जीवनको चित्रण नै परिवेशको रूपमा आएको छ । असार महिनाको एक दिन समयगत परिवेशको रूपमा आएको छ ।

## ४.२.९.४ भाषाशैली

प्रस्तुत कथामा ग्रामीण परिवेशको जनजिब्रोको भाषाको प्रयोग गरिएको छ । आपुस, सकियो रानी, सकियो, बेठीला जस्ता स्थानीय भाषाको प्रयोगले कथामा रोचकता थपेको छ ।

वर्णनात्मक शैलीमा अगाडि बढेको यस कथाको भाषाशैली सरल, सहज र स्पष्ट खालको देखिन्छ ।

### ४.२.९.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन्  उनले कथाभन्दा बाहिर बसी पात्रको मनोगत वर्णन गर्ने काम गरेकोले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.२.९.६ उद्देश्य

प्रस्तुत कथामार्फत कथाकारले हाम्रा आफन्तहरूले छोडेर गएका सम्पूर्ण यादहरू पलपलमा आए पनि ती सबै सम्झनाहरू बिर्सेको मात्र हो भनी देखाउन खोज्नु मुख्य उद्देश्य हो । साथै ग्रामीण नेपाली किसानहरूको यथार्थ वस्तुचित्र देखाउनु उद्देश्य देखिन्छ ।

## ४.२.१० 'आमा' कथाको विश्लेषण

### ४.२.१०.१ कथानक

'आमा' कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । कार्यकारण शृङ्खला मिलेकाले आदि, मध्य र अन्त्यमा पूर्णता पाइन्छ । सधैँ झैँ सानु दिनभरि खेलेर घर आउनु, खाजा र माया पाउने आस गर्नु तर आमा बिरामी भएकोले नपाउनु कथानकको आदि भाग हो । बिरामी भएर सुतिरहेकी आमालाई घच्घच्याउँदै भोक लाग्यो भन्नु, बाबुले आमा ऐया भएको भन्दै सानुलाई खानेकुरा दिनु र सानु कुनै चिन्ता पीर नमानि सुपुसुप खानु कथाको सङ्घर्ष विकास भएको छ । सानुकी आमाले संसार छोड्नु, अन्तिम संस्कारको लागि घरमा मान्छे आउँदा सानु रमाइलो मानेर बस्नु, साँझमा सबै मलामी आए तर आमा नआएको देख्दा बाबुलाई आमा खोइ भनी सोध्नु, छोरीको बालसुलभतालाई सान्त्वना दिँदै आमा स्वर्ग गएकी छ भोलि पर्सि आउँछ भन्नु कथानकको मध्य भागमा आएको छ । सानु हिजो आज खेल्ने भन्दा बढी आकाशतिर हेर्दै साथीहरूलाई देखाउँदै हाम्ली आमा स्वला गएकी छिन् भनेर बस्नु कथानकको अन्त्य भाग हो ।

### ४.२.१०.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा आमा, सानु, कृष्णवीर, मलामीहरू,माइज्यूहरू र सानुका साथीहरू पात्रको रूपमा उपस्थित छन् । कथामा सानु प्रमुख पात्र हो । आमा र बाबु कृष्णवीर सहायक र अन्य मलामीहरू, माइज्यूहरू र सानुका साथीहरूको गौण भूमिका रहेको देखिन्छ ।

सानु यस कथाकी केन्द्रीय बालिका पात्र हो । बालसुलभ र निश्छल स्वभाव भएकी अनुकूल र बालप्रवृत्तिको प्रतिनिधि पात्र हो । आमालाई नदेख्दा निराश भएकी र आमा आउने बाटो हेरिएर बस्ने गतिशील पात्र हो । आसन्नताका आधारमा मञ्चीय, आबद्धताका आधारमा बद्ध पात्र हो ।

### ४.२.१०.३ परिवेश

प्रस्तुत कथामा नेपाली समाजको परिवेशको रूपमो आएको छ । हाम्रो समाजको एउटा घर, आँगन, झ्याल र वरपरको खेल्ने वातावरण परिवेशको रूपमा देखिन्छ । सुरुमा आमा मरेको थाहा नहुनु र मलामी फर्केपछि आमालाई नदेखी आत्तिएकी सानुको बाल मनोदशा परिवेश बनेको छ ।

यस कथामा सुख, दुःख दुवै मिश्रित वातावरणको चित्रण पाइन्छ । सुरुमा खेलेर आउँदा आमाले मायाकासाथ खाजा दिनु, सुखद् वातावरण हो भने आमाको मृत्युपश्चात् आमालाई नदेख्दा निराश बनेकी सानु आकाशतिर हेरेर बस्नु दुःखद् वातावरण हो ।

### ४.२.१०.४ भाषाशैली

प्रस्तुत कथामा सरल भाषाको प्रयोग गरेको पाइन्छ । पात्रहरूको स्तर अनुसारकै शब्द तथा वाक्य गठन गरिएको पाइन्छ । 'हाम्ली आमालाई त नि झ्याइजिली गलेल गले । अनि हाम्ला बा पनि लोए' (पृ. ४७) जस्ता बाल सुलभ र सरल भाषाको प्रयोग त, नि, नै जस्ता निपातको प्रयोग गरिएको छ भने गडेउलालाई कमिलाले हेरेझैं (पृ. ४७) जस्ता उखान टुक्काको प्रयोगले कथामा रोचकता थपेको छ ।

भाषाशैलीको क्रममा असहजता भन्दा सहजता बढी देखिन्छ भने संवादात्मक र वर्णनात्मक दुवै शैलीको प्रयोग गरेको पाइन्छ ।

### ४.२.१०.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा पात्रको माध्यमबाट लेखकीय विचार व्यक्त भएको छ । यसरी लेखक बाहिर बसी सानु र अन्य पात्रको मनस्थितिको अवलोकन गर्ने र कथात्मक विचार व्यक्त गरिएकोले तृतीय पुरुष (बाह्य) दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.२.१०.६ उद्देश्य

प्रस्तुत कथामार्फत समाजका बालमनोवृत्ति वा बालमनोवैज्ञानिक पक्षको उद्घाटन गर्नु साथै आमाविहीन टुहुरा बालबालिकाको मानसिक अवस्थाको चित्रण गर्नु मुख्य उद्देश्य देखिन्छ ।

यस कथामा छोराछोरीको लागि आमाको महत्त्व र आवश्यकता कति हुन्छ भनी देखाउन खोज्नु यसको सार हो । भनिन्छ 'अरूको लाख आमाको काख' त्यही भनाइलाई पुष्टि गर्न खोज्नु यस कथाको उद्देश्य हो ।

## ४.२.११ 'सारी' कथाको विश्लेषण

### ४.२.११.१ कथानक

'सारी' कथाको कथानक रैखिक ढाँचामा रहेको छ । एउटै मात्र कथानक आएकोले कथानक सरल छ । कार्यकारण शृङ्खला आएकाले आदि, मध्य र अन्त्यको पूर्णता पाइन्छ । रत्नदेव अफिसबाट आएर कोठाभित्र पस्नासाथै केशरीले भोलि एउटा सारी ल्याइदिनु भन्नु कथानकको आदि भाग हो । रत्नदेवले महिनाको डेढसय तलबले पुऱ्याउन नसक्ने र मानिस सारी लगाएर मात्र राम्रो हुँदैन भन्नु, सारीको बारेमा लामो बहस चल्नु, रत्नदेवले केशरीलाई आफ्नो स्थितिबोध गरी चल्नुपर्छ भन्नु, रत्नदेव खाना खान वस्तु कथाको सङ्घर्ष भाग हो । रिसले भाडा थेचार्दै भातको थाल रत्नदेवको खुट्टामा पुग्नु, माइतीको धाक लगाउनु, दालमा नुन नहुनु र रत्नदेवले केशरीलाई गाली गर्दै भातको थाल र पानी खुट्टाले हानी पोखिदिनु कथानकको मध्य भागमा आएको छ । रत्नदेव खाटमा लम्पसार परेर सुत्नु र केशरी नुनको धूलो लिएर बस्नुबाट कथानक अन्त्य भएको छ ।

प्रस्तुत कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । समाजका यथार्थ घटनालाई लेखकले कथानकमा गाँसिएको छ ।

### ४.२.११.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा रत्नदेव, केशरी, सानी छोरी र उसको लोग्ने पात्रका रूपमा आएका छन् । कथामा रत्नदेव र केशरी प्रमुख पात्र हुन् भने सानी छोरी र उसको लोग्ने प्रसङ्गवश आएका गौण पात्र हुन् ।

यस कथामा रत्नदेव प्रमुख पुरुष पात्र हो । सामान्य जागिरे पैसा मर्ने र आफ्नो स्थितिअनुसार चल्नुपर्छ भन्ने अनुकूल र गतिशील पात्र हो । मेहेनत गरेर आफ्नो जीविका धान्ने जिम्मा मध्यमवर्गीय प्रतिनिधि पात्र हो । केशरी कथामा प्रमुख स्त्री पात्र हो । शिक्षित भईकन पनि नबुझ्ने मूर्ख, बुद्धिहीन नारीको प्रतिनिधि पात्र र माइतीको धनमा घमण्ड गर्ने पात्र, प्रतिकूल र स्थिर स्वभावको पात्र देखिन्छे ।

### ४.२.११.३ परिवेश

प्रस्तुत कथामा ग्रामीण नेपाली समाज स्थानगत परिवेशको रूपमा आएको छ । कथामा स्पष्ट रूपमा परिवेश नतोकिए पनि ग्रामीण समाजको कुनै घरको भान्साकोठा जहाँ चुलो, धुवाँ र सुत्ने कोठाको खाट परिवेशको रूपमा आएको छ । शिक्षित नारीले आफ्नो क्षमता र स्थितिलाई नबुझी घमण्डीपनले परिवारमा मच्चिएको कलह परिवेशको रूपमा आएको छ ।

एक दिनको घटना विशेष गरेर साँझपखको केही समयको घटना समयगत परिवेशको रूपमा आएको छ । सुखी दुई श्रीमान् श्रीमतीको जीवनमा अरूको देखासिकी र घमण्डीपनले ल्याएको दुःखद् वातावरणको चित्रण गरिएको छ ।

### ४.२.११.४ भाषाशैली

प्रस्तुत कथामा ग्रामीण नेपाली समाजका वर्ग विशेषका पात्रहरूको प्रतिनिधित्व गर्ने यथार्थवादी कथा भएकाले सोही अनुरूपको सरल भाषाको प्रयोग गरिएको छ । कथ्य भाषा र वाक्य गठनले कथालाई यथार्थता प्रदान गरेको छ । कथामा सरल, मिश्र र संयुक्त वाक्य पाइए पनि सरल वाक्यको बाहुल्यता देखिन्छ । यस्तै कि, त, र, नै, नि, पो, भो, लु जस्ता निपातको प्रयोग भएको पाइन्छ ।

कथा संवादात्मक शैलीमा अगाडि बढेको छ । केशरी र रत्नदेव बिचको संवादपूर्ण शैलीको प्रस्तुत कथा सरल, सहज र स्वाभाविक यथार्थपरक बनेको छ ।

## ४.२.११.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा पात्रको माध्यमबाट कथाकारको विचार व्यक्त भएको छ । कथाभन्दा बाहिर बसी रत्नदेव र केशरीको माध्यमबाट कथानकलाई अगाडि बढाइएको हुँदा यसमा तृतीय पुरुष (बाह्य) दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२.११.६ उद्देश्य

प्रस्तुत कथा मार्फत शिक्षित नारीले आफ्नो क्षमता र स्थितिलाई बोध नगरी अरूको देखासिकी र घमण्डीपनले सुखी परिवारमा निम्त्याएको कलह र दुःखद स्थितिलाई देखाउनु उद्देश्य हो । मानिसले आफ्नो क्षमताअनुसार चल्नुपर्दछ भन्ने कुरा देखाउनु यस कथाको सार हो भने तत्कालीन समयमा नारीहरूको अधिकार, स्वतन्त्रता र समानताको बारेमा उल्लेख गर्नु पनि कथाको उद्देश्य देखिन्छ ।

समाजमा देखासिकी, आडम्बरी र मूर्खताले निम्त्याउने दुःखद बाटोलाई देखाउनुको साथै मानिसले रिसले होइन बुद्धिले काम गर्नुपर्छ र धाक र देखासिकी होइन आफ्नो यथार्थमा बाँच्नु पर्छ भन्ने सन्देश कथाले दिएको छ ।

## ४.२.१२ 'चम्पा' कथाको विश्लेषण

## ४.२.१२.१ कथानक

'चम्पा' कथाको कथानक रैखिक ढाँचाको देखिन्छ । कार्यकारण शृङ्खलामा आएकाले आदि, मध्य र अन्त्यको सुगठित संयोजन पाइन्छ । बिहे गरेको वर्ष नै अचानक विधुवा चम्पालाई आमाबुवाले माइतमा नै राख्नु, धन सम्पत्तिको कमी नभएकोले चम्पा नोकरलाई काम लगाउने र पाहुना रिझाउने गर्नु कथानकको आदि भाग हो । नोकरहरूमध्येको मानबहादुर राम्रो र इमान्दार रहनु, प्रत्येक बिहान नोकरहरूलाई काम दिन जाँदा मानबहादुरसँग आँखा जुध्नु, चम्पाले मानबहादुरलाई मनमनै सजाउनु कथाको सङ्घर्ष विकास हो । मानबहादुरलाई अन्यभन्दा बढी खानेकुरा र पैसा दिनु, मानबहादुरले पनि चम्पालाई माया गर्नु तर त्यति गहिरिएर नसोच्नु, सरस्वती मार्फत मानबहादुरको बारेमा

जान्न खोज्नु र मानबहादुर मङ्सिरमा बिहे गर्न जाने कुराले अचम्मित हुनु कथानकको मध्य भाग हो । चम्पाको सम्पूर्ण शरीर काँपेर आउनु र बेहोस अवस्थामा ओछ्यानमा पल्टिनु र आफ्नो अगाडि मूर्ति झैँ मानबहादुरलाई देख्नु कथानकको अन्त्य भाग हो ।

प्रस्तुत कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । तत्कालीन समयमा विधवा नारीको मानसिकतालाई देखाउन खोज्नु यसको यथार्थता हो ।

## ४.२.१२.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा चम्पा, उसका आमाबाबु, सरस्वती, मानबहादुर, अन्य नोकरहरू पात्रको रूपमा देखिन्छन् । कथामा चम्पा मुख्य पात्र हो । मानबहादुर र सरस्वती सहायक पात्र हुन् भने चम्पाका आमाबाबु र अन्य नोकरहरू गौण पात्र हुन् ।

प्रस्तुत कथामा चम्पा प्रमुख स्त्री पात्र हो । कलिलो उमेरमा हुने विधवा नारीको प्रतिनिधि पात्र हो । वर्गीयताको आधारमा नोकरहरू राख्ने सम्पन्न परिवारकी छोरी उच्च वर्गीय पात्र हो । धनी भए पनि काम गर्ने नोकर मानबहादुरलाई मनमनै प्रेम गर्ने अनुकूल र बोल्न आँट गर्ने, समाजको डर नमान्ने गतिशील पात्र हो । मानबहादुर चम्पाको घरको नोकर गरिब, सहायक र पुरुष पात्र हो । ऊ सबैसँग बोल्न रुचाउने, हँसिलो, आफ्नो काममा लगनशील अनुकूल पात्र हो । सरस्वती चम्पाको नोकर्नी, दुःखसुख व्यक्त गर्ने साथी निम्न वर्गीय सहायक स्त्री पात्र हो ।

## ४.२.१२.३ परिवेश

प्रस्तुत कथा ग्रामीण नेपाली समाज स्थानगत परिवेशको रूपमा आएको छ । वि.सं. २०२० सालभन्दा अगाडि लेखिएको यस कथामा तत्कालीन नेपाली समाजमा विधुवाको अधुरो अपुरोपनको साथै धनसम्पत्ति भएर पनि उमेरसँगै बढेका इच्छा, चाहना र कसैप्रतिको आकर्षणको चित्रण परिवेशको रूपमा आएको छ । जस्तै "होइन राम्रा पनि कति नि, मानबहादुर ! तर के गर्नु र ....!" (पृ. ५०)

यस कथामा बिहान, बेलुका र रातको समयगत परिवेशको रूपमा आएको छ भने तत्कालीन समयको धनाढ्य घर, मटान, गोठ जस्ता स्थान आएको छ । चम्पा

मानबहादुरसँग बोल्न देख्न पाउँदा र उसलाई मनमा सजाउँदा सुखद् वातावरण आएको छ भने मानबहादुर बिहे गर्न जाने कुराले चम्पामा दुःखद् वातावरण सिर्जना भएको छ ।

### ४.२.१२.४ भाषाशैली

प्रस्तुत कथामा ग्रामीण नेपाली कथ्य भाषाको प्रयोग पाइन्छ । सरल, सहज भाषा, नि, त, र, झैँ, है जस्ता निपातको प्रयोग पाइन्छ । ग्रामीण समाजका पात्र र पात्रअनुरूपको कथ्य भाषा र सरल वाक्य गठनले कथा स्वाभाविक बनेको छ । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग पाइन्छ ।

### ४.२.१२.५ दृष्टिबिन्दु

प्रस्तुत कथामा कथाकारले पात्रको माध्यमबाट कथानकमा घटित घटना कार्य व्यापारलाई कथाभन्दा बाहिर बसी प्रस्तुत गरेको छ । कथाभित्र भोक्ता रूपमा नआइएका कारण प्रस्तुत कथामा तृतीय पुरुष (बाह्य) दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.२.१२.६ उद्देश्य

प्रस्तुत कथामार्फत नेपाली समाजमा नारीले भोग्नु परेका वीर वेदनालाई देखाउन खोज्नु र बाल विधुवा नारीको यौनमनोविश्लेषणको चित्रण गर्नु कथाको उद्देश्य हो । समाजमा नारी र पुरुषबिचको खाडललाई देखाउँदै विधवा युवतीले आफ्ना इच्छा, रहर, सपनालाई मनभित्रै तुहाउन बाध्य तत्कालीन नारी हृदयको चित्रण गर्नु यस कथाको उद्देश्य देखिन्छ । मानिसको जीवनमा जति धनसम्पत्ति, सुखशान्ति भए पनि माया गर्ने, दुःखसुखमा सँगसँगै साथ दिने मान्छेकोाण खाँचो हुन्छ भन्ने सन्देश दिन खोजको छ ।

## ४.२.१३ 'मंगली' कथाको विश्लेषण

### ४.२.१३.१ कथानक

'मंगली' कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । एउटै मात्र कथानक आएकोले कथानक सरल छ । आदि, मध्य, अन्त्य तिनै अङ्कमा पूर्णता पाइन्छ । गोरेले देवालीलाई सबै  गाउँघरमा निम्ता गर्नु, देवालीको दिन गोरे र उसकी श्रीमती

सबैलाई बोलाउँदै पूजामा जानु, कथानकको आरम्भ भाग हो । देवालीमा जान भनी मंगली घरको काम सकी चिटिक्क परेर बस्नुघ बाटोको घर भएकाले बालउँछन् भनी बस्नु तर कसैले नबोलाउनु, आश्चर्य मान्नु कथाको सङ्घर्ष विकास हो । गरिब अजातमा गएको भनी हेला गरेको भन्दै नजाने विचार गर्नु, एकछिनमा बिर्सिएको होला भनी जानु, त्यहाँ भाउजु अन्य सबैको तिरस्कार र तुच्छ वचन सुन्न र फर्कनु, हिम्मत र जाँगरले दुई तिन वर्षमा मंगली गाउँको धनी मान्छे बन्नु, तिनवर्षपछि फेरि गोरेको घरमा देवाली हुनु, एक हप्ताअगाडि मंगलीलाई लिन जानु र मंगलीले म होइन यो चाहिएको हो भनी सुनचाँदी र पैसाको पोको ल्याएर दिनु कथानकको मध्य भाग हो । जाँदै जान्न भनी मंगली भित्र पस्नु र गोरे त्यो पोको हेरेर जिल्ल पर्नु कथानकको अन्त्य भागमा आएको छ ।

### ४.२.१३.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा मंगली, गोरे, सेती, भुन्टीकी आमा, ठुली, जन्तरी, अन्तरी, मंगलीकी छोरी नेप्टी, मंगलीको श्रीमान् आदि पात्रका रूपमा उपस्थित छन् । कथामा मंगली प्रमुख पात्र हो । गोरे र सेती सहायक पात्र हुन् । भुन्टीकी आमा, ठुली, जन्तरी, अन्तरी, मंगलीकी छोरी नेप्टी गौण पात्र हुन् भने मंगलीको श्रीमान् प्रसङ्गवश आएको पात्र हो ।

प्रस्तुत कथामा मंगली प्रमुख स्त्री पात्र हो । सुरुमा आर्थिक अवस्था कमजोर निम्नवर्गीय पात्र हो भने पछि सम्पन्न उच्च वर्गीय पात्रको रूपमा उपस्थित छ । दिनरात काममा पसिना बगाई घर बनाउने, पैसा लगानी गर्ने पात्र हो । त्यसैले मंगली प्रवृत्तिका आधारमा अनुकूल वा सतपात्र र गतिशील पात्र हो । गोरे र सेती कथाका सहायक पात्र हुन् । आफ्नी बहिनीलाई भन्दा सम्पत्तिलाई महत्त्व दिने, स्वार्थी प्रवृत्तिका प्रतिकूल र स्वभावको दृष्टिले गतिशील पात्र हुन् ।

### ४.२.१३.३ परिवेश

प्रस्तुत कथामा ग्रामीण नेपाली समाज स्थानगत परिवेशको रूपमा आएको छ । यसको सम्पूर्ण कार्यव्यापार मंगलीको घर, खेतबारी, गोरेको घर, रानीवनको देवीथानमा सम्पन्न भएको छ । यहाँ नेपाली समाजमा आफ्नोपनलाई बिर्सिएर धनलाई प्राथमिकता दिने

स्वार्थी संस्कारलाई परिवेशका रूपमा चित्रण गरिएको छ । "लौ ! यसलाई लानु ! म किन चाहिएको छ, तिमीहरूलाई ? म मात्रै भए त पैला पनि थिएँ नि ।" (पृ. ७१)

यस कथामा तिन वर्षको समय समयगत परिवेशको रूपमा आएको छ । मंगली गरिब हुँदा दाजुभाउज्यू लगायत सम्पूर्ण गाउँलेको तिरस्कार र हेला दुःखद वातवारण र कठिन काम र मिहिनेत स्वरूप सम्पन्न मंगलीलाई सबैले सम्मान गर्दाको सुखद वातावरणको सिर्जना भएको छ ।

## ४.२.१३.४ भाषाशैली

प्रस्तुत कथामा ग्रामीण परिवेशमा बोलिने कथ्य भाषाको प्रयोग पाइन्छ । "तबै त नि" जस्ता कथ्य भाषा, है, नै, नि, त, पो, ऐ, कि जस्ता निपातको प्रयोग र जता धेर उतै हेर, बैंसमा एकचोटि स्याल पनि घोर्ले हुन्छ (पृ. ६५–६७) जस्ता उखानटुक्काको प्रयोगले कथा उत्कृष्ट बनेको छ । पात्र अनुरूपको भाषा, सरल, सहज र स्वाभाविक वाक्य गठन भएको पाइन्छ ।

वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग कथामा भए पनि कमै संवाद पाइन्छ । धनसम्पत्ति हुँदा र नहुँदा मानिसले मानिसप्रति गर्ने व्यवहारलाई सहज र सरल भाषाशैलीको माध्यमबाट देखाउन खोजिएको यथार्थपरक कथा हो ।

## ४.२.१३.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसेर पात्रका आन्तरिक र बाह्य क्रियाकलापको विचरण गरिरहेकोले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.२.१३.६ उद्देश्य

प्रस्तुत कथामार्फत गरिब हुँदा गाउँ समाज तथा आफ्ना आफन्तहरूले गर्ने तिरस्कार, घृणा तथा उपेक्षा र धनी हुँदा गर्ने सम्मानलाई देखाउनुको साथै मानिसले मानवताभन्दा धनसम्पत्तिलाई दिने महत्त्व र उसको स्वार्थी प्रवृत्तिको उद्घाटन गर्नु यसको

उद्देश्य हो । धनको पछि लागि आफ्नो रगतको नातालाई भुल्ने स्वार्थी समाजको चित्रण गर्नु यस कथाको सार हो । मानिसले मानिस भएर मानवतालाई चिन्नु पर्दछ भन्ने सन्देश यस कथाले दिएको पाइन्छ ।

## ४.२.१४ 'कोठाको बत्ती' कथाको विश्लेषण

### ४.२.१४.१ कथानक

'कोठाको बत्ती' कथामा एउटै मात्र कथानक आएकोले कथानक सरल छ । यसको कथानक ढाँचा रैखिक रहेको छ । आदि, मध्य र अन्त्यको पूर्णता पाइन्छ । मोहन टुहुरो झैँ सडकको पेटीमा बस्नु, सडकको चहलपहल र झिलिमिलि देख्दा उसको मनमा नैराश्यता छाउनु र कोठाको बत्तीलाई सम्झनु कथानकको आरम्भ भाग हो । ऊ कोठामा जानु, गर्मी बढेको महसुस गर्नु, झ्यालबाट दुर्गन्ध आउनु र यसप्रति चिन्ता प्रकट गर्दै देश र समाजको बारेमा सोच्ने कोही नभएको छलकपट मात्र भएकोमा ऊ एक्लै मनबाट प्रतिवाद गर्नु कथाको विकास सङ्घर्ष हो । आफूले केही गर्न नसक्नुमा निराश हुनु, उसको आँखा भुस्याहा कुकुरकोमा पुग्नु, कुकुरले अन्तरिक्षको यात्रा गरिसकेको तर हाम्रो देशमा मानिसको जीवन अस्तित्वहीन भएको चिन्ता व्यक्त गर्नु कथानकको मध्य भाग हो । ऊ ओछ्यानमा सुत्नलाई पल्टिनु, कोठामा अनेक अभावहरू देख्नु, विस्तारै आँखा चिम्लिँदै जानु तर बत्ती मधुर प्रकाशमा बलिरहनु कथानकको अन्त्य भागमा आएको छ ।

प्रस्तुत कथाको कथानक स्रोत नेपाली समाजको यथार्थ पक्ष हो । गाउँबाट सहर पढ्नका लागि आउने गरिब विद्यार्थीका जीवन र समाजका समस्यालाई यथार्थपरक ढङ्गले कथामा चित्रण गरिएको छ ।

### ४.२.१४.२ पात्र/चरित्रचित्रण

प्रस्तुत कथामा मोहनका साथै मानवेत्तर प्राणी कुकुर र निर्जीव वस्तु बत्ती पनि पात्रका रूपमा आएका छन् ।

यस कथामा मोहन प्रमुख पुरुष पात्र हो । ऊ गरिब अभावै अभावमा बाच्न विवश निम्नवर्गीय युवा विद्यार्थीको प्रतिनिधित्व पात्र हो । ऊ शिक्षित समाज तथा देशको

अवस्थाका बारेमा चिन्ता व्यक्त गर्ने अनुकूल र स्थिर पात्र हो । कोठाको बत्ती सहायक पात्रको रूपमा आएको छ । त्यस्तै कुकुर गौण भूमिकामा रहेको देखिन्छ ।

### ४.२.१४.३ परिवेश

प्रस्तुत कथामा नेपाली समाज स्थानगत परिवेशको रूपमा आएको छ । सहरको सडक, भीडभाड, चोक, गल्लीभित्रको अँध्यारो र चिसो कोठामा यस कथाको सम्पूर्ण कार्यव्यापार सम्पन्न भएको छ । कथामा मोहनको जीवनका अप्ठ्यारा, अभावका साथै समाज र देशका लागि परिवर्तन आवश्यक भए पनि त्यसमा केही गर्न नसक्ने उसको मनको चिन्ता र नैराश्यता नै यस कथाको परिवेश बनेको छ । विशेषगरेर एक दिनको घटना समयगत परिवेशको रूपमा आएको छ ।

### ४.२.१४.४ भाषाशैली

प्रस्तुत कथामा नेपाली समाजभित्रका पात्र र पात्र अनुरूपको सरल र सहज भाषाको प्रयोग गरिएको छ । कथ्य भाषाको बढी प्रयोग पाइने यस कथामा कि, त, नि, नै, थु जस्ता निपातको प्रयोग, बाँदरको पुच्छर लौरो न हतियार (पृ. ७५) जस्ता उखानटुक्काको प्रयोग पनि कथामा पाइन्छ ।

यस कथामा मनोवाद शैलीको प्रस्तुति पाइनुका साथै सरल, संयुक्त र मिश्र तिनै वाक्यको प्रयोग भए पनि सरल वाक्यगठनको बाहुल्यता पाइन्छ । जसले गर्दा कथा सरल, स्वाभाविक र यथार्थपरक बनेको छ ।

### ४.२.१४.५ दृष्टिबिन्दु

प्रस्तुत कथाको कथयिता कथाकार स्वयम् हुन् । उनी कथाभन्दा बाहिर बसि पात्रको आन्तरिक र बाह्य परिवेशको विचरण गरेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ ।

### ४.२.१४.६ उद्देश्य

प्रस्तुत कथामार्फत शिक्षित, गरिब युवाहरूको जीवन भोगाइ र अभावै अभावका बिचमा बाँच्ने बाध्य, विवश, कयौं युवा जीवनको उद्घाटन गर्नु यस कथाको उद्देश्य

देखिन्छ । हाम्रो समाजका मानिसहरूमा अझै चेतनाको कमी भएको जसले गर्दा हाम्रो देश पिछडिएको यथार्थलाई देखाउनु कथाको सार हो ।

हाम्रो देशमा गरिबीका कारण कयौं मानिस कुकुर सरह रछ्यानको सिता टिपेर खान विवश र छलकपट, व्यभिचारीपनले मानिसलाई कुकुर भन्दा पनि अस्तित्वहीन बनाउँछ भन्ने सन्देश यस कथाले दिन खोजेको छ ।

## ४.४ 'दीपमाला' नाटकको विश्लेषण

तत्कालीन नेपाली समाजको यथार्थ वस्तुचित्र वा सामाजिक मान्यतालाई विषयवस्तु बनाई लेखिएको यो नाटक ११ दृश्यमा संरचित छ । यस नाटकमा सकारात्मक सोचाइ राख्ने क्रियाशील युवाहरूका क्रियाकलापलाई विषय बनाइएको छ । जीवनमा शिक्षाको आवश्यकतालाई देखाइएको यस नाटकमा युवा वर्ग देशको शक्ति र ऊर्जा हो, युवावर्ग सक्रिय भएमा देश विकास अवश्य हुन्छ भन्ने भाव पाइन्छ । नेपाली समाजमा क्रमशः परिवर्तन हुँदै गरेका मूल्यमान्यताको प्रस्तुति पाइने यस नाटकमा पुरानो पुस्ता र युवा पुस्ताबिचमा द्वन्द्वको संयोजन गरिएको छ भने त्यस द्वन्द्वमा युवा पुस्ताको विजयलाई देखाइएको छ (लुइटेल, २०६८, पृ. ९) ।

यस नाटकमा तत्कालीन नेपाली समाजमा राजनीतिले ल्याएको उतार–चढाव, पञ्चायती शासनकालले पारेको प्रभावजस्ता पक्षहरुलाई समेट्दै शिक्षित र जागरुक युवा पुस्ताहरुले परम्परागत अन्धविश्वासी प्रथाको अन्त्य गर्दै अधिकार र स्वतन्त्रताको लागि अगाडि बढ्नु यस नाटकको विषयवस्तु हो । ११ दृश्यमा संरचित यस नाटकको वस्तुविधान आकर्षक देखिन्छ । पहिलो दृश्यमा नरमानको कोठाको वर्णन, ठूलो बैठक, चारैतिर तस्विरहरुले सजिएको, स्प्रिङ्वाला खाट, कुर्सी आदिको वर्णन, नरमान धार्मिक ग्रन्थ पढ्नु, शास्त्रको कुरा नरहेको समाज र मान्छेहरु बदलिएको कुरा सोच्नु, नोकरलाई बोलाउनु, नआउँदा रिसाउनु र को मालिक, को नोकर, को ठूलो जात, को सानो जात सब छ्यासमिस भन्दै एक्लै कराउनु, रनेलाई हुर्काउनु, कोठामा माला आनु, अफिसका कागजपत्रदेखि नरमान छक्क पर्नु, महिला सङ्गठनको बारेमा मालासँग जानकारी पाएपछि इज्जतमा दाग लाग्छ भन्दै सङ्गठन छोड्न जोड दिनु, त्यसमा माला प्रतिकार गरी अगाडि बढ्नु, माला, शारदा र नरमानलाई सम्झाउँदै सुख र ऐश आराम भन्ने कुरा हामी एक परिवारले मात्र होइन

सबैलाई सुखी बनाउनु पर्छ भन्दै बाहिर निस्कनु, दोस्रो दृश्यमा मालाको कोठा जहाँ उसका सङ्गठनका अन्य सहयोगी सरिता, मञ्जु र कवितासँगको छलफल हुनु, मालालाई आमाले रोक्नु तर माला निस्कनु, नरमानले शारदालाई मालालाई किन जान दिइस् भन्दै गाली गर्नु, तेस्रो दृश्यमा गाउँ–गाउँमा महिला सङ्गठन र युवक सङ्गठनहरुले जनचेतना जगाउनु, दीप, माला अन्य सबै घर फर्कनु आदि ।

चौथो दृश्यमा माला आइमाईहरुलाई भेला गर्नु र दीपले केटाहरुलाई भेला गर्दै जनचेतना, स्वास्थ्य र शिक्षाबारे बताउनु, गाउँलेहरु दङ्ग पर्नु, पाँचौं दृश्यमा नरमानले मालालाई गाली गर्दै छोटा सानो जातका मानिससँग सङ्गत गरेर इज्जतमा दाग लगाउन लागेको भन्नु, मालाले प्रतिकार गर्नु र शास्त्रका कुरामा प्रतिवाद हुनु, छैटौं दृश्यमा नरमान र शारदाले मालाको बिहे उच्च घरानमा गर्ने निधो गर्नु र मालाले भएको विरोध गर्नु, सातौं दृश्यमा माला र दीपको भेट हुनु, उनीहरुबिच देश, समाज र आपसी प्रेम भावनाका कुरा हुनु, आठौं दृश्यमा माला, शेखर, दीपहरु मिलेर गाउँ–गाउँमा शिक्षालाई पहिलो प्राथमिकता दिने सल्लाह हुनु, नवौं दृश्यमा गाउँमा गएर शिक्षाको महत्व आवश्यकतालाई बुझाउनु र शिक्षा जीवन परिवर्तनको सूचक हो भन्नु, दशौं दृश्यमा नरमानले मालाको बिहे पक्का गर्नु, माला त्यसको विरोध गर्दै निस्किनु, एघारौं दृश्यमा माला र दीपको भेट हुनु, मालाले सम्पूर्ण कुरा बताउनु र दीपले मालाको आस्थालाई दल्न नदिने भन्दै प्रेम विवाह गरी अगाडि बढ्नुबाट नाटकको अन्त्य भएको छ ।

यस नाटकमा तत्कालीन नेपाली समाजको यथार्थ पक्षलाई समेटेको पाइन्छ । त्यसैले यस नाटकको कथावस्तुको स्रोत नेपाली समाजको यथार्थ पक्ष हो ।

प्रस्तुत नाटकमा नरमान, शारदादेवी, माला, दीप, सरिता, कविता, मञ्जु, शेखर अन्य ग्रामीण मानिसहरू पात्रमा रूपमा उपस्थित छन् । यस नाटकमा माला र दीप प्रमुख नायकनायिकाका पात्रका रूपमा उपस्थित छन् । देश र समाजको हित विकास गर्न चाहने अनुकूल र गतिशील पात्र हुन् । नरमान र शारदादेवी भलाद्मी प्रतिकूल, खलनायक वा खलनायिका हुन् । त्यस्तै शेखर, सरिता, कविता, मञ्जु, माला र दीपका सहयोगी र देश विकासमा अग्रसर अनुकूल र गतिशील पात्र हुन् ।

प्रस्तुत नाटकको संवाद सरल र स्वाभाविक किसिमको छ । छोटा लामा दुवै खाले संवादको प्रयोग गरिएको छ । चरित्रको उद्घाटन, कथानकलाई क्रियाशील बनाउने क्रममा र उद्देश्यलाई प्रष्ट तुल्याउने सन्दर्भमा पात्र अनुसारको संवादको प्रयोग गरिएको छ । त्यसैले यसमा संवाद सरल, सहज र स्वाभाविक पाइन्छ ।

यस नाटकका संवादहरुमा यथार्थता पाइन्छ । संवादहरुको प्रयोगका क्रममा विभिन्न उखानटुक्काको प्रयोग, जनजिब्रोको बोलीचाली भाषाको साथै सहज किसिमकोसंवाद पाइन्छ । मालिक र नोकर बिचको संवाद, शिक्षित नवयुवाहरुको संवाद, गाउँलेहरुको संवादमा यथार्थपन पाइन्छ । नरमान : (उही राकिएको स्वरमा) गधा ! जा निस्की, तँ आजदेखि मेरो घरमा बस्न पर्दैन (दीपमाला : ५) ।

प्रस्तुत नाटकमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग पाइन्छ । आन्तरिकभन्दा बाह्य द्वन्द्वको प्रधानता पाइने यस नाटकमा मालाले आफ्नो स्वतन्त्रता र अधिकारको लागि बाबुआमासँग प्रत्यक्ष प्रतिवाद गरेको देखिन्छ । परम्परागत सोच, विचार, संस्कार र मान्यताको अन्त्य गरी तथा समतामूलक र स्वतन्त्रताको लागि माला प्रत्येक क्षण लडेको देखिन्छ । बाबुआमाको सोच र विचारलाई त्याग्दै गरिब, तल्लो जातको र्शिक्षित दीपसँग विवाह गर्नु बाह्य द्वन्द्व हो । त्यसैले यस नाटकमा द्वन्द्वको प्रधानता पाइन्छ ।

साथै यस नाटकमा परम्परित समाज र आधुनिक समाजबिचको द्वन्द्व वा पुरानो पुस्ता र नयाँ युवा पुस्ताबिचको द्वन्द्व नै मुख्य विषय बनेको छ ।

प्रस्तुत नाटक नेपाली समाजको पञ्चायतकालीन परिवेशमा लेखिएको सामाजिक नाटक हो । यसमा नेपाली समाजको ग्रामीण वातावरणहरू आएको छ भने सामन्ती शोषक नरमान र समाजसेवी मालाका बिचको द्वन्द्व नै यस नाटकको वातावरण बनेको छ ।

प्रस्तुत नाटकमा सरल, सहज र स्वाभाविक भाषाको प्रयोग पाइन्छ । नाटकलाई अगाडि बढाउने क्रममण पात्र अनुरुपको भाषाको प्रयोग पाइन्छ । त्यस्तै विभिन्न उखानटुक्काको प्रयोग पनि पाइन्छ । “सबै आगोमा भूस पोलिए झैँ पोलिएर गइसके” (उही : ४), जस्तै परम्परागत समाजमा महिलाप्रति हेर्ने दृष्टिकोण “आइमाइ नाथुले देश विकास गर्ने” (उही : ९) जस्ता वाक्यको प्रयोग पनि पाइन्छ ।

नाटक संवादात्मक शैलीमा अगाडि बढेको पाइन्छ । छोटा–छोटा संवादको प्रयोगका साथै वर्ग विशेष भाषाको प्रयोगले नाटकमा रोचकता थपेको पाइन्छ ।

यस नाटकमा विभिन्न खाले पात्रको प्रयोग भएको हुँदा भाषा पात्र अनुरूपको भेटिन्छ । शोषित वर्गले बोल्ने भाषा शिक्षित वर्गले बोल्ने र ग्रामीण समुदायले बोल्ने स्थानीय भाषाको प्रयोग पाइन्छ ।

प्रस्तुत नाटकमा परम्परित पुरानो पुस्ता र नयाँ युवा पुस्ताका बिचमा द्वन्द्व गराई समाज विकासको लागि जोस, जाँगर, उत्साह र हिम्मतको खाँचो भएको देखाउँदै युवा वर्ग देशको शक्ति र ऊर्जा हो, युवावर्ग सक्रिय भएमा देशको विकास हुन्छ भनी देखाउनु नाटकको उद्देश्य हो । साथै नारीले केही गर्न सक्तैनन् भन्दै कमजोर र शक्तिहीन बनाउने परम्परावादी पुरुष समाजमा मालाको आँट, उत्साह र अठोटलाई देखाउनु पनि यसको उद्देश्य देखिन्छ । त्यस्तै परम्परागत समाजमा ठूलो सानो भनी छुट्याएर हेप्ने प्रवृत्तिको अन्त्य गर्नु पर्छ भन्दै सबै मानिसहरु बराबर र समान छन् । सबैले समान वातावरणमा रम्न पाउनु पर्छ भन्ने भाव व्यक्त भएको छ ।

## ४.५ किरण शाक्य पन्तका फुटकर रचनाहरूको विवरण

किरण शाक्य पन्तको फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा छरिएर रहेका सिर्जनात्मक रचनाहरू पाइन्छन् । दार्जलिङबाट प्रकाशित **भारती** पत्रिकामा वि.सं. २०१४ सालमा प्रकाशित कथाबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेकी हुन् । उनले हालसम्म कथा, कविता, निबन्ध जस्ता विविध विधामा आफ्ना फुटकर रचनाहरू प्रकाशित गरेको पाइन्छ । उनका फुटकर रचनाहरूको कालक्रमिक विवरण निम्नानुसार छन् :

| क.सं. | रचना | विधा | प्रकाशन वर्ष | वर्ष:अङ्क पूर्णाङ्क | पत्रिका | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | बिर्सेको सम्झना | कथा | 2014 | 9M1 | भारती | कथासङ्ग्रह बन्धनमुक्त सङ्कलित |
| 2 | रेशमी चोली | कथा | 2018 | – | भारती | कथासङ्ग्रह बन्धनमुक्त सङ्कलित |
| 3 | रने असनको चोकमा | कथा | – | – | तुवालो | उज्यालो भविष्यको पर्खाइमा सङ्कलित |
| 4 | विडम्बना | कथा | 2066 | 36 | अक्षलोक | |
| 5 | सिमाना | कथा | 2067 | 38 | अक्षलोक | |
| 6 | समानता | कथा | 2068 | 40 | अक्षलोक | |
| 7 | रूपा | कथा | 2069 | 43 | अक्षलोक | |
| 8 | हेरि देऊ फर्केर | कविता | 2065 | 34 | अक्षलोक | |
| 9 | नेपाली महिलाको सामाजिक उत्तरदायित्व | निबन्ध | 2024 | – | अप्राप्य | |

# परिच्छेद पाँच
# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

चैनपुर जिल्लाको सङ्खुवासभामा १९९७ साल असोज विजयादशमीको दिन जन्मिएकी किरण शाक्य (पन्त) पिता नरबहादुर शाक्य र माता ललितमाया शाक्यकी कान्छी सन्तान हुन् । शाक्यले बाल्यकाल सङ्खुवासभामा बिताए पनि किशोरावस्था ताप्लेजुङमा र त्यसपछि काठमाडौँमा रहँदै आएकी छिन् । सानोमा स्कुल जान पाए पनि स्कुले जीवन त्याग गरी पिता, दाजुहरू र आफ्नै स्वअध्ययनबाट प्राप्त ज्ञान र शिक्षाका कारण नेपाली साहित्यलाई सम्वृद्ध तुल्याएकी छन् । सानै उमेरदेखि साहित्यमा आफ्ना विचारहरू राख्दै आएकी किरणले समाजका विभिन्न सामाजिक विभेद, गरिबी, अभावका बारेमा साहित्य मार्फत क्रान्तिकारी भाव व्यक्त गरेको पाइन्छ । तत्कालीन समाज र परिवेशका कारण साहित्य लेखनमा सक्रिय भएझैँ अन्य सामाजिक सङ्घसंस्थामा संलग्नता रहे तापनि निरन्तरता दिन सकिनन् । बहु विधाका क्षेत्रमा सक्रिय किरण शाक्यको विवाह पछाडिका केही समय शून्य रह्यो । उनले कथा, कविता, निबन्ध, नाटकजस्ता विधामा कलम चलाए तापनि उनको लेखनको मूल विधा कथा नै हो । सानै उमेरदेखि कलम चलाउने शाक्यले २०१४ सालमा प्रथमपटक कथा विधाबाट साहित्य यात्रा आरम्भ गरेको पाइन्छ । किरणले आफ्नो रुचि, क्षमता, क्रियाशीलता र भूमिकाको स्पष्ट पहिचान दिने माध्यम साहित्यलाई बनाई निरन्तर लागि रहेको देखिन्छ ।तत्कालीन नेपाली नारीहरू सरह स्वतन्त्रताको कमी, श्रीमान्को असन्तुष्टि र बाह्य सम्पर्कविहीन भएर पनि कलमका माध्यमबाट आफ्ना क्रियाशील विचारहरू दिँदै आइरहेकी छिन् ।

होचो कद, गोरो वर्ण, सुहाउँदो शरीर, हँसिलो मुखाकृति, बोली रहन मन पराउने, सादा पहिरनमा रमाउने किरण शाक्य (पन्त) शालीन, सौम्य र मृदुभाषी व्यक्तित्व हुन् । सरलता, मिलनसारिता, निष्कर्षता र निर्भिकता उनमा रहेका गुण हुन् । उनी वर्गीय पक्षधरताका साथै अन्याय, अत्याचार एवम् शोषण–दमन र दुराचारका विरुद्धमा आवाज उठाउन मन पराउँछिन् । सिद्धान्त र व्यवहारमा सन्तुलित एवम् वैचारिक आस्था र निष्ठामा अविचलित किरणको व्यक्तित्वका विभिन्न पाटाहरू हुन् । उनी पेसाले सादा गृहिणी र

सिर्जनात्मक कर्मले आख्यानकार हुन् । सङ्घसंस्थाको आबद्धतालाई छोडे तापनि कलमको माध्यमबाट आफ्नो इच्छा पूरा गर्ने व्यक्तित्व यिनमा पाइन्छ । त्यसैले यिनको कथाकार व्यक्तित्व नै प्रभावशाली देखिन्छ ।

२०१४ सालबाट सिर्जनाका क्षेत्रमा प्रवेश गरेकी शाक्यको साहित्यिक व्यक्तित्व समाजवादी यथार्थवादी दृष्टिबाट निर्मित रहेको प्रष्ट छ । उनी जनताका हितमा साहित्य सिर्जना गर्ने जनवादी संस्कृतिका साहित्यकार हुन् । उनका **बन्धन मुक्त** (२०२०) र **उज्यालो भविष्यको पर्खाइमा** (२०६४) दुईवटा कथासङ्ग्रह र **दीपमाला** (२०२३) सामाजिक नाटक र अन्य फुटकर रचनाहरूले किरण शाक्य पन्तलाई सामाजिक यथार्थवादी साहित्यकारका रूपमा स्थापित गराएको छ । यसरी साहित्यका विविध विधामा कलम चलाए पनि किरणले आख्यान (कथा) विधामा विशेष सिद्धि हासिल गरेकी छन् । कथाबाट उनले समाजलाई नियाली जीवन भोगाइका जटिल यथार्थहरू प्रस्तुत गरेका छन् ।

किरण शाक्य (पन्त) का कथामा समाजका विभिन्न पक्षहरू अन्धविश्वास, राष्ट्रियता, शैक्षिक स्थिति, विकास कार्य, चेलीबेटी बेचबिखन, माओवादी जनयुद्ध, यस क्रममा राज्यले सिर्जना गरेको आतङ्कपूर्ण व्यवहार, हत्या, गरिबी, शोषण, दमन जस्ता अभिव्यक्ति पाइन्छन् । किरणका अधिकांश कथाहरू रैखिक ढाँचामा संरचित रहेका छन् भने उनका कथामा आन्तरिक र बाह्य द्वन्द्वमध्ये आन्तरिक द्वन्द्वको सशक्त चित्रण पाइन्छ । वर्गीय दृष्टिले शाक्यका कथामा उच्च र निम्न वर्गका पात्रहरूको प्रयोग पाइन्छ, जसमा उच्च वर्गका पात्रद्वारा गरिएको शोषण र दमनको विरुद्ध निम्नवर्गका पात्रहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सङ्घर्ष गरेको देखाइएको छ । सरल, सहज भाषाको प्रयोग गर्ने किरण शाक्यका केही कथा बाहेक अधिकांश कथाहरू अभिधामूलक रहेका छन् । उखानटुक्का, निपात, अनुकरणात्मक शब्द, कथ्य भाषा, आगन्तुक र झर्रा नेपाली शब्दको प्रयोगले कथामा भाषिक स्वाभाविकता ल्याएको पाइन्छ ।

कथाकार व्यक्तित्वपछि किरणको नाटककार व्यक्तित्व देखापरेको छ । दीपमाला नाटकमा सकारात्मक सोचाइ राख्ने क्रियाशील युवाहरूका क्रियाकलापलाई विषय बनाइएको छ । जीवनमा शिक्षाको महत्त्व देखाउँदै युवावर्ग देशको शक्ति र ऊर्जा भएकोले उनीहरू सक्रिय भएमा देश विकास हुने राष्ट्रवादी, समाजवादी दृष्टिकोण उनले प्रस्तुत गरेकी छन् । त्यस्तै फुटकर रूपमा रहेको कविता कृतिमा पनि सामाजिक विषयवस्तु नै पाइन्छ । उनमा

निबन्धकार व्यक्तित्व पाइए तापनि उनको एक मात्र निबन्ध 'सामाजिक उत्तरदायित्व' हाल उपलब्ध छैन ।

किरण शाक्य (पन्त) शोषित, पीडितवर्गका समस्याको चित्रण, वर्गीय विभेदको अन्त्य तथा न्याययुक्त समतामूलक समाज निर्माणमा जोड दिने समाजवादी यथार्थवादी कथाकार र सामाजिक नाटककार हुन् । उनले आफूले देखेका सुनेका र अनुभव गरेका विषयवस्तुलाई साहित्यका विभिन्न विधामार्फत प्रस्फुटन गरेकी छन् । कथा, नाटक, निबन्ध, कविता आदि विधामा कलम चलाई प्रगतिवादी नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएकी छन् । यसरी विभिन्न विधामा साहित्यिक रचनाहरूको मूल्याङ्कनपछि किरण शाक्य (पन्त) नेपाली साहित्यकै उत्कृष्ट नारी साहित्यकार हुन् भन्न सकिन्छ ।

## ५.२ निष्कर्ष

**साहित्यकार किरण शाक्य पन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा गरिएको शोधपत्रको समग्र अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् –

- चैनपुर जिल्लाको सङ्खुवासभामा सम्पन्न परिवारमा १९९७ सालमा जन्मिएकी शाक्यले बाल्यकाल त्यहीँ बिताए पनि किशोरावस्था ताप्लेजुङमा बिताएको र माध्यमिक तह र उच्च शिक्षा अध्ययन नगरी आफ्नै स्वअध्ययनबाट प्राप्त शिक्षा र ज्ञानको माध्यमबाट सिर्जनामा संलग्न हुँदै तत्कालीन समयका उल्लेख्य महिला साहित्यकारका रूपमा स्थापित हुन पुगेकी किरणको जीवनमा कुनै आर्थिक अभावको स्थिति देखिँदैन ।

- २०१४ सालबाट कथा विधामा र २०२३ सालमा नाटक र २०२४ सालमा निबन्धका फाँटमा प्रवेश गरेकी हालसम्म सक्रिय रहँदै आएकी किरणका कथाकार, निबन्धकार, नाटककार, कवि र सामाजिक आदि व्यक्तित्वका पाटा भए पनि कथाकार व्यक्तित्व नै बढी प्रभावकारी रहेको पाइन्छ ।

- किरण शाक्य (पन्त) को विधागत लेखनलाई अवलोकन गर्दा आभ्यासिक लेखन निबन्ध, कविता र नाटक रहे पनि कथामा निरन्तर क्रियाशील रहेको पाइन्छ ।

- किरणका साहित्यिक रचना सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिले उच्च कोटिका रहेका छन् ।

- किरण शाक्य पन्तले समाजवादी–यथार्थवादी धारमा रहेर प्रगतिशील चिन्तन प्रस्तुत गरेकी छन् ।

- किरणका कथाले नेपाली समाजका विभिन्न पक्षहरू अन्धविश्वास, शैक्षिक स्थिति, राष्ट्रियता, सामन्ती प्रवृत्तिको विरोध, कुरीति, विकृति, चेलीबेटी बेचबिखन, शोषक सामन्तीहरूको अन्याय, अत्याचार, माओवादी जनयुद्धकालीन समय, हत्या, हिंसा, नारी स्वतन्त्रता, अधिकार, असमानता र विद्रोहको अभिव्यक्ति पाइन्छ ।

- श्रीमान्को असन्तुष्टि र इच्छा नहुँदा पनि लुकीछिपी साहित्य सिर्जना गर्ने किरणका रचनामा प्रायः शोषण, दमन, अन्याय, अत्याचार, विकृति र असमानता विरोधी आवाज नै मुख्य देखिन्छन् ।

- शाक्यका कथामा पाइने प्रवृत्तिमा महिला शोषणको विरोध र शोषणबाट मुक्तिको उद्घाष हो । यसअन्तर्गत पर्ने कथामा प्रतिरोध, गाउँकी गोमा, प्रतिद्वन्द्व, जीवनको अस्तित्व रहेका छन् । प्रतिरोध कथामा धनसम्पत्ति भए पनि लोग्नेको यातना र बन्धनले शोषित नारीको चित्रण गरिएको छ भने प्रतिद्वन्द्वमा गरिब, एक्ली, तल्लो जातकी महिला भएकी कारण सबैको उपेक्षा, घृणा र लाञ्छना सहनु परेको छ ।

- माओवादी जनयुद्धकालीन समयमा राज्यद्वारा बेपत्ता र हत्या गरिएको कयौँ सहिदहरूको प्रतिनिधित्व **सहिदकी आमा** कथाले गरेको छ ।

- किरण शाक्यका प्रायः कथाहरूले सामाजिक विभदे, गरिबी, असमानताका विरुद्ध लड्न प्रेरणा दिन्छ । यस्ता कथाहरूमा बन्धनमुक्त, रेशमी चोलो, उज्यालो भविष्यको पर्खाइमा, फुटपाथमा बाँचिरहेछ जिन्दगी, रने असनको चोकमा, सन्तोष नै सुख, जीवनको गोरेटोमा, कोठाको बत्ती आदि पर्दछन् ।

- जातीय छुवाछुतको विरोध र त्यसबाट मुक्तिको आशा व्यक्त गर्नु, जातीयताको पर्खालमा निम्न वर्गलाई पाखा लगाउने सामन्ती संस्कारको विरोध गर्नु उनका कथागत प्रवृत्ति हुन् । यस्ता कथाहरूमा प्रतिद्वन्द्व, उज्यालो भविष्यको पर्खाइमा मुख्य छन् ।

- त्यस्तै यिनका कथाहरूमा नारीको कुण्ठित इच्छा, आकाङ्क्षालाई देखाउनुका साथै बालमनोवृत्तिको उद्घाटन गर्नु उनको कथागत प्रवृत्ति देखिन्छ । ती कथाहरूमा चम्पा, आमा कथा पर्दछन् ।

- यसैगरी उनका कथाहरूले सामन्ती वर्गका उच्च रवाफ, समाजका शिक्षित वर्गमा आएको विकृति, असफल प्रेम जस्ता विषयले पनि प्रवेश पाएको देखिन्छ । समाजका हरेक विषयवस्तुलाई लिएर शब्दका माध्यमबाट समाज सुधारको बाटो रोज्ने किरण समाजवादी यथार्थवादी साहित्यकार हुन् भन्न सकिन्छ ।

# परिशिष्ट

## किरण शाक्य (पन्त) सँगको अन्तर्वार्ता

-1_ तपाईंले जीवन भोगाइका क्रममा तिनवटा मुहानको पानी पिउनु भएको छ कस्तो अनुभव गर्नुभएको छ ?

➢ मेरो बाल्यकाल चैनपुरमा राम्रोसँग र सम्झना लायक तरिकाले बित्यो त्यस्तै ताप्लेजुङमा पुगेर जीवनको अर्को यात्रा सुरु भयो । साहित्यिक यात्रा जसले मलाई किरण भनेर चिनाएको छ र काठमाडौँ आएपछि म कुमारी किरण शाक्यबाट श्रीमती किरण शाक्य (पन्त) भएँ । जीवनमा निरन्तर चलिरहने घाम र छायालाई आत्मसात् गर्दै म मेरो साहित्यिक गतिविधिलाई अगाडि बढाइरहेकी छु ।

-2_ तपाईं आफूमा कुन–कुन व्यक्तित्व पाउनु हुन्छ ?

➢ साहित्यिक र कलाकार व्यक्तित्व धागोले बुट्टा भर्ने गर्दथे ।

-3_ नेवार परिवारकी छोरी भएर बेलसँग विवाह गर्नुभयो कि भएन ?

➢ मेरो ९ वर्षको उमेरमा मामाघरमा ३ बहिनीसँगसँगै बेल विवाह भएको हो । गुफा भने १२ वर्षमा राखिएको हो ।

-4_ तपाईंको जन्मअनुसार २७–२८ वर्षको उमेरसम्म पनि तपाईंका बाबुआमाले विवाह किन नगरिदिनु भएको हो ?

➢ मेरो बाबुआमाले विवाहको लागि कुनै छोराछोरीलाई कर गर्नुभएन र मलाई पनि मेरा बाबुआमाले तत्कालीन समयमा प्रेमविवाह गर्नुभएको र छोराछोरीलाई पनि विवाहको विषयमा दबाव नदिई स्वतन्त छोडिदिनुभयो ।

-5_ तपाईंले आफ्नो जातकै प्रशस्त केटा पाउनु हुन्थ्यो, अन्तर्जातीय विवाह नै किन गर्नुभयो ?

➢ विवाहको लागि नेवार केटाहरू पनि माग्न आएका थिए तर उहाँसँगको भेटघाट र बोलाचालको सिलसिलामा नजिक हुँदै जाँदा मनको सङ्गमको रूपमा प्रेम विवाह गरियो, यसमा जातको अर्थ नै रहेन ।

-6_ वैवाहिक जीवनमा बाँधिएपछि के सोच्नुभएको थियो र के पाउनु भयो ?

➢ वैवाहिक जीवनमा बाँधिएपछि श्रीमान्‌बाट माया, प्रेम, स्वतन्त्रताको साथै सरल, भावुक, शान्त स्वभावको भएहुन्थ्यो भन्ने सोच्थे तर खरो, कडा स्वभाव जसले गर्दा बाहिर देख्दा भौतिक आनन्द भए पनि मानसिक आघात पऱ्यो ।

-7_ तत्कालीन पितृसत्तात्मक समाजमा आफ्ना दाजु र श्रीमान्‌मा के–कस्तो अन्तर पाउनुभयो ?

➢ त्यतिखेरको समाजमा मेरो दाजु र श्रीमान्‌मा विपरीत वा उल्टो प्रवृत्ति पाइन्थ्यो । मेरो दाजुहरू आमा, श्रीमती, बहिनीहरूप्रति राम्रो व्यवहार, दार्शनिक, सबैलाई समान व्यवहार गर्नुहुन्थ्यो भने श्रीमान् कडा स्वभाव, हेर्दा नै डरलाग्दो सबैलाई दबावमा राख्ने खालको हुनुहुन्थ्यो भने घरबाहिर जसले जे भन्यो त्यो सहयोग गर्ने खालको हुनुहुन्थ्यो ।

-8_ प्रेम विवाहको रूपमा भीमराजसँग विवाह गरे पनि नारी स्वतन्त्रता पाउनु भयो कि भएन ?

➢ अहँ, नारी स्वन्त्रता पटक्कै थिएन । नौलो केटा मान्छे आएमा को, किन आयो भन्ने, झ्यालबाट बाहिर हेर्न नदिने । कसलाई हेरेको भन्ने, बसमा यात्रा गर्दा कसैले हेऱ्यो भने त्यो को हो तेरो, किन हेऱ्यो भन्ने, कतै जान नदिने, बन्धनमा राख्ने शङ्कालु बानी थियो ।

-9_ तपाईं आफूलाई आस्तिक वा नास्तिक के ठान्नु हुन्छ ? र किन ?

➢ म नास्तिक पनि होइन प्रकृतिमा विश्वास गर्छु, प्रकृतिको शक्तिलाई ईश्वर मान्छु । धातु र ढुङ्गाको मूर्तिलाई चाहिँ कलाको दृष्टिले हेर्छु । केही वरदान देऊ भनेर धूप बाल्दिन, ईश्वरीय वरदान भनेको हामीले आफूले आफैलाई दिनसक्नु पर्छ ।

-10_ शिक्षित र जागरुक महिला भएर पनि किन पेसा, व्यवसाय र संस्थागत संलग्नताबाट टाढा हुनुभयो ?

➢ मेरो बाबु र दाजुहरूको प्रेरणा र प्रोत्साहनबाट मैले जुन शिक्षित हुने मौका पाएँ त्यसैअनुरूप ताप्लेजुङमा महिला सङ्गठनमा आबद्ध हुने अवसर पनि पाएँ तर विवाहपछि घर व्यवहार गर्ने, गृहस्थी जीवनमा व्यस्त हुनुमा सीमित रह्यो । तत्कालीन समयमा एम.ए. नै पास भए पनि जागिर गर्ने स्वतन्त्रता थिएन ।

-11_ तपाईं एउटा नेपाली महिला भएको नाताले आफू छोरीबाट बुहारी र आमा बन्दै अहिले सासु बन्नु भएको छ, कस्तो महसुस गर्नुहुन्छ ? र के भिन्नता पउनुहुन्छ ?

➢ छोरी भएर बाबुको घरमा हुँदा लेखपढ गर्ने स्वतन्त्रता, सुख भए पनि एकदिन विवाह गरेर अर्काको घरमा जानुपर्छ भन्ने विचार थियो । तत्कालीन समयको बुहारीअनुसार घर, व्यवहार, समय र परिस्थितिसँग मिलेर बिताए, अप्ठ्यारा, असहजतालाई पार गर्दै गए । आमा बन्दा सुख महसुस भयो, सन्तानको रूपमा एक छोरा, एक छोरी भए । सासु बन्दा छोराको ठाउँमा छोरी भएको भए विवाह गरेर पठाउनु पर्दथ्यो तर बुहारी ल्याएर खुसी लागेको छ बुहारी होइन साथी पाएकी छु ।

-12_ त्यस्तै तपाईं आमा र हजुरआमा बन्दाको अनभुव कस्तो छ ?

➢ एउटा नारी आमा बन्दा उसले आफू मरेर अरूलाई जन्म दिने हुँदा आफ्नो सम्पूर्ण दुःखाइ, वेदनालाई भुलेर आमा भन्दा एकदमै आनन्दित भएको थिए । अहिले छोरा र छोरीको गरेर तिनवटा नातिनातिनी छन् । आफू हजुरआमा बन्दा खुसी लागेको छ । भनिन्छ सामको भन्दा बढी माया ब्याज भनेझैँ मलाई पनि तिनैको माया बढी लाग्छ ।

-13_ तपाईंद्वारा लेखिएको प्रथम कथा सर्वप्रथम कसरी भारती पत्रिकामा प्रकाशित हुन पुग्यो ?

➢ ताप्लेजुङमा रहँदा पारसमणि प्रधानसँग जगमोहन दाइको सम्पर्क भएको र पत्रद्वारा साहित्यिक विचार आदानप्रदान गर्ने क्रममा पारसमणिकै सम्पादकत्वमा रहेको भारती पत्रिकामा प्रकाशित हुन पुगेको हो ।

-14_ हाल तपाईंका अप्रकाशित कृति, लेख, रचनाहरू छन् वा छैनन् ?

➢ छन्, केही लेख्दै छु र केही पत्र–पत्रिकामा छरिएर रहेका रचनालाई सङ्कलन गरेर सङ्ग्रह निकाल्ने सोचमा छु ।

-15_ तपाईंको साहित्यकार व्यक्तित्व छोराछोरीमा पाउनु हुन्छ कि हुँदैन ?

➢ मेरो साहित्यकार व्यक्तित्व छोरीमा छैन छोरामा पाउँछु । उसले धेरै गीतहरू लेख्ने काम गरेको छ ।

-16_ तपाईंको कथाहरू उच्च तहका भए पनि राष्ट्र वा सम्बन्धित निकायबाट अहिलेसम्म तपाईंको बारेमा खोज अनुसन्धान हुनसकेको छैन, यसबारे के भन्नुहुन्छ ?

➢ यसबारे दुःख प्रकट गर्छु म, मेरोभन्दा पनि साहित्यको मूल्याङ्कन नहुँदा श्रष्टालाई दुःख लाग्छ तर त्यसको मतलब श्रष्टाले सिर्जना नगर्नु होइन, पुरस्कृत हुँ, सम्मान गरोस्, फूलमाला लगाइदियोस् भन्ने चाहना चाहिँ होइन, तर कृति र साहित्यको मूल्याङ्कन हुनु भनेको देशको प्रतिष्ठा हो । श्रष्टा राष्ट्रको सम्पत्ति हो, श्रष्टाको सम्मान भनेको मृत्युपछिको सम्मान हो भने कृतिको सम्मान भनेको देश राष्ट्रको सम्मान हो ।

-17_ तपाईं एउटा महिला भएको नाताले गृहिणी जीवन र साहित्यलाई सँगसँगै कसरी अगाडि बढाउनु भयो ?

➢ सबै कुरा इच्छा हो, इच्छा भएपछि जे गर्न पनि सकिन्छ । म आफ्नो काम, कर्तव्य र जिम्मेवारीबाट केही समय निकालेर लुकी–लुकी साहित्य सिर्जना गर्दथे । यसमा इच्छा शक्ति नै प्रबल हुन्छ ।

-18_ तपाईंको प्रतिभा र सिर्जनाको मूल्याङ्कन नहुनुको कारण के हो जस्तो लाग्छ ?

➢ साहित्य भनेको के हो भन्ने नबुभ्नु र श्रष्टाको प्रतिभालाई चिन्न नसक्नु, यसमा पाठक, समाज, देशको कमजोरी देखिन्छ । तर मूल्याङ्कन नहुँदैमा श्रष्टाको कलम चाहिँ रोकिँदैन ।

-19_ तपाईंको बारेमा शोध कार्य हुँदैछ भन्ने कुरा थाहा पाउँदा कस्तो लाग्यो ?

➢ गर्व लाग्यो, खुसी लाग्यो, म पनि केही छु र केही रहिछु भन्ने भाव वा गौरव भयो । यसबाट केही प्रोत्साहन, प्रेरणा लिई अझ लेखाइलाई अघि बढाउन कोसिस गर्छु ।

-20_ अहिलेसम्म तपाईंका कृति अध्ययन गर्ने व्यक्तिहरूले के–कस्ता सल्लाह तथा सुझाव दिएका छन् ?

➢ खासै थाहा छैन, धेरै पहिला ताप्लेजुङमा हुँदा साहित्य लेखनको यात्राको प्रथम चरणमा कवि हरिभक्त कटुवाल र लीलाबहादुर क्षेत्रीले तपाईंको कथाबाट पूर्वीय भाषा सिकेको कुरा बताएका थिए । अहिले सुझाव होइन यहाँ श्रष्टाले श्रष्टालाई चिन्दैनन् सम्झिन चाहँदैनन् । श्रष्टालाई किताब पढाउँदा त कुनै टिकाटिप्पणी नगरी भुल्दछन् ।

-21_ नेपाली महिला कथाकारमध्ये किरण शाक्य (पन्त) पनि एक सशक्त कथा लेख्ने कथाकार हुन् भनी खोजी गर्ने व्यक्ति को हुन् र उहाँलाई के भन्न चाहनु हुन्छ ?

➢ मलाई लाग्छ लीला लुइटेल हुनुहुन्छ । उहाँलाई धन्यवाद दिन चाहन्छु । शब्दबाट व्यक्त गर्ने शब्द नै छैनन् । प्रतिभाको खोजी गर्नु नै ठूलो कुरा हो, प्रतिभाले प्रतिभा खोजेको ठान्दछु साथै देव भट्टलाई पनि धन्यवाद दिन चाहन्छु ।

-22_ भविष्यमा आफ्ना सन्तान साहित्यमा लागून जस्तो लाग्छ कि लाग्दैन ?

➢ एकदमै लाग्छ साहित्यमा लागून्, साहित्य मार्फत देश, समाजको सेवा गरुन् जस्तो लाग्छ, आफू साहित्यप्रेमी भएको नाताले ।

-23_ आफू साहित्यकार भएको नाताले आफ्ना सन्तानहरूलाई साहित्यमा लाग्न प्रेरणा दिनुहुन्छ कि हुँदैन ?

➢ म साहित्यको पुजारी भएको नाताले प्रेरणा दिन चाहन्छु, तर उनीहरूको इच्छा हुनुपर्छ । प्रेरणा दिन कोसिस गर्ने काम मेरो हो, इच्छा र मन दुवै उनीहरूको हुनुपर्छ ।

-24_ तपाईंको छोरा कहाँ हुनुहुन्छ र के गर्नुहुन्छ ?

➢ मेरो छोरा बेलायतको लण्डनमा छ, ऊ देउराली ट्राभल्स ऐजेन्सीको सञ्चालक छ ।

-25_ तपाईं साहित्यकार, देशप्रेमी भएको नाताले आफ्नो छोरा विदेशमा काम गर्नुभन्दा स्वदेशमा नै केही गरोस् भन्ने चाहनु हुन्छ कि हुँदैन ?

➢ चाहना छ आफ्नै साथमा बसेर केही गरोस् भन्ने नेपाली आमा बेलायती छोरा, बेलायतको नागरिक भएकोमा दुःख लाग्छ । अर्कोतिर खुसी पनि लाग्छ स्वदेशको अवस्था, बेरोजगारी देखर माटोको माया मात्र गरेर नहुने, आएर पनि के गर्ने भन्ने समस्याले गर्दा चिन्ता लाग्छ । आफ्नो देशको माया भएर देशको झन्डा साथमा राखेर बेलायतमा बस्न बाध्य छ, आफ्नो आमा जस्तोसुकै रोगी, गरिब, दुःखी भए पनि आफ्नो आमाको जस्तो माया अरूको हुन्न ।

-26_ तपाईं महिला भएको नाताले बुहारीबाट के आशा गर्नुहुन्छ ?

➢ सासुले जति मैले गरिन् र मेरो जति बुहारीलाई नपरोस् भन्ने आसा राख्छु । मान्छे नेपाली संस्कार र फेसन पश्चिमीमूलकको छ, नेपाली भए हुन्थ्यो भन्ने आशा गर्छु ।

-27_ आजसम्म तपाईंले सबैभन्दा बढी माया के वा कसलाई गर्नुभयो ?

➢ म साहित्यप्रेमी भएकोले सबैभन्दा बढी माया साहित्यलाई नै गर्छु । माया भनेको समयअनुसार व्यक्ति फरक हुन्छ अहिले मलाई सबैभन्दा बढी माया तिनवटा नातिनातिनीको लाग्छ ।

-28_ यदि तपाईंको छोराले अब बेलायतमा नै बस्ने भनेमा तपाईं नेपाल छोड्नुहुन्छ ?

➢ यदि गए भने पनि नेपाल फर्किन्छु, स्वदेश जन्मभूमिलाई बिर्सन सक्दिन (जननी जन्मभूमि स्वर्गादपि गरियसी) । जन्मेको ठाउँ स्वर्गभन्दा प्यारो हुन्छ भन्ने भनाइजस्तो स्वर्गीय आनन्द यही माटोमा पाउँछु ।

-29_ आजसम्म गरेका अध्ययन र सोचबाट तपाईंको विचारमा साहित्य भनेको के हो ?

➢ साहित्य समाजलाई चिनाउने र छर्लङ्ग देखाउने सशक्त हतियार हो । कलमको माध्यमबाट परिवर्तन गर्ने महत्त्वपूर्ण माध्यम हो । समाजको वास्तविकतालाई खोल्न कलात्मक ढङ्गबाट प्रस्तुति गर्ने माध्यम साहित्य हो । साहित्य केवल आकाशमा हेरेर मात्र कल्पना होइन, जीवनको वास्तविकता नै साहित्य हो ।

-३०_ छोरी र बुहारीमा के फरक पाउनुहुन्छ ?

➢ बुहारी पनि कसैको छोरी, उसलाई पनि आफ्नो छोरी कै दृष्टिले हेर्छु । मेरो छोरी पनि कसैको बुहारी भएर जाँदा सासुले केही भन्दा चित्त दुःखेझैँ उसमा पनि देख्छु । फरक यति हो कि छोरी अर्काको घरमा बुहारी आफ्नो हरदम साथमा हुन्छ ।

-३१_ त्यस्तै छोरा र छोरीमा के फरक पाउनुहुन्छ ?

➢ छोरा स्वतन्त्र हुन्छ, छोरी बन्धनमा हुन्छे । छोरा र छोरीमा प्रकृतिले नै केही फरक र दुर्बलता दिएको छ । मानसिक रूपमा समान छन् । सामाजिक बन्धनका कारण मात्र कमजोर हो तर महिला कमजोर होइन ।

-३२_ तपाईंले लेखी प्रकाशित भएका कथासङ्ग्रहहरू **बन्धनमुक्त** र **उज्यालो भविष्यको पर्खाइमा** के–कस्तो फरक पाउनुहुन्छ ?

➢ बन्धनमुक्त सामाजिक परिवेशलाई आधार बनाएको क्रान्तिकारी छ भने उज्यालो भविष्यको पर्खाइमा सामाजिक परिवेशको साथसाथै देशको राजनीतिक परिवेश, समय, वातावरण मिसिएको समसामयिक विषयमा आधारित छ ।

-३३_ तपाईं कुनै राजनीतिक दल, संस्थासँग आबद्ध हुनुहुन्छ ?

➢ संस्था दलमा आबद्ध नभए पनि कार्ल मार्क्सवादी लेनिनवादी विचारबाट प्रेरित छु । विचारबाट प्रेरित भई माओवादीभए पनि यसको सिद्धान्तबाट नेपाली माओवादीहरू टाढा भएको देख्दा सर्वहारा हुन नसकेको देख्दा दुःख लाग्छ । मान्छे राजनीतिबाट अलग छैन तर सही राजनीति हुनुपर्छ भन्ने लाग्छ ।

-३४_ तपाईंले साहित्यको माध्यमबाट अभिव्यक्त गर्न खोजेको कुरा के हो ?

➢ मैले साहित्यमा अभिव्यक्त गर्न खोजेको कुरा बलि प्रथा हटोस्, अर्काको रगत बगाएर पुण्यता प्राप्त गर्न अन्धो धर्मको उन्मूलता गर्नु समाजको चुनौती, अन्धविश्वास, समाजमा व्याप्त सामन्ती शोषणको अन्त्य साम्यवादको उदय जस्ता कुरा नै विशेष हुन् । नाराले मात्र साम्यवाद होइन व्यवहारमा पनि त्यसको आवश्यकतालाई बुझी देशको विकास र उत्थान गर्न सकिन्छ भन्ने रहेको छ ।

-35_ तपाईं आफूलाई साहित्यको कुन धारा वा वादसँग सम्बन्धित राख्नुहुन्छ ?

➢ म समाजको यथार्थ रूपको चित्रण गर्न रुचाउने सामाजिक यथार्थवादी स्वच्छन्दतावादी र प्रकृतिको स्वच्छ रूप, मनोरम दृश्यको बयान गर्ने प्रकृतिप्रेमी छु ।

-36_ तपाईंले लेख्नु भएको कथा र नाटकमा अभिव्यञ्जित भावमा के फरक छ ?

➢ कथा र नाटक साहित्यका अलग–अलग पाटाहरू हुन् । तिनीहरूमा फरक भए पनि मूल रूपमा सामाजिक परिवेश नै प्रस्तुत छ ।

-37_ तपाईंले सिर्जना गरेको कथा, कविता, नाटक, निबन्धमध्ये सबैभन्दा सन्तुष्ट कुनबाट हुनुहुन्छ ?

➢ मैले साहित्य सिर्जनाको क्रममा कथाबाहेक कविता, नाटक, निबन्ध लेखे पनि मुख्य रूपमा कथाबाट नै सन्तुष्ट छु किनकि मेरो विशेष रुचिको विषय वा विधा नै कथा हो ।

-38_ तपाईं उच्च पदमा रहेर प्रशस्त सम्पत्ति आर्जन गर्नसक्नु हुन्थ्यो तर साहित्य क्षेत्र नै किन रोज्नुभयो ?

➢ म सामन्ती विरोधी भएर किनभने कसैलाई शोषण नगरी, नठगी प्रशस्त सम्पत्ति आर्जन हुँदैन, त्यसैले साहित्य लेखेर समाजसेवी बन्ने वा समाज र राष्ट्रको सेवा गर्न चाहन्थे ।

-39_ तपाईं साहित्य क्षेत्रमा आफ्नो भित्री मनदेखि नै लाग्नुभयो कि अरूको प्रेरणाको भरमा ?

➢ भित्री मनदेखि लागेर नै कसैको प्रेरणाले काम गर्‍यो । कुनै काम मन छैन भने त्यो असफल र अधूरो हुन्छ । मुख्य मन भएर नै प्रेरणाले बाहिरी काम गर्‍यो ।

-40_ तपाईं महिला भएको नाताले आफ्ना साहित्य सिर्जनाको माध्यमबाट महिलाहरूको बारेमा के–कति लेख्नुभएको छ ?

➢ आफू महिला भएको नाताले प्रतिरोध कथा सामन्ती लोग्नेको अत्याचार, दमनलाई विरोध गर्ने सक्रिय महिलाको रूपमा रिना छ । त्यस्तै रूपा कथामा रूपाको सङ्घर्ष, उत्साहलाई प्रस्तुत गरिएको छ । त्यस्तै निबन्ध, नाटकमा पनि प्रायः महिलाको स्थान नै उच्च भेटिन्छ । आफ्नो कथा साहित्यको माध्यमबाट समाजमा महिलाको स्थान, बन्धन, दमन, पीडा आदिको बारेमा लेखेकी छु ।

-41_ २१ औं शताब्दीमा पनि हुने गरेका महिला हिंसा र शोषणका बारेमा तपाईं के भन्नुहुन्छ ?

➢ सङ्घर्ष अझै धेरै बाँकी रहेको छ, महिला माथिको शोषण हिंसा हटनको लागि पुरुष समाजले महिलामाथिको दृष्टि परिवर्तन गर्नुपर्ने र समाज परिवर्तन हुनुपर्छ । महिला माथि महिला शोषण कै भर रहेको छ । समाजको गिदी नै फेरिनु पर्छ भन्छु ।

-42_ तपाईंले जीवन भोगाइका क्रममा सबैभन्दा खुसी र दुःखी भएको क्षण कुन छ ? बताइदिनुहोस् ।

➢ मलाई सबैभन्दा खुसी लागेको क्षणमा निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार पाउँदा परिश्रमको फल पाउँदा विजय प्राप्त गरेको अनुभव भएको र बालकृष्ण सम र लेखनाथ पौड्यालले समेत बधाइ दिएको त्यो समय विशेष खुसी भएको थिएँ । सबैभन्दा दुःख लागेको क्षणहरूमा श्रीमान्को मृत्यु हो, अस्वस्थताका कारण हामीलाई छिट्टै छोडेर जानुभयो । यस्तै आमा, बुवा र दाजुहरूको मृत्युमा पनि दुःखी भएको थिएँ ।

-43_ तपाईंको विचारमा जीवन के हो ?

- जीवन एउटा सङ्घर्ष हो, कायरता पलायनवादी नभई निरास विरोधी हुनुपर्छ । सङ्घर्ष जीवनको आधार हो । सङ्घर्षमय जीवनलाई नै जिउँदो जीवन वा जिउँदोपन भनिन्छ ।

# सन्दर्भग्रन्थसूची


उपाध्याय, केशवप्रसाद (२०५९), **साहित्य प्रकाश**, पाँचौँ संस्क., काठमाडौँ : साझा प्रकाशन ।

अधिकारी, प्रेमा (२०६५), **पवनकुमारीदेवीको जीवनी, व्यक्तित्व र कृतित्व**, त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

गौतम, दीपक (२०६४), **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति**, काठमाडौँ प्रमोशन प्रिन्टर्स ।

ज्ञवाली, सूर्यविक्रम (२०२३), **दीपमाला नाटकको सम्मति**, काठमाडौँ ।

ढकाल, महेश (२०६५), *रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्व,* त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ ।

नेपाल, घनश्याम (सन् २०११), **आख्यानका कुरा**, तेस्रो संस्क., सिलिगुडी, भारत : एकता बुक्स प्रा.लि. ।

पौडेल, गोपीन्द्र (२०६५), **कथाको सौन्दर्यशास्त्र**, काठमाडौँ : उर्मिला पौडेल ।

पन्त, किरण शाक्य (२०२०), **बन्धनमुक्त**, काठमाडौँ : मुनाल प्रकाशन प्रा. लि. ।

––––––– (२०६४), **उज्यालो भविष्यको पर्खाइमा**, ललितपुर : साझा प्रकाशन ।

––––––– (२०२३), **दीपमाला नाटक**, काठमाडौँ : रायल नेपाल एकेडेमी ।

प्रधान, भिक्टर (२०४९), **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लुइँटेल, लीला (२०६८), "नेपाली नाटकमा महिला लेखन", **मधुपर्क** (२०६४, ४४/२, पृ. ५–९) ।

––––––– (२०६०), **नेपाली महिला कथाकार**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०५७), **नेपाली कथा**, भाग ४, ललितपुर : साझा प्रकाशन ।